





# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

सोमबार, मंसिर ४, २०७४ | Monday, November 20, 2017 | www.newsofnepal.com | नेसं ११३८ थिंल्लाथ्व २ | वर्ष २३, अंक ३०५ | पृष्ठ १२ | मूल्य रू. १०/–



३ { केकीको कोहलपुर एक्सप्रेस

५ { निर्वाचनपछि सरकार गठन हुन दुई महिना लाग्ने

६ { अब विद्यार्थी त्रासमा पर्नु पर्दैन

९ { २ हजार २ सय ७३ उम्मेदवार


# पेरिसडाँडामा थामिएन आँशु

मधुसूदन रायमाझी, काठमाडौं

प्रकाश दाहालको पार्थिव शरीरलाई अन्तिम श्रद्धाञ्जलीका लागि पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा पुऱ्याएपछि नेता तथा कार्यकर्ता र आफन्तको घुइँचो लागेको थियो।

पेरिसडाँडामा माओवादी केन्द्रको केही समय आकस्मिक बैठक बसेको थियो। अन्तिम श्रद्धाञ्जलीका लागि माओवादी केन्द्रका नेता कृष्णबहादुर महराले श्रद्धाञ्जली कार्यक्रम शुरू गरेसँगै सबैको आँखा रसाउन थाले। सबैको नजर माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' माथि थियो।

शोकको पीडामा विक्षिप्त बन्नुभएका प्रचण्ड शुरूमा निकै सम्हालिएर पार्थिव शरीर अगाडि उभिनुभएको थियो। श्रद्धाञ्जली दिने क्रममा प्रकाशको अनुहार हेर्दासम्म भावविह्वल हुनुभएका प्रचण्डले पार्टीको झण्डा ओढाएपछि आफूलाई सम्हाल्न सक्नुभएन र भक्कानिएर रुनुभएको थियो। निकै सम्हालिने कोशिस गर्दागर्दै पनि प्रचण्ड छोरा प्रकाशको निधनमा निकै शोकाकुल हुनुभएको थियो।

पेरिसडाँडामा अन्तिम श्रद्धाञ्जली दिन पुग्ने सबैको आँखामा आँशु देखिन्थ्यो। श्रद्धाञ्जली दिने क्रममा प्रकाशकी दिदी रेणु दाहालसँगै दिदी सीमा दाहाल सम्हालिन सक्नुभएन। भाइको शवमा टाँसिएर केहीबेर रोएपछि सीमालाई माओवादी नेताहरूले सम्हालेका थिए। श्रद्धाञ्जली दिन उपस्थित भएका माओवादीका सबै नेताहरूको आँखाबाट आँशु देखिएको थियो।

तस्वीर : अनिल आङदेम्बे




प्रचण्ड भक्कानिएर रोएपछि पार्टीका नेताहरूले प्रचण्डलाई सम्हाल्दै कार्यालयको माथिल्लो तलामा लगेका थिए। पेरिसडाँडामा प्रकाशकी आमा सीता दाहालको भने उपस्थिति थिएन। त्यसै गरी उहाँकी श्रीमतीद्वय सिर्जना त्रिपाठी र बिना मगर पनि बेहोस भएका कारण पेरिसडाँडामा गएका थिएनन्।

(क्रमशः पृष्ठ ९ मा)

## 'अकल्पनीय हृदयघात'

भगवती तिमिल्सिना, काठमाडौं

नेकपा माओवादी केन्द्रका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' का पुत्र प्रकाश दाहालको अकस्मात् हृदयघात (सडेन कार्डियाक अरेस्ट) भई आइतबार बिहान निधन भएको छ।

सधैं बिहान सबेरै उठ्ने प्रकाश बिहान साढे ५ बजेसम्म पनि नउठेपछि चिया लिएर जाने क्रममा सुरक्षाका लागि खटिएका २ जना सहयोगीले दाहाल सुतेको कोठामा गई हेर्दा अचेत अवस्थामा ओछ्यानमै भेटेपछि पारिवारिक सल्लाहअनुसार नर्भिक अस्पताल पुऱ्याएका थिए ।

अचेत अवस्थामा आइतबार बिहान ५:५० बजे दुई सहयोगी र भान्जीका साथमा नर्भिक अस्पतालको आकस्मिक कक्षमा पुऱ्याइएको अस्पताल स्रोतले जनाएको छ। अस्पताल पुग्नासाथ आकस्मिक कक्षका चिकित्सकहरू डा. रवीन्द्रप्रसाद यादव, डा. विमलेश श्रेष्ठ, नर्सिङ स्टाफ एवं स्वास्थ्य प्राविधिकको टोलीद्वारा चिकित्सा जाँच गर्दा उहाँ पूर्णतया बेहोस भइसक्नुभएको, हातगोडाका सबै भाग नीलो र कडा भइसकेको, शरीर पूरै चिसो भएको, श्वास-प्रश्वास पूर्णतया नरहेको, आँखाको नानी पूरै सुन्निएको तथा फुलेको, आँखामा टर्च लाइट पार्दा कुनै प्रतिक्रिया नआएको र ईसीजी गर्दा सोको नतिजामा मुटुको गतिविधि पूर्णतया शून्य पाइएको नर्भिकका कार्डियोलोजिस्ट डा. जेपी जैसवालले जानकारी गराउनुभयो।

उपचारमा संलग्न टोलीको 'मोनिटरिङ' गरिरहनुभएका डा. जैसवालसहितको चिकित्सक टोलीले उहाँलाई बिहान ५:५९ बजे अस्पताल ल्याउनु पहिला नै मृत्यु भइसकेको घोषणा गरेको अस्पतालले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ।

**के हो सडेन कार्डियाक अरेस्ट ?**

चिकित्सा परिभाषामा सोच्दै नसोचेको अकस्मात् मुटुको चाल बन्द हुनुलाई 'सडेन कार्डियाक अरेस्ट' भनिन्छ। यस्तो अवस्थामा तत्काल रगत परिचालन बन्द भई दिमाग बन्द हुनुका साथै शरीरका अन्य अंग रोकिन्छ र मानिसको मृत्यु हुन्छ।

(क्रमशः पृष्ठ ९ मा)

# सेना परिचालन हुन सक्ने संकेत

ईश्वरराज ढकाल, काठमाडौं

प्रधानसेनापति राजेन्द्र क्षत्रीले निर्वाचन र उम्मेदवार लक्षित स्थल र हवाई गस्तीलाई तीव्रता दिने बताउनुभएको छ। यही मंसिर १० र २१ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन आउनै लाग्दा उम्मेदवार लक्षित आक्रमण बढ्दै गएपछि सेनाले यस्तो धारणा सार्वजनिक गरेको हो।

रक्षा मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै प्रधानसेनापति क्षत्रीले उम्मेदवारको प्रत्यक्ष सुरक्षाको जिम्मा नेपाली सेनाले नलिए पनि परेको बखत अन्तिम शक्तिका रूपमा खटिन तयार रहेको जानकारी दिनुभयो।

'हामीले आफ्नै सुरक्षा रणनीति बनाएका छौं, सरकारले जारी गरेको एकीकृत सुरक्षा रणनीतिअनुसार सबै सुरक्षा निकाय परिचालित भए पनि नेपाली सेना अन्तिम शक्तिका रूपमा परिचालित हुन्छ', क्षत्रीले भन्नुभयो- 'परिस्थिति बाहिर गए, सशक्त ढंगले सेना परिचालन हुनेछ। निर्वाचन हुन नदिने र राजनीतिलाई अस्थिरता पैदा गर्ने जुनसुकै तत्त्वविरुद्ध सेना परिचालित हुनेछ।'

पछिल्लो घटनाले नेपाली सेनालाई सचेत रहन बाध्य तुल्याएको बताउँदै उहाँले परिस्थितिअनुसार सेना अघि बढ्ने जानकारी दिनुभयो। निर्वाचनमा पहिलो घेरामा नेपाल प्रहरी, दोस्रोमा सशस्त्र र तेस्रो घेरामा नेपाली सेनाले सुरक्षा दिने उल्लेख भए तापनि जनताको आवश्यकताअनुसार आफूहरू अघि बढ्ने उहाँले बताउनुभयो। मतपत्र छपाइ, ढुवानी र मतदातालाई घरबाट मतदान स्थलसम्म ल्याउने जिम्मा पनि नेपाली सेनाको नै भएको उल्लेख गर्दै उहाँले नेपाली सेना जनतासँगै अघि बढ्न तयार रहेको समेत जानकारी दिनुभयो। संविधानसम्मत सुरक्षा सतर्कतामा नेपाली सेना सचेत रहेको बताउँदै उहाँले निर्वाचनमा अप्रिय घटना बढ्न थाले सोहीअनुसार अघि बढ्ने जानकारी दिनुभयो।

पत्रकार सम्मेलनमा बोल्दै रक्षामन्त्री भीमसेनदास प्रधानले निर्वाचनको अभियान शुरू भएयता हालसम्म ३४ स्थानमा अप्रिय घटना भएको जानकारी गराउँदै त्यस्ता घटनालाई निस्तेज पार्न सरकार गम्भीर रहेको बताउनुभयो। उहाँले भन्नुभयो- 'संविधान कार्यान्वयनको अन्तिम चरणमा पुग्न लागेको अवस्थामा केही उच्छृङ्खल तत्त्वले विभिन्न स्थानमा बम राख्ने र विस्फोट गराउने घटना बढाएका छन्। त्यसलाई सरकारले गम्भीररूपमा हेरेको छ।'

पछिल्लो समयमा विप्लव समूहले देशव्यापी आतंक मच्चाए पनि रक्षामन्त्री प्रधानले कुन समूहले आतंक मच्चाएको हो भन्ने विषयमा बोल्नुभएन।

(क्रमशः पृष्ठ ९ मा)

## १३ हजार शान्ति सेना जान सक्ने

संयुक्त राष्ट्र संघीय शान्ति मिसनमा खटिने नेपाली सेनालगायत अन्य सुरक्षा निकायको संख्या १३ हजार हुन सक्ने रक्षामन्त्री प्रधानले बताउनुभयो।

राष्ट्रसंघको शान्ति मिसनको आयोजनामा ७९ देशका रक्षामन्त्रीको सम्मेलनमा नेपालका तर्फबाट सहभागी रक्षामन्त्री भीमसेनदास प्रधानले सो प्रस्ताव औपचारिकरूपमा राख्नुभएपछि संयुक्त राष्ट्रसंघले प्रतिबद्धता जनाएको हो। रक्षामन्त्री प्रधानले क्यानडामा आयोजित सम्मेलनमा भाग लिँदै राष्ट्र संघीय शान्ति मिसनले आवश्यकता महसुस गरे नेपालले अहिले भइरहेकोभन्दा बढी संख्यामा सेना तथा प्रहरी पठाउन तयार रहेको प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

(क्रमशः पृष्ठ ९ मा)


◆ एउटै उद्देश्य-एउटै नारा
भ्रष्टाचारबाट छुटकारा
हामी सबैको अभिभारा ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग


# मतदाता शिक्षा प्रभावहीन

## बदर मतको संख्या बढ्न सक्ने

सुनील महर्जन, काठमाडौं

निर्वाचन आयोगले करोडौं रुपियाँ खर्च गरे पनि मतदाता शिक्षा प्रभावकारी हुन नसकेको पाइएको छ। मंसिर १० र २१ गते हुने प्रदेशसभा र प्रतिनिधिसभाका लागि आयोगले कात्तिक २५ गते मतदाता कार्यक्रम सञ्चालन गरेको थियो।

जिल्लास्थित सदरमुकाममा मतदाता शिक्षासम्बन्धी एकाध कार्यक्रम गरिए पनि जनतामाझ अहिलेसम्म मतदाता शिक्षा पुग्न सकिरहेको छैन। मंसिर १० गतेको निर्वाचन नजिकिँदै गर्दा विकट पहाडी र हिमाली भेगमा मात्र नभई जिल्लाको सदरमुकाम र त्यस नजिकको गाउँमा समेत मतदाता शिक्षा पुग्न नसकेको विवरण निर्वाचन पर्यवेक्षक संस्थाहरूलाई प्राप्त भएको बताइएको छ।

मतदाता शिक्षा खाली औपचारिकतामा मात्र सीमित भएको जिल्लाहरूबाट सूचना प्राप्त भइरहेको राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) का महासचिव भवानीप्रसाद खरेलले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

विकट पहाडी भेगमा मात्र नभई शहर बजारका मतदातासम्म मतदाता शिक्षा पुग्न नसकेको स्थिति छ। 'यसपटक कति ठाउँमा स्वस्तिक छाप लगाउने ? मतपत्र कति छन् ? भन्ने विषयमा अन्योल रहेको छ', ललितपुर ठेचो निवासी विकास माली भन्छन्- 'यो कुरो त आयोगले टोल-टोलमा कार्यक्रम राखेर जानकारी दिनुपर्ने होइन र ?'

काठमाडौंको तारकेश्वर नगरपालिका साविकको धर्मस्थली गाविसमा मतदाता शिक्षाका लागि स्वयंसेवकहरू पुग्दा स्थानीय मतदाता कोही धान काट्नमा, कोही तरकारी बाली लगाउनमा व्यस्त देखिन्थे। यसले गर्दा स्वयंसेवीहरूले साविकको गाविस भवनमा मतदाता शिक्षासम्बन्धी अन्तरक्रिया र ठाउँ-ठाउँमा मतदाता शिक्षासम्बन्धी पोस्टर टाँसेका थिए।

(क्रमशः पृष्ठ ९ मा)


निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प्रतिनिधि सभा सदस्य
र प्रदेश सभा सदस्य निर्वाचन
२०७४




प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र विश्वसनीय बनाउन सबै पक्षबाट सहयोग पुऱ्याऔं ।

मतदान मिति : २०७४ साल मङ्सिर १० गते आइतबार
मतदान समय : बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म

website: www.election.gov.np
e-mail: info@election.gov.np



# काठमाडौं विश्वविद्यालय
# २३ औं दीक्षान्त समारोह (मेडिकल)

२०७४ मंसिर ४ (नोभेम्बर २०, २०१७)

## काठमाडौं विश्वविद्यालय स्कुल अफ मेडिकल साईन्सेजका स्नातकहरूलाई हार्दिक बधाई




## विश्वविद्यालयको परिचय

काठमाडौं विश्वविद्यालय ऐन, २०४८ द्वारा स्वायत्त, गैरमुनाफामुखी सामुदायिक शिक्षण संस्थाका रूपमा यस विश्वविद्यालयको स्थापना भएको हो । उच्च स्तरको शैक्षिक एवं प्राज्ञिक विशिष्टता कायम राख्न सदा समर्पित यस विश्वविद्यालयको मार्गदर्शक सिद्धान्त 'अन्तर्राष्ट्रिय स्तरको विश्वविद्यालय भई ज्ञान र प्रविधिको विकास गरी देशको सेवा गर्नु' हो ।

यस विश्वविद्यालयअन्तर्गत विभिन्न शैक्षिक कार्यत्रम सञ्चालन गर्नका लागि हाल ७ वटा स्कुलहरू रहेका छन् ।












## Number of Graduates Receiving Degree in 23rd Convocation (Medical)

| Program | Total | Male | Female | Nepali Graduates | Foreign Graduates |
|---|---|---|---|---|---|
| M.Ch., DM | 4 | 4 | 0 | 4 | 0 |
| MD | 115 | 45 | 70 | 115 | 0 |
| MS | 54 | 42 | 12 | 54 | 0 |
| MSc. Medical | 2 | 1 | 1 | 2 | 0 |
| MDS | 3 | 0 | 3 | 3 | 0 |
| PG Total | 178 | 92 | 86 | 178 | 0 |
| **MBBS** | | | | | |
| Manipal College of Medical Sciences, Pokhara | 150 | 78 | 72 | 64 | 86 |
| College of Medical Sciences, Bharatpur | 77 | 45 | 32 | 51 | 26 |
| Nepalgunj Medical College, Nepalgunj | 90 | 52 | 38 | 67 | 23 |
| Nepal Medical College, Kathmandu | 55 | 21 | 34 | 55 | 0 |
| Kathmandu Medical College, Kathmandu | 80 | 45 | 35 | 80 | 0 |
| Nobel Medical College, Biratnagar | 31 | 19 | 12 | 31 | 0 |
| Lumbini Medical College, Palpa | 38 | 30 | 8 | 38 | 0 |
| School of Medical Sciences, Dhulikhel | 51 | 34 | 17 | 51 | 0 |
| MBBS Total | 572 | 324 | 248 | 437 | 135 |
| **BDS** | | | | | |
| Kantipur Dental College, Kathmandu | 38 | 8 | 30 | 38 | 0 |
| School of Medical Sciences, Dhulikhel | 27 | 8 | 19 | 27 | 0 |
| College of Medical Sciences, Bharatpur | 38 | 10 | 28 | 38 | 0 |
| Nepal Medical College, Kathmandu | 32 | 8 | 24 | 32 | 0 |
| Nobel Medical College, Biratnagar | 20 | 1 | 19 | 20 | 0 |
| BDS Total | 155 | 35 | 120 | 155 | 0 |
| **BSc. Nursing** | | | | | |
| School of Medical Sciences, Dhulikhel | 30 | 0 | 30 | 30 | 0 |
| Scheer Memorial Hospital, College of Nursing, Banepa | 24 | 0 | 24 | 24 | 0 |
| Kathmandu Medical College, Kathmandu | 19 | 0 | 19 | 19 | 0 |
| College of Medical Sciences, Bharatpur | 21 | 0 | 21 | 21 | 0 |
| Manipal College of Medical Sciences, Pokhara | 30 | 0 | 30 | 30 | 0 |
| Nobel Medical College, Biratnagar | 29 | 0 | 29 | 29 | 0 |
| Lumbini Medical College, Palpa | 39 | 0 | 39 | 39 | 0 |
| Nepal Medical College, Kathmandu | 16 | 0 | 16 | 16 | 0 |
| B Sc. Nursing Total | 208 | 0 | 208 | 208 | 0 |
| **BNS** | | | | | |
| School of Medical Sciences, Dhulikhel | 27 | 0 | 27 | 27 | 0 |
| College of Medical Sciences, Bharatpur | 17 | 0 | 17 | 17 | 0 |
| Nobel Medical College, Biratnagar | 15 | 0 | 15 | 15 | 0 |
| BNS Total | 59 | 0 | 59 | 59 | 0 |
| **BPT** | | | | | |
| School of Medical Sciences, Dhulikhel | | | | | 0 |
| BPT Total | 19 | 7 | 12 | 19 | 0 |
| UG Total | 1013 | 366 | 647 | 878 | 135 |
| PG Total | 178 | 92 | 86 | 178 | 0 |
| **Grand Total** | **1191** | **458** | **733** | **1056** | **135** |

काठमाडौं विश्वविद्यालय, स्कुल अफ मेडिकल साईन्सेज अर्न्तगत २३ औ दिक्षान्त समारोहमा पुग्दा जम्मा १६८५ स्नात्तकोत्तर तह, एम.बी.बी.एसमा ९०८३, बी.डी.एस.मा २७२, स्नातक तह नर्सिङ्गमा १२१४ र बी.पी.टीमा ४४ गरी कुल १२२३८ दक्ष जनशक्ति उत्पादन भै सकेका छन् ।

## स्कुल अफ मेडिकल साइन्सेज परिचय तथा यसका कार्यक्रमहरू

काठमाडौं विश्वविद्यालयको चिकित्सा विज्ञानको अध्ययन-अध्यापनका लागि स्कुल अफ मेडिकल साइन्सेजको सुरूवात २०५१ (सन् 1994) सालमा पहिलोपटक प्राइभेट मेडिकल कलेज (मणिपाल कलेज अफ मेडिकल साइन्सेज, पोखरा) लाई एम. बी. बी. एस. कार्यक्रमको सञ्चालनका लागि सम्बन्धन प्रदान गरी सञ्चालनमा हुँदै आएको थियो ।

सन् २००७ बाट स्कुल अफ मेडिकल साईन्सेज स्वायत्त स्कुलको रूपमा संचालनका लागि धुलिखेल अस्पतालको सहकार्यमा संचालन हुदै आएको छ ।

त्यसपछि हाल यस स्कुल अन्तर्गत नेपालभित्र हाल ७ मेडिकल कलेज, १ डेन्टल कलेज र १ नर्सिङ कलेज गरी जम्मा ९ वटा सम्बन्धनप्रदत्त, २ मेडिकल कलेजमा विस्तारित कार्यक्रम र १ Constituent program को रूपमा सञ्चालनमा रहेका छन् भने यी कलेजहरूमध्ये १० वटा कलेजहरूमा एम. बी. बी. एस., ८ वटामा बी. एस्सी. नर्सिङ र ६ वटामा बी. डी. एस. कार्यक्रम सञ्चालन हुँदै आएको छ ।

सन् २००१ देखि धुलिखेलमा एम. बी. बी. एस. तहको अध्ययन सुरू गरी हाल आफ्नै कार्यक्रमअन्तर्गत DM/M.Ch., MD/MS/MDS/M.Sc (Medical), M.Sc. in Nursing, MBBS, BDS, B Sc Nursing, Bachelor of Physiotherapy, Bachelor in Nursing Science, Bachelor in Midwifery and PCL Nursing सञ्चालनमा रहेका छन् ।



## धुलिखेल अस्पताल काठमाडौं विश्वविद्यालय अस्पतालको परिचय

चिकित्साविज्ञानको उच्च विकास सँगसँगै जटिल स्वास्थ्यसमस्याको निदान र उपचारको सम्भाव्यता विश्वमै बढ्दै गएको परिस्थितिमा नेपालका ग्रामीण क्षेत्रमा स(साना रोगको उपचारको पनि अभाव तथा रोकथाम गर्न सकिने थुप्रै समस्याहरूसँगै जटिल प्रकारका रोगहरूको सामना गर्नुपर्ने समस्याहरूको समाधानका लागि नेपाल सरकारका विभिन्न स्वास्थ्य निकाय, शिक्षण अस्पतालहरू तथा निजी क्षेत्रबाट दिइँदै आएको सेवालाई अझ टेवा पुऱ्याउन धुलिखेलका स्थानीयवासीको पहलमा २०५३ सालमा धुलिखेल अस्पतालको स्थापना भएको हो । आज यो अस्पताल राष्ट्रिय स्तरको नमुना सामुदायिक एवं विश्वविद्यालय अस्पताल भएको छ । गैह्रनाफामुखी यस सामुदायिक अस्पतालले विकट गाउँमा सामुदायिक स्वास्थ्य कार्यत्रम र प्राथमिक स्वास्थ्यसेवा पुऱ्याउनेदेखि आधुनिक चिकित्साप्रणालीको सेवा पनि उपलब्ध गराउँदै आएको छ । यस अस्पतालमा चिकित्साशास्त्र अध्यापन र अनुसन्धान कार्य पनि भइराखेको छ । हाल अस्पतालमा ४७५ शैया मार्फत सेवा प्रदान हुँदै आएको छ ।

### सामुदायिक स्वास्थ्यसेवा

सेवा लिने व्यक्तिहरू सेवा दिने स्थानमा पुग्नुभन्दा सेवा दिने हातहरू सेवाग्राहीसम्म पुग्ने अवधारणाअनुसार अस्पतालले विभिन्न समुदायका व्यक्तिहरूको सहयोग तथा सहभागितामा देशका विभिन्न ग्रामीण क्षेत्रहरूमा प्राथमिक स्वास्थ्यकेन्द्रहरू स्थापना गरी चौबीसै घन्टा स्वास्थ्यसेवा पुऱ्याउँदै आएको छ, जुन निम्नानुसार छन् :

### सामुदायिक स्वास्थ्यसेवा केन्द्रहरू :

१) बालुवा स्वास्थ्य केन्द्र, काभ्रे २) बाहुनीपाटी स्वास्थ्य केन्द्र, सिन्धुपाल्चोक ३) बोल्देफेदिचे स्वास्थ्य केन्द्र, काभ्रे ४) छत्रे देउराली स्वास्थ्य केन्द्र, धादिङ ५) दाप्चा स्वास्थ्यस केन्द्र, काभ्रे ६) गोदामचौर स्वास्थ्य केन्द्र, ललितपुर ७) कात्तिकेदेउराली स्वास्थ्य केन्द्र, काभ्रे ८) सलम्बु स्वास्थ्य केन्द्र, काभ्रे ९) खरीखोला स्वास्थ्य केन्द्र, सिन्धुपाल्चोक १०) हिम्दी स्वास्थ्य केन्द्र, सिन्धुपाल्चोक ११) मानेखर्क स्वास्थ्य केन्द्र, सिन्धुपाल्चोक १२) ढुंखर्क स्वास्थ्य केन्द्र, काभ्रे १३) किर्नेटार स्वास्थ्य केन्द्र, दोलखा १४) फलेवास स्वास्थ्य केन्द्र, पर्वत १५) दोर्पु स्वास्थ्य केन्द्र, सोलुखुम्बु १६) गौरी शंखर सामूदायिक अस्पताल , दोलखा १७) याङरमि स्वास्थ्य केन्द्र १८)थाङसिङ्ग स्वास्थ्य केन्द्र, नुवाकोट १९)दुम्जा स्वास्थ्य केन्द, सिन्धुली

### सहकार्यमा संचालित अस्पतालहरू :

१)आँपपीपल सामुदायिक अस्पताल, गोर्खा २) तामाकोसी सहकारी अस्पताल, सिन्धुपाल्चोक ३) सहज सामुदायिक अस्पताल, नवलपरासी ४) वयलबाटा अस्पताल , अछाम।

उक्त केन्द्रहरूमा प्राथमिक स्वास्थ्यसेवा मात्र होइन, विशेषज्ञ स्वास्थ्यसेवा पुऱ्याउने उद्देश्यले चिकित्सकहरूको नियमित भ्रमण तथा विभिन्न विशेषज्ञसहितका टोलीहरूका विशेष शिविरहरू सञ्चालन गरी स्वास्थ्यसेवा पुऱ्याउँदै आएको छ ।

जनताको स्वास्थ्य , उपचारात्मक संगै प्रतिशोधात्मक तथा सामुदायिक विकार संग पनि प्रत्यक्ष सरोकार राख्ने भएकोले उक्त स्थानहरूमा विभिन्न स्वास्थ्य सम्बन्धि कार्यक्रम पनि गर्दै लगेको छ जस्तै : विद्यालय, स्वास्थ्य कार्यक्रम, खानेपानी परियोजना,सुधारिएको चुलो , माइक्रोफाइनान्स आदि ।

## काठमाडौं विश्वविद्यालयबाट मेडिकलतर्फका सम्बन्धनप्रदत्त कलेजहरू

| सम्बन्धनप्रदत्त कलेजहरू | संचालित कार्यक्रमहरू |
|---|---|
| मणिपाल कलेज अफ मेडिकल साइन्सेज, पोखरा | एम. बी. बी. एस., बी. एस्सी. नर्सिङ, एम.डी./एम.एस/एम.एस्सी (मेडिकल) र डी.एम. |
| कलेज अफ मेडिकल साइन्सेज, भरतपुर | एम. बी. बी. एस., बी. डी. एस., बी. एस्सी. नर्सिङ, एम.डी./एम.एस/एम.एस्सी (मेडिकल) र डी.एम./एम. सी.एच. |
| नेपालगञ्ज मेडिकल कलेज, नेपालगञ्ज | एम. बी. बी. एस., एम.डी./एम.एस/एम.एस्सी (मेडिकल) |
| काठमाडौं मेडिकल कलेज, काठमाडौं | एम. बी. बी. एस., बी. डी. एस., बी. एस्सी. नर्सिङ, , एम.डी./एम.एस/एम.एस्सी (मेडिकल) र एम.सी.एच. |
| नेपाल मेडिकल कलेज, काठमाडौं | एम. बी. बी. एस., बी. डी. एस., बी. एस्सी. नर्सिङ, एम.डी./एम.एस/एम.एस्सी (मेडिकल) र डी.एम. |
| शीर मेमोरियल हस्पिटल, कलेज अफ नर्सिङ, बनेपा | बी. एस्सी. नर्सिङ |
| नोबेल मेडिकल कलेज, विराटनगर | एम. बी. बी. एस., बी. डी. एस., बी. एस्सी. नर्सिङ , एम.डी./एम.एस. |
| लुम्बिनी मेडिकल कलेज, पाल्पा | एम. बी. बी. एस., बी. एस्सी. नर्सिङ |
| कान्तिपुर डेन्टल कलेज, काठमाडौं | बी. डी. एस. र एम.डी.एस. |
| **विस्तारित कार्यक्रम** | |
| कलेजको नाम | संचालित कार्यक्रम |
| विराट मेडिकल कलेज, विराटनगर | एम. बी. बी. एस. |
| देवदह मेडिकल कलेज, रूपन्देही | एम. बी. बी. एस. |

काठमाडौं विश्वविद्यालय, स्कुल अफ मेडिकल साईन्सेज मातहतबाट हाल करिब ७००० शैयामा अस्पतालहरू सञ्चालन भई करिब १२००० जनालाई प्रत्यक्ष रोजगारी उपलब्ध गराउँदै आएको छ ।



### छात्रवृत्ति

स्कुल अफ मेडिकल साइन्सेजअन्तर्गत शैक्षिक सत्र २०१७ बमोजिम वार्षिक एम. बी. बी. एस. कार्यत्रममा १०५ जना र बी. डी. एस. कार्यत्रममा २५ जनालाई तथा बी.एस्सी. नर्सिङ्ग कार्यक्रममा ६ जनालाई शिक्षा मन्त्रालयमार्फत नि:शुल्क छात्रवृत्ति उपलब्ध गराउँदै आएको छ ।








# केकीको कोहलपुर एक्सप्रेस

रश्मी थापा

प्रशन्न पौडेलको फिल्म *स्वर*बाट नेपाली रजतपटमा पाइला टेकेकी केकी अधिकारी आफ्नो सत्रौं रिलिज फिल्म *ऐश्वर्य*सम्म आइपुग्दा आफैं निर्मात्री बनेकी छिन्। फिल्म *कोहलपुर एक्सप्रेस*बाट निर्मात्री बनेकी केकी यति बेला कोहलपुरमा यही फिल्मको सुटिङमा व्यस्त छिन्। केकीको डेब्यु निर्माणमा निर्माणाधीन *कोहलपुर एक्सप्रेस*बाट म्युजिक भिडियो निर्देशक विशाल भण्डारीले पनि निर्देशनमा डेब्यु गरेका हुन्। 'करिब एक वर्षअघि जब मैले प्लट सुनें, मन पर्‍यो। यो प्लट निर्देशक विशाल भण्डारीले सुनाउनुभएको थियो। केही वर्षदेखि लगातार एक्टिङ मात्र गरिरहेकाले लाइफमा केही चेन्ज नै नआएको जस्तो, कहीं केही च्यालेन्ज नै नभइरहेको जस्तो लागिरहेको थियो', कुशल निर्देशक तथा रंगकर्मी बद्री अधिकारीकी पुत्री केकीले *नेपाल समाचारपत्र*सँग कुरा गर्दै भनिन्- 'प्लट मन परेपछि विशाल भण्डारी र मैले यसमा फिल्म निर्माण गर्ने सोच बनायौं र त्यही फिल्म निर्माण गरिरहेका छौं। काम गर्न त घर (बुवासँगै) बाटै सजिलो हुन्थ्यो। तर यो फिल्मको कथा विशाल भण्डारीको हो र हामी दुई जनाको योजनाअनुसार फिल्म निर्माण गर्ने योजना भएकाले यसमा उहाँको इन्भल्बमेन्ट भएन।' *सावित्री, मेरो बेस्ट फ्रेन्ड, मसान, हाउ फन्नी, श्री ५ अम्बरे, भाग सानी भाग, आई एम सरी, घामपानी*जस्ता फिल्ममा मुख्य भूमिकामा देखिएकी केकी आफ्नो ड्रिम प्रोजेक्ट *कोहलपुर एक्सप्रेस*मा पनि प्रमुख भूमिकामा देखिँदैछिन्। तीन युवतीका कथामा निर्माणाधीन फिल्ममा केकीको साथमा प्रियंका कार्की, ऋचा शर्मा, विनोद न्यौपाने, बुद्धी तामाङ, रवीन्द्र झा, कुशाग्र भट्टराई, सिर्जना कार्कीलगायतका कलाकारको मुख्य भूमिका रहनेछ। फिल्ममा शान बस्न्यातको लेखन रहेको छ भने अर्जुन तिवारीको छायांकन, राजनराज सिवाकोटी, कालीप्रसाद बास्कोटा तथा अर्जुन पोखरेलको संगीत रहनेछ। त्यस्तै नृत्य निर्देशनको जिम्मा भने गम्भीर विष्टले लिएका छन्।

कलेज पढ्दै गर्दा रियालिटी शो *घिन्ताङ*मा भाग लिएकी केकीलाई म्युजिक भिडियो निर्देशक प्रशन्न पौडेलले एक म्युजिक भिडियोको लागि अफर गरेका थिए। अञ्जु पन्तको *वनमा फुल्यो फुलै फूल* बोलको गीतबाट म्युजिक भिडियो मोडलिङमा डेब्यु गरेकी केकी एकपछि अर्को गर्दै सयौं म्युजिक भिडियोमा अभिनय तथा मोडलिङ गरेर नेपाली म्युजिक भिडियो क्वीनको दर्जा पाउन सफल भइन्। 'कुनै बेला मैले धेरै म्युजिक भिडियोमा अभिनय गरैं। फिल्ममा प्रवेश गरेपछि पनि मैले म्युजिक भिडियोलाई समय दिएँ। समयको परिवर्तनसँगै आफ्नो रोलमा परिवर्तन आउँछ', केकी भन्छिन्- 'तर म्युजिक भिडियोलाई कम प्रायोरिटी दिएको भन्न मिल्दैन। समयसँगै कलाकारको काममा स्वत: परिवर्तन आउँछ। त्यो आफूले चाहेर वा नचाहेर हुने होइन। सबै म्युजिक भिडियोमा म मात्र खेलेर पनि भएन। नयाँ कलाकारलाई पनि त चान्स दिनुपर्‍यो नि।'

फिल्म वा म्युजिक भिडियो जेमा काम गरे पनि अभिनयमा खुसी हुने केकी बताउँछिन्। 'फिल्म र म्युजिक भिडियो जुनमा काम गरे पनि आखिर एक्टिङ नै गर्ने हो। एक्टिङ गर्दा म कहिल्यै पनि घाटा नाफाको हिसाब राख्दिन', उनले भनिन्- 'म हिरोइन नभएको भए डक्टर बन्थें। एमबीबीएस गर्दै गर्दा म्युजिक भिडियोमा अभिनय गरेपछि मैले आफ्नो खुसी यसैमा पाएँ। खुसी र आफूखुसी हुन सक्ने क्षेत्रलाई कन्टुयुनिटी दिएँ। फिल्म निर्माण पनि त्यसैको एउटा पार्ट हो।'



# स्रष्टा कलाकारलाई परिचयपत्र प्रदान गरिने



नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले नेपाली संगीत तथा नाट्य विधामार्फत् समाज र राष्ट्रमा योगदान गर्ने स्रष्टा तथा कलाकारलाई परिचयपत्र प्रदान गर्ने भएको छ।

प्रतिष्ठानले आफ्नै कार्यालयमा पत्रकार सम्मेलनको आयोजना गरी स्रष्टा र कलाकारहरूलाई परिचयपत्र प्रदान गर्न लागिएको जानकारी गराएको छ। कार्यक्रममा गीतकार, संगीतकार, लोक भाका संकलक, गायक/गायिका, संगीत संयोजक, वाद्यवादक, नृत्यकार, नाटककार, निर्देशक र रंगकर्मीलाई प्रतिष्ठित, वरिष्ठ र साधारण गरी तीन प्रकारको परिचयपत्र वितरण गरिने प्रतिष्ठानका उपकुलपति शम्भुजित बास्कोटाले जानकारी गराए। यसका लागि स्रष्टा तथा कलाकारले विभिन्न मापदण्ड र योग्यता प्राप्त गर्नुपर्नेछ। पत्रकार सम्मेलनमा बोल्दै बास्कोटाले कलाकारलाई विभिन्न स्थानमा जाँदा सहज होस् भन्न लागि परिचयपत्र उपयुक्त हुने बताए। 'परिचयपत्र प्राप्त गर्नु सम्पूर्ण कलाकारका लागि खुसीको कुरा हो र म यसको श्रेय प्रतिष्ठानका उपकुलपति शम्भुजित बास्कोटालाई दिन चाहन्छु' -गीतकार रत्नसमशेर थापाले भने। परिचयपत्र वितरणबाट प्राप्त रकम खर्च कटाएर प्रतिष्ठानको कल्याणकारी कोषमा राखिने प्रतिष्ठानले जनाएको छ।

# गाउँ गाउँमा महादान



गाउँघरमा प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको लहर चलिहरेका बेला एउटा युवक वैदेसिक रोजगारीका लागि विदेश जाने तयारीमा हुन्छ। निर्वाचनकै दिन उसको विदेश उड्ने टिकट छ। अन्तत: टिकट रद्ध गर्छ। मुलुकमा प्राप्त गणतन्त्र र नयाँ संविधानलाई स्थापित गर्दै मुलुकमै अब केही गर्नुपर्छ भनेर ऊ गाउँ-गाउँमा अबको चुनावमा कसरी मतदान गर्ने भनेर मतदाता शिक्षा दिन अहोरात्र खट्छ।

यस्तै सन्देश बोकेको सडक नाटक *महादान* यतिबेला मुलुकका विभिन्न स्थानमा मञ्चन भइरहेको छ। प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सन्दर्भमा निर्वाचन अयोगद्वारा सञ्चालन गरिने मतदाता शिक्षा कार्यक्रमअन्तर्गत सडक नाटक सञ्चलनमा ल्याइएको हो। आरोहण गुरुकुलसँगको सहकार्यमा सांस्कृतिक संस्थान (राष्ट्रिय नाचघर) को संयोजकत्वमा विभिन्न नाट्य टोली अहिले फरक फरक निर्वाचन क्षेत्रमा सडक नाटकमार्फत् निर्वाचन शिक्षा दिन व्यस्त छन्। यसै क्रममा पूर्वी जिल्ला पाँचथरका विभिन्न गाउँपालिकाका स्थानीय बासिन्दाले मतदाता शिक्षा लिए। हाम्रो थियटर समूहले जिल्लाका विभिन्न स्थानमा सडक नाटक महादान मञ्चन गर्दै निर्वाचन शिक्षा दिएको हो।

यो समूहले शनिबार पाँचथर कुम्भायक गाउँपालिकाको यासोबजार, मित्राफुङ गाउँपालिकाको रबि बजार, तुम्बेवा गाउँपालिकाको दशमी बजार र फाल्गुनन्द गाउँपालिकाको घुर्विस कचमी बजारमा नाटक प्रदर्शन गरेको छ। यस्तै नाचघरबाट निर्वाचन शिक्षाका लागि रामेछाप पुगेका कलाकारले रामेछापका विभिन्न स्थानमा नाटक मञ्चन गरेको छ। टोलीका प्रमुख रमेश केसी मट्टारेका अनुसार रामेछापको लिखु गाउँपालिकाको धोबी बजार, गोकुल गंगा गाउँपालिकाको रस्नालु बजारमा पनि नाटक प्रदर्शन गरिएको छ। नाचघरकै कलाकार आकाश थापाको नेतृत्वमा गएको अर्को टोलीले दोलखाका विभिन्न स्थानमा नाटक प्रदर्शन गरेको छ। टोलीले शनिबार दोलखाको चरिकोट बजार, जिल्ला निर्वाचन कार्यालय चरिकोट, कालिञ्चोक गाउँपालिका सुनखानी बजार र विगु गाउँपालिका सिङटी बजारमा सडक नाटक *महादान* मञ्चन गरेको छ। शनिबार नै भिक्टोरिया इन्टरटेन्टमेन्ट प्रालिले पनि मुस्ताङको खासाङ गाउँपालिकाको केवाङमा नाटक प्रदर्शन गर्‍यो। सपु सांस्कृतिक मञ्चले पनि शनिबार बझाङका विभिन्न गाउँपालिकामा नाटक मञ्चन गरेको छ।





सम्मान चलचित्रको उत्सव उत्कृष्टताको

CG Entertainment Presents

LUX Kamana Awards

LUX कामना फिल्म अवार्डस् २०७४

मन परेको फिल्म र फिल्मकर्मीलाई SMS गर्नुहोस्, विजेता बनाउनुहोस्

CO-SPONSOR: Pashupati BISCUITS

RED CARPET: YETI PVC FLOORING Live with honour...

OFFICIAL DRINK: RUSLAN 100% PURE MOVIES

OFFICIAL BANK: prabhu Bank

ASSOCIATE SPONSOR: NIC ASIA, IME, KILOMETER

मनपर्ने चलचित्र तथा सिनेकर्मीलाई जिताउनका लागि माथि उल्लेखित Short Keywords टाइप गरी ३२७२२ मा पठाउनुहोस् । जस्तै, सर्वोत्कृष्ट चलचित्र विधामा भोट गर्नका लागि KFA<space> र तपाईंलाई मन परेको चलचित्रको कोड नम्बर टाइप गरी ३२७२२ मा पठाउनुहोस् ।

**विधाः सर्वोत्कृष्ट चलचित्र**
छक्का पञ्जा (KFA 1A)
डाइङ क्यान्डल (KFA 1B)
गाजलु (KFA 1C)
जात्रा (KFA 1D)
के म तिम्रो होइन र (KFA 1E)

**विधाः सर्वोत्कृष्ट निर्देशक**
सुवर्ण थापा - बाटोमुनिको फूल-२ (KFA 2A)
दीपेन्द्र के खनाल - चपली हाइट-२ (KFA 2B)
हेमराज बीसी - गाजलु (KFA 2C)
आकाश अधिकारी - के म तिम्रो होइन र (KFA 2D)
निश्चल बस्नेत - लुट-२ (KFA 2E)

**विधाः सर्वोत्कृष्ट अभिनेता**
दयाहाङ राई - वीरविक्रम (KFA 3A)
अनमोल केसी - गाजलु (KFA 3B)
विपीन कार्की - जात्रा (KFA 3C)
निखिल उप्रेती - निर्भय (KFA 3D)
सौगात मल्ल - शब्द (KFA 3E)

**विधाः सर्वोत्कृष्ट अभिनेतृ**
प्रियंका कार्की - छक्का पञ्जा (KFA 4A)
सृजना सुब्बा - डाइङ क्यान्डल (KFA 4B)
वर्षा राउत - जात्रा (KFA 4C
केकी अधिकारी - लभ सासा (KFA 4D)
नीता ढुंगाना - निर्भय (KFA 4E)

**विधाः सर्वोत्कृष्ट खलपात्र**
ध्रुव कोइराला - बाजिगर (KFA 5A)
अर्पण थापा - वीरविक्रम (KFA 5B)
दीपकराज गिरी - छक्का पञ्जा (KFA 5C)
कमलमणि नेपाल - जात्रा (KFA 5D)
कामेश्वर चौरासिया - पलाँस (KFA 5E)

**विधाः सर्वोत्कृष्ट हास्य कलाकार**
केदार घिमिरे - छक्का पञ्जा (KFA 6A)
रवीन्द्र झा - जात्रा (KFA 6B)
दयाहाङ राई - लुट-२ (KFA 6C)
सलोन बस्नेत - गाजलु (KFA 6D)
बुद्धि तामाङ - छक्का पञ्जा (KFA 6E)

**विधाः सर्वोत्कृष्ट संगीतकार**
ताराप्रकाश लिम्बु - वीरविक्रम/ हारें हारें (KFA 7A)
राजनराज शिवाकोटी - छक्का पञ्जा/ पूर्व-पश्चिम रेल (KFA 7B)
कालिप्रसाद बासकोटा - लुट-२/ ठमेल बजार (KFA 7C)
अर्जुन पोखरेल - निर्भय/ यो दुनियाँ (KFA 7D)
वसन्त सापकोटा - राधा/ छपक्कै (KFA 7E)

**विधाः सर्वोत्कृष्ट पार्श्व गायक**
ताराप्रकाश लिम्बु - वीरविक्रम/ हारें हारें (KFA 11A)
राजनराज शिवाकोटी - छक्का पञ्जा/ पूर्व-पश्चिम रेल (KFA 11B)
कृष्ण काफ्ले - छक्का पञ्जा/ सुन न चम्पा (KFA 11C)
प्रताप दास - के म तिम्रो होइन र/ पागल (KFA 11D)
युवराज चौलागाईं - पलाँस/ तिमी साथमा (KFA 11E)
स्वस्म्पराज आचार्य - शब्द/ हरपल (KFA 11F)

**विधाः सर्वोत्कृष्ट पार्श्व गायिका**
जलजला परियार - बाटोमुनिको फूल-२/ केही कदम (KFA 10A)
मिलन अमात्य - हाउ फन्नी/ यो के हो (KFA 10B)
अञ्जु पन्त - किस्मत-२/ यी आँखा लैजाउ (KFA 10C)
मीना निरौला - लुट-२/ ठमेल बजार (KFA 10D)
मेलिना राई - राधा/ छपक्कै (KFA 10E)

**विधाः लक्स पपुलर च्वाइस अवार्ड**
वर्षा राउत (KFA 8A)
केकी अधिकारी (KFA 8B)
प्रियंका कार्की (KFA 8C)
ऋचा शर्मा (KFA 8D)
सृष्टि श्रेष्ठ (KFA 8E)

# विचार

2017, NOV
Monday
20

> कमाएँ नाम जो भन्छ, त्यो वैरत्व कमाउँछ। कमाएँ दाम जो भन्छ, आफ्नै खाल्डो ऊ खन्छ।
> – बालकृष्ण सम

> तिमीलाई जुन पुस्तकले सबैभन्दा बढी सोचमग्न बनाउँछ, त्यही पुस्तक सबैभन्दा असल पुस्तक हो।
> – थियोडोर पार्कट

## सम्पादकीय

नेपाल समाचारपत्र
NEPAL SAMACHARPATRA

# आक्रमणका घटनामा राज्य उदासीन

यही मंसिर १० र २१ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको मिति नजिकिँदै गर्दा उम्मेदवारमाथि आक्रमण तीव्र हुन थालेको छ । उम्मेदवारमाथिको आक्रमण तीव्र हुँदा पनि सुरक्षा निकायले विध्वंशात्मक कार्यमा संलग्न रहेकाहरूलाई अहिलेसम्म पक्राउ गर्न सकेको छैन । अज्ञात समूहले आक्रमण गरेको भन्दै सरकारले अहिलेसम्म उम्मेदवारमाथि कसले आक्रमण गरेको हो भन्ने बारेमा समेत अहिलेसम्म सार्वजनिक अभिव्यक्ति दिएको छैन। निर्वाचनको विरोध गर्दै आएको पूर्वमाओवादी नेता नेत्रविक्रम चन्द (विप्लव)को नेतृत्वमा रहेको नेपाल कम्युनिस्ट पार्टीले उम्मेदवारमाथि आक्रमण गरेको जानकारी सुरक्षा निकायले दिने गरेको भए पनि उनीहरूका कुनै नेता अहिलेसम्म पक्राउ नपर्नुलाई शंकाको दृष्टिले हेर्न थालिएको छ ।

पछिल्ला दिनमा भएका विध्वंशात्मक घटनाको जति निन्दा गरे पनि कम हुन्छ । उम्मेदवारको हत्या गर्ने नियतले भएका यस्ता घटनामा संलग्न रहेकाहरूलाई कारबाहीको दायरामा ल्याउनु राज्यको दायित्व हो । तर राज्य निरीह बन्दै गएको हो कि भन्ने भान हुन थालेको छ। देशभर उम्मेदवार र उनीहरूका कार्यकर्तामाथि आक्रमण गरी जनताले आफ्नो अभिमत जाहेर गर्ने प्रक्रियालाई समेत अवरुद्ध पार्ने प्रयास हुनु पक्कै राम्रो कुरा होइन। विध्वंशात्मक कार्यमा संलग्न रहेकाहरूले यो कुरा बुझ्नै पर्छ । माओवादी युद्धपछि एउटा समूह हतियारमा नै रमाउन थालेपछि त्यस्ता प्रवृत्ति भएका समूहको नेतृत्व विप्लवले गर्नु र उनीहरू हत्या–हिंसामा उत्रनु नौलो कुरा नहोला तर बेप्रवाहरूपमा आक्रमणका घटना हुँदा राज्यबाट एउटा पनि प्रतिक्रिया नआउनुलाई भने अर्थपूर्णरूपमा हेरिएको छ ।

पूर्वसुरक्षा प्रमुखले नै सार्वजनिकरूपमा राज्यको सुरक्षा योजनामा विद्रोहीको सहज पहुँच पुग्नुले यस्ता घटनामा बढोत्तरी आएको बताउनुले कतै सुरक्षा निकायमा कार्यरत उच्च अधिकारी नै विद्रोहीसँग मिलेको हो कि भन्ने आशंका पनि जन्माएको छ। यसतर्फ राज्यको ध्यान जान जरुरी छ। निर्वाचनको मिति नजिकिँदै गर्दा जसरी उम्मेदवारमाथि आक्रमण भएको छ, यसले भयरहित र निष्पक्ष निर्वाचन हुनेमा थप आशंका जन्माएको छ । यसतर्फ राज्यले समयमा नै ध्यान नदिने हो मुलुकले ठूलो क्षति बेहोर्नुपर्ने अवस्था नआउला भन्न सकिन्न । त्यसैले यसतर्फ राज्यको ध्यान केन्द्रित होस् ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख–रचना एवम् छोटा पाठक–पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# शिक्षामा भ्रष्टाचार : शिक्षितहरू बेरोजगार



रविन घिमिरे

सामान्य अर्थमा भ्रष्टाचार भन्नाले नराम्रो व्यवहार भन्ने बुझिन्छ। भ्रष्टाचार शब्दको प्रयोग आर्थिक क्षेत्रमा बढी भएको पाइन्छ। तर शिक्षामा पनि भ्रष्टाचार हुन्छ भन्दा कसैलाई विश्वास नलाग्न सक्छ। शिक्षामा हुने भ्रष्टाचारले सिंगो देशको विकासमा नै क्षति पुऱ्याएको हुन्छ। अधिकारको दुरूपयोग गरी स्वार्थीपनाको हाबी हुनु भ्रष्टाचार हो। शिक्षाको उद्देश्यअनुरूप काम हुन नदिनु र निजी स्वार्थका लागि सार्वजनिक सेवाको दुरूपयोग गर्नु नै समग्रमा शैक्षिक भ्रष्टाचार हो।

खासगरी शिक्षाको योजना निर्माणदेखि लिएर पाठ्यक्रम विकास, जनशक्ति विकास, संरचना निर्माण, शिक्षक विकास, पाठ्यक्रम कार्यान्वयन, कक्षा शिक्षण आदिसम्म शिक्षामा भ्रष्टाचार हुने गरेको छ। देशको भौगोलिक, आर्थिक सामाजिक अवस्था अनुकूल नहुने पाठ्यक्रमको निर्माण गरिनु, जनसंख्याको आधारमा विद्यालय नक्सांकनबिना विद्यालय निर्माण गरिनु, समयसापेक्ष पाठ्यक्रमको निर्माण तथा कार्यान्वयन नहुनु, दक्ष र तालिमप्राप्त शिक्षकहरू नियुक्ति नगरिनु, नियुक्ति भएका शिक्षकबाट प्रभावकारी शिक्षण नगरिनु, कक्षाकोठामा समय टार्ने मात्र काम गर्नु आदिजस्ता कुराहरू शैक्षिक विकास र गुणस्तरमा बाधा बनेर आएका छन् ।

केही दशकयता शिक्षामा हुने भ्रष्टाचार विश्वव्यापीरूपमा नै मौलाएको छ। शैक्षिक भ्रष्टाचारका कारण देशको सम्पूर्ण विकासमा आँच आउने विज्ञहरू बताउँछन्। कक्षाकोठादेखि विद्यालय तह, स्थानीय स्तरदेखि जिल्ला, प्रदेश, क्षेत्र, र केन्द्रीयस्तरसम्म शिक्षाका साधन तथा स्रोतको न्यायोचित वितरण हुन नसक्दा पनि शिक्षामा भ्रष्टाचार मौलाउन सहयोग मिलेको देखिन्छ। शिक्षामा हुने भ्रष्टाचारले समग्र देशको विकासलाई नै कत्तिसम्म असर पार्छ भन्ने कुराको अध्ययन नगरिनु ठूलो दुर्भाग्य हो। सरकारले शिक्षाको विकासमा गरेको लगानी खेर जान नदिन शिक्षामा हुने भ्रष्टाचारलाई रोक्नै पर्ने हुन्छ। शिक्षाको गुणस्तर वृद्धि गर्न कक्षाकोठादेखि लिएर राष्ट्रियस्तरसम्म सम्पूर्ण सेवा तथा सुविधाको न्यायोचित वितरण हुनु आवश्यक छ।

शिक्षाका भ्रष्टाचारका कारण आज देशले बेरोजगार उत्पादन गरेर कैयौं युवालाई शैक्षिक प्रमाणपत्र बाकसमा थन्क्याएर विदेश जान बाध्य बनाएको छ। शिक्षाले अहिलेको श्रमबजारमा आवश्यक जनशक्ति उत्पादन गर्नुको सट्टा बेरोजगार उत्पादन गरिरेको छ। यसो हुँदा युवाजनशक्ति विदेशमा पलायन हुनुपर्ने बाध्यता छ। यदि शिक्षामा भ्रष्टाचार नभएको भए ती जनशक्तिले देशभित्र नै रोजगारी पाएर देशको आर्थिक विकासमा कत्तिसम्म टेवा पुयुर्याउँथे होला ? देशमा भएका शिक्षित व्यक्तिहरू सबै पलायन हुनुले पनि शिक्षाले शिक्षित बेरोजगार उत्पादन गरेको प्रस्ट हुन्छ। शैक्षिक प्रमाणपत्र भए पनि त्यसअनुरूपको रोजगार नहुनु विडम्बना हो। खासगरी शिक्षित बेरोजगारको उत्पादन हुनु शिक्षाको भ्रष्टाचार नै प्रमुख कारण हो।

नेपालको अवस्थालाई हेर्दा शिक्षामा व्यापक मात्रामा भ्रष्टाचार भएको पाउन सकिन्छ। देशको राजनैतिक अस्थिरताले गर्दा शिक्षाका ऐन कानुन निर्माण समयमा हुन पाउँदैनन्। भएका ऐन कानुनको कार्यान्वयन पनि समयमा हुन नसक्नु अर्को समस्या हो। यसको ज्वलन्त उदाहरण अस्थायी शिक्षकलाई स्थायी गर्ने वा अवकाश दिएर नयाँ जनशक्ति भर्ना गर्ने भन्ने कुराले शिक्षाको गुणस्तर विकासमा असर गरिरहेको छ। वर्तमान विश्वमा भएका ज्ञानका विस्फोटले गर्दा शिक्षकहरू नयाँ ज्ञानसँग परिचित हुनुपर्ने बाध्यता छ तर हाम्रा शिक्षकहरूमा पुरानै सोच हाबी हुँदा नयाँ ज्ञानको मूल्यलाई अपहेलना गर्ने हुनाले पुराना जनशक्तिले नयाँ पिँढीलाई समयसापेक्ष ज्ञान दिन सक्दैनन्। यसो हुँदा हाम्रो शिक्षाको गुणस्तर खस्कँदै जान्छ। अहिलेको प्रविधिसँग अपरिचित जनशक्तिले विद्यालय उमेरअगावै प्रविधिसँग परिचित बालबालिकालाई कसरी नयाँ ज्ञान दिन सक्छन् ? भन्ने गम्भीर प्रश्न खडा भएका बेला सरकारले पुराना जनशक्तिलाई बिदाइ गरेर नयाँ जनशक्तिलाई प्रवेशको बाटो दिन सकेको छैन। यसो हुनुमा देशको राजनीति र राजनैतिक पूर्वाग्रह नै मुख्य हो।

अर्कोतिर दलीय भागबन्डाले गर्दा सरकारले शिक्षामा गरेको लगानी सही ठाउँमा सही सदुपयोग हुन सकेको छैन। स्थानीय स्तरबाट विद्यालयमा शिक्षक नियुक्ति गर्दा पनि दलीय भागबन्डाका आधारमा गरिँदा त्यस्ता शिक्षकहरू कति गुणस्तरीय छन् भन्ने कुराको मापन भएको पाइँदैन। गुणस्तरहीन शिक्षक राखेर बालबालिकाको भविष्यमाथि खेलबाड गर्नु पनि त शिक्षाको भ्रष्टाचार हो।

> दलीय भागबन्डाले गर्दा सरकारले शिक्षामा गरेको लगानी सही ठाउँमा सही सदुपयोग हुन सकेको छैन। स्थानीय स्तरबाट विद्यालयमा शिक्षक नियुक्ति गर्दा पनि दलीय भागबन्डाका आधारमा गरिँदा त्यस्ता शिक्षकहरु कति गुणस्तरीय छन् भन्ने कुराको मापन भएको पाइँदैन। गुणस्तरहीन शिक्षक राखेरबालबालिकाको भविष्यमाथि खेलबाड गर्नु पनि त शिक्षाको भ्रष्टाचार हो।

स्थानीय स्तरको आवश्यकतालाई ध्यानमा नराखी पाठ्यक्रम निर्माण गर्नु, पाठ्यपुस्तक लेखन गर्दा अनुभवी लेखकलाई लेख्न नलगाइनु, बालबालिकाको रुचि, चाहना र इच्छाअनुरूपको पाठ्यक्रम निर्माण नहुनु, बालमनोविज्ञानलाई वास्ता नगरी पाठ्यक्रम निर्माण नहुनु पनि शिक्षाको भ्रष्टाचार हो। जसले गर्दा देशमा शिक्षाको गुणस्तर वृद्धि हुन दिँदैन। जेनतेन निर्माण भएका पाठ्यपुस्तक पनि समयमा उपलब्ध नहुँदा शैक्षिक गतिविधि रोकिएका हुन्छन्। प्रभावकारी अनुगमन र मूल्यांकन नहुँदा शिक्षाको भ्रष्टाचार मौलाउन सहयोग मिलेको छ।

सरकारी काम कहिले जाला घाम भन्ने प्रवृत्तिले गर्दा सामुदायिक विद्यालयका शिक्षकहरू समय टार्ने काम मात्र गरिरेहका हुन्छन्। पेसाप्रति निष्ठावान् हुनुको सट्टा जागिरको मात्र ध्यान दिँदा कक्षामा ढिलो पुग्ने, शैक्षिक सामग्रीबिना शिक्षण गर्ने, परम्परागत शिक्षण प्रविधिको प्रयोग गर्ने, विद्यार्थीको रुचि, आवश्यकता र इच्छालाई ख्याल नगर्ने, गृहकार्य राम्रोसँग जाँच नगर्ने आदि कुराहरू पनि शिक्षाको भ्रष्टाचारभित्र पर्दछन्। त्यस्ता शिक्षकलाई शैक्षिक भ्रष्टाचारी भनेर कारबाहीको दायरामा ल्याउने हो भने शिक्षाको गुणस्तर वृद्धि गर्न समय लाग्दैन।

कतिपय विद्यालयमा शैक्षिक सामग्री व्यवस्थापनका लागि छुट्याइएको बजेट शिक्षक नियुक्तिमा खर्च गरिएको पाइन्छ। यो पनि एक प्रकारको शिक्षाको भ्रष्टाचार हो तर कतिपय ठाउँमा आवश्यकताअनुसारको दरबन्दी नहुँदा निजीस्तरबाटै शिक्षक व्यवस्थापन गर्नुपर्ने बाध्यताले यसो गरिनु बाध्यात्मकजस्तो देखिन्छ। प्रत्येक जेठ र चैत महिनामा बुझाउनुपर्ने फ्लास रिपोर्टमा विद्यालयहरूले सही तथ्यांक दिन्छन् भन्ने कुरामा पनि शंका देखिन्छ। विद्यालयको आन्तरिक मामिलाका कारण सही तथ्यांक उपलब्ध नगराइँदा सिंगो देशको शैक्षिक तथ्यांक सही र भरपर्दो हुन सक्दैन। सरकारले आम्दानीको आधारमा विद्यालयहरूलाई करको दायरामा त ल्याएको छ तर सही अडिट रिपोर्ट बुझाउँदा बढी कर तिर्नुपर्ने भएकाले पनि निजी विद्यालयहरूले अडिट रिपोर्ट सही नदिने गरेको पाइन्छ। विद्यार्थीको शुल्क बढाएको नदेखाई अडिट तयार गरी अडिटरहरूले पनि विद्यालयले भनेबमोजिम रिर्पोट बनाएर दुवैतर्फको मिलेमतोमा यस्ता क्रियाकलाप हुने गरेको छ।

खासगरी शिक्षाको भ्रष्टाचार वित्त, सार्वजनिक सेवा, शिक्षक नियुक्ति, पाठ्यक्रम निर्माण, सूचना तथा प्रविधि, कक्षा शिक्षण, परीक्षा सञ्चालन र नतिजा विश्लेषण आदिमा देखिएको छ। यी सबैमा पारदर्शिताको अभाव रहनु मुख्य समस्या हो।

शिक्षामा शिक्षा मन्त्रालय, शिक्षा विभाग, क्षेत्रीय शिक्षा निर्देशनालय, जिल्ला शिक्षा कार्यालय, स्रोत केन्द्र विद्यालय र शिक्षक मात्र नभई विद्यार्थीले समेत भ्रष्टाचार गरेका हुन्छन्। विद्यार्थीहरू पनि शिक्षामा गरिएको लगानीअनुरूप विद्यालयमा नियमित उपस्थिति नहुनु, शैक्षिक लगानीको महत्व नबुझ्नु, नियमित गृहकार्य नगर्नु, राम्रो नतिजा प्राप्त नगर्नु र छात्रावृत्तिका रूपमा दिइएको पैसा अन्य ठाउँमा खर्च गर्नु अनि परीक्षामा अमर्यादित काम गर्नु पनि भ्रष्टाचार हो। यसले शिक्षामा गरेको लगानीअनुरूपको प्रतिफल पाउनमा ठूलो असर पुऱ्याएको छ।

अहिलेको युगमा नेपालमा परम्परागत शिक्षा प्रणालीलाई अँगाल्नु त्यति राम्रो होइन। विभिन्न आधुनिक प्रविधि भित्र्याएर शिक्षाको गुणस्तर वृद्धि गर्नुपर्ने हुन्छ तर यसो हुन सकिरहेको छैन। अझ हाम्रो शिक्षा व्यावहारिक हुनुको सट्टा केवल परीक्षामुखी बन्दै गइरहेको छ। परीक्षामा पनि खाली ३ घन्टामा पूरै १ वर्षको ज्ञानको मापन गर्ने प्रविधि छ। यसले विद्यार्थीमा भएको व्यावहारिक पक्षको मापन गर्न सकिरहेको छैन। अहिले विश्वविद्यालयस्तरमा सेमेस्टर प्रणाली लागू भएपछि भने केही हदसम्म यस्तो प्रणालीमा बिस्तारै कमी आउने देखिन्छ। परीक्षामुखी भएकै कारण विद्यार्थीहरू जसरी पनि पास हुन अमर्यादित काम गर्ने गर्छन् भने शिक्षकहरूले प्रश्नपत्र परीक्षाअगावै वितरण गरेको उदाहरण अहिलेको चिकित्सा क्षेत्रमा देखिन्छ।

शिक्षामा भ्रष्टाचार मौलाउनुका प्रमुख कारण नियमित अनुगमनको अभाव, मूल्यांकन प्रविधिको राम्रोसँग प्रयोग नहुनु, शिक्षकहरू पेसाप्रति निष्ठावान् नहुनु, नीति निर्माण तथा योजनाको कार्यान्वयनमा बाधा आउनु, राजनैतिक अस्थिरता, सरोकारवाला निकायले जिम्मेवारी बहन गर्न नसक्नु, देशको परिस्थिति, बालबालिकाको आवश्यकता, इच्छा र चाहना साथै श्रमबजारको मागअनुरूप जनशक्ति उत्पादन गर्ने खालको पाठ्यक्रम नहुनु, समयमा पाठ्यपुस्तक उपलब्ध नहुनु, कक्षामा शिक्षकले राम्रोसँग शिक्षण नगर्नु, शिक्षामा गरिएको लगानी शिक्षाको विकासमा खर्च नभई अन्य ठाउँमा खर्च हुनु आदि प्रमुख कारण हुन्।

शिक्षामा गुणस्तर वृद्धि गर्न शिक्षाको भ्रष्टाचारलाई जरैदेखि हटाउनु आवश्यक देखिन्छ। यसका लागि शिक्षाका सबै क्षेत्रमा पारदर्शिता हुनुपर्छ। शिक्षाका योजना तथा नीति निर्माणदेखि लिएर पाठ्यक्रम निर्माण पाठ्यपुस्तक लेखन, सार्वजनिक सेवाको प्रभावकारिता, शिक्षक नियुक्तिमा देखिएको नातावाद र कृपावादलाई निर्मूल पार्ने र शिक्षामा गरिएको लगानीअनुरूप प्रतिफल भयो कि भएन भनेर अनुगमन तथा मूल्यांकन गर्ने, सूचना तथा सञ्चारलाई प्रभावकारी बनाउने, ढिलासुस्ती–अनियमिततालाई हटाउने, शिक्षक नियुक्ति गर्दा अनुभव र योग्यताका आधारमा राम्रालाई नियुक्त गर्ने, भ्रष्टाचारीलाई कारबाही गर्नेजस्ता कामहरू गरियो भने मात्र शिक्षाको गुणस्तर वृद्धि हुन्छ। सबैतिर सरोकारवाला निकायलाई जिम्मेवार बनाई शिक्षामा हुने भ्रष्टाचारसम्बन्धी जनचेता अभिवृद्धि गरेर सबैलाई सचेत बनाउनु अपरिहार्य देखिन्छ। यसो भए मात्र शिक्षामा हुने भ्रष्टाचार हट्ने र शिक्षित बेरोजगारको अवस्था अन्त्य हुने हुन्छ।

## पाठक पत्र

### आक्रमणको त्रासमा निर्वाचन

नयाँ संविधान कार्यान्वयनका लागि, देशको निकासका लागि, स्थायी सरकारका लागि पहिलोपटक हुन गइरहेको संघ र प्रदेशको निर्वाचन हुने दिन गन्न शुरु भइसकेको छ। उम्मेदवारहरू निर्वाचनको प्रचारप्रसारमा व्यस्त छन्। पार्टी कार्यकर्ता र सर्वसाधारणमा समेत चुनावी चासो बढ्दै छ। निर्वाचन अभियानले गति पकड्नै थाल्दा सुरक्षा चुनौतीसमेत थपिएको छ। विशेष गरेर रोल्पा र रुकुममा उम्मेदवारहरूलाई लक्षित गरेर भएका माइन बिष्फोटन र बम प्रहारका घटनाले निर्वाचनमा सुरक्षा व्यवस्था कायम गर्ने विषय गम्भीर बनेको छ। नुवाकोटको घटनाले पनि सबैका रौं ठाडा भएका छन्। उम्मेदवारको सुरक्षामाथि नै अप्ठ्यारो स्थिति सिर्जना हुनुलाई हल्कारूपमा हेर्न मिल्दैन र हेरिनु पनि हुँदैन। सातजना घाइते भएर उपचार गराइरहेका छन्। मान्छे मार्ने गरी भएको यो घटनामा संलग्नलाई हदैसम्मको कार्वाही गर्नुपर्छ।

यस्ता गतिविधि गर्ने देशद्रोही हुन्। भर्खरै सम्पन्न स्थानीय तहको निर्वाचन अपेक्षाकृत शान्तिपूर्णरूपमा सम्पन्न भएकोले आगामी चुनाव पनि त्यसैअनुरूप सम्पन्न हुने अपेक्षा गरिएको थियो। कुनै पनि व्यक्ति, समूह वा पार्टीले निर्वाचनमा भाग नलिन सक्छन्। यसलाई कसैले बहिष्कार भन्न सक्लान्। राजनीतिमा यस्ता कुरालाई स्वाभाविक मान्न सकिएला। चुनावमा भाग लिने अधिकार हरेक नागरिकलाई छ तर कसैले भाग लिन चाहन्न भने त्यो पनि नागरिक स्वतन्त्रताभित्र पर्छ। तर आफ्नो स्वतन्त्रता उपयोग गर्दा अर्काको हरण गर्न पाइन्न। यस्ता गतिविधिले मानवअधिकार हनन भएको छ। राज्यले सुरक्षा दिन नसकेर मानवअधिकार उल्लंघन गरेको छ।

विप्लव नेतृत्वको नेकपाले निर्वाचन विरोधी गतिविधि सञ्चालन गरिरहँदा उम्मेदवारलाई नै लक्षित गरेर बम विष्फोटनका घटनाहरू भइरहेका छन्। यी घटनामा उसको संलग्नता छ/छैन, आधिकारिक धारणा अहिलेसम्म आएको छैन। यस्ता क्रियाकलापको कसैले जिम्मा नलिने हो भने यसलाई निशंकोच आपराधिक प्रवृत्ति भन्न सकिन्छ। र, यो विप्लवले नै गर`पनि आपराधिक काम नै हो। देशद्रोही काम हो। निर्वाचनजस्तो जनताको अभिमत लिने अनुष्ठानमा अवरोध सिर्जना गर्ने र त्यसलाई हिंसात्मक रूप दिने हो भने त्यसबाट नकारात्मक प्रतिफल मात्र हात लाग्नेछ। यसैलाई सम्बद्ध पक्षले समयमै बुझ्न सक्नुपर्छ।

नेपाली समाजले लामो समयदेखि हिंसात्मक घटनाहरू बेहोर्दै आएको छ। अब फेरि पछाडि फर्किन सम्भव छैन। मुलुक राजनीतिक स्थायित्व र आर्थिक समृद्धिको यात्रामा अगाडि बढिसकेको छ। सबै राजनीतिक दल र आमजनताको चाहना यही हो। प्रदेश एवं संघको निर्वाचनपछि अबको यात्रा अझ सहज र सरल भएको छ। यसमा अवरोध पुऱ्याउन तत्काल सम्भव छैन।

निर्वाचनको दौरानमा हुने हिंसात्मक घटनाहरू रोक्न सरकार, राजनीतिक दल र जनता एकताबद्ध हुन जरुरी छ। विशेष गरी शान्ति सुरक्षाको जिम्मेवारी मूलरूपमा सरकारकै हुन्छ। विडम्बना नै मान्नुपर्छ, चुनाव सम्पन्न गर्ने सुरक्षाको जिम्मेवारी बोक्ने गृहमन्त्री नै नभएको अवस्था छ। गृह मन्त्रालय अहिले प्रधानमन्त्रीको जिम्मामा छ। यसबाट सरकार सुरक्षाजस्तो संवेदनशील सवालमा गम्भीर नभएको सन्देश गएको छ। यति बेला विशेष गरेर उम्मेदवारहरूको सुरक्षाप्रति सरकार गम्भीर बन्न जरुरी छ। अझै पनि गम्भीर नबने सरकारले नै निर्वाचन भाँड्ने खेल खेलेको स्पस्ट हुन्छ।

*- राधेश्याम सुन्दर, काठमाडौं*

### एक करोड युवाको व्यवस्थापन गर

नेपालको जनसंख्या ३ करोड पनि पुगेको छैन। २०६८ को जनगणना र त्यसयताको प्रक्षेपण हेर्दा अहिले नेपालको जनसंख्या २ करोड ८० लाखको हाराहारीमा छ। मानिसलार्य उमेर समूहका हिसाबले तीन समूहमा विभाजन गर्न सकिन्छ। बालबालिका, युवा वा वयष्क र ज्येष्ठ नागरिक गरेर तीन समूहमा विभाजन गर्ने हो भने युवाको संख्या एक करोडको हाराहारीमा छ भन्न सकिन्छ। अन्य उमेर समूहभन्दा युवाहरूको संख्या बढी नै हुने भएकाले एक करोड बढी युवा छन् भन्न सकिन्छ।

केही दिनअघि मात्र एउटा तथ्यांक सार्वजनिक भएको छ- बितेको १० वर्षमा ३४ लाख युवा विदेशिएका छन्। खास गरी २०६२ सालयता ३५ लाख बढी युवा विदेशिएको तथ्यांक बाहिर आएको छ। यो नेपालबाट श्रम स्वीकृति लिएर वैधानिकरूपमा विदेश जानेहरूको संख्या हो। तेस्रो मुलुक हुँदै गैरकानुनीरूपमा विदेश गएकाहरूको समेत संख्या हेर्दा आधा करोड युवा अहिले पनि विदेशी भूमिमा सस्तो मूल्यमा श्रम बिक्री गरिरहेको देखिन्छ। एक करोडको हाराहारीमा रहेका नेपाली युवामध्ये आधा युवाहरू विदेश जानु समग्र देश निर्माणका हिसाबले पनि निकै गम्भीर र संवेदनशील सवाल हो।

१९ दिने आन्दोलनपछि लोकतन्त्र स्थापना, संविधानसभाको चुनाव, गणतन्त्र घोषणा हुँदै २०७२ असोज ३ गते संविधान जारी भयो। यो १० वर्षको अवधिमा नेपाली राजनीतिमा उथलपुथलकारी परिवर्तन भयो। राजनीतिक परिवर्तन भए पनि राजनीतिक स्थायित्व कायम हुन सकेन। जसले गर्दा विकास निर्माण र आर्थिक समृद्धिको क्षेत्र निकै पछाडि परेको छ। फेरि अर्को चुनाव आउँदै छ। अब भने युवा पलायनका विषयमा गम्भीर हुन जरुरी छ। युवाहरूको विदेश पलायन राजनीतिक परिवर्तन भए पनि त्यसलाई संस्थागत गर्दै राजनीतिक स्थायित्वसहित देश विकासको अभियान शुरु नगर्दाको प्रतिफल हो।

अहिले गाउँहरू पूरै वृद्धाश्रमजस्ता देखिन्छन्। युवा जति विदेश पुगेका छन्। विदेशिएका युवाका छोराछोरीको अध्ययनका लागि श्रीमतीसहित सन्तानहरू बजार पसेका छन्। गाउँमा वृद्धवृद्धाहरूले कठिन श्रम गरेर जीवन निर्वाह गर्नुपर्ने बाध्यता छ। जसले गर्दा खेती घटेर हरेक वर्ष बाँझो जमिन बढिरहेको छ। एकातिर हामी आत्मनिर्भर अर्थतन्त्रको कुरा गरिरहेका छौं, देशको पुनर्निर्माण र नवनिर्माणको कुरा गरिरहेका छौं भने अर्कोतिर सक्रिय जनसंख्याको रूपमा रहेका आधाभन्दा बढी युवाहरू विदेशमा छन्। अहिले भूकम्पप्रभावित क्षेत्रमा काम गर्ने जनशक्तिको अभाव देखिन थालिसकेको छ। त्यसैले युवाहरूलाई स्वदेशमै आकर्षित गर्ने योजना ल्याउन अपरिहार्य भएको छ।

*- नरेन्द्र सुनार, भद्रपुर*

## सामाजिक सञ्जाल



रोएर केही हुन्न भन्ने थाहा छ सबैलाई, बस् मन बुझाउन मात्र रून्छन् मान्छे, म हाँसेर बुझाउँछु। कोही गोहीको आँसु झार्छन् त कोही बेकारको हाँसो देखाउँछन्।

**Disaster kamal**
**@kamal_kafle**



तपाईं अरूको रिस गर्नुस्, तर यो हैन कि उसको रिस गरेर मात्र बस्नुस्। उसको के कुराप्रति तपाईंलाई रिस उठेको छ, त्योभन्दा राम्रो काम गरेर देखाउनुस्। अनि सफलता आफैं प्राप्त हुन्छ।

रोजी
**@khanal_roji**



पहिले–पहिले जन्मकै आधारमा एक भाग्यमानी शासक हुन्थे, एक युवराज हुन्थे, एकाध शासक परिवारका हुन्थे, केही जर्नेल हुन्थे। आजभोलि धेरै अभागीहरु जन्मका आधारमा शासक वर्ग, सम्भ्रान्तमा दरिन्छन्, प्रतिगामी भनिन्छन्। अनि केही भाग्यमानीहरु जन्मकै आधारमा प्रगतिशील हुन्छन्।

**Budhi Karki**
**@BudhiKarki**

बलम्बुस्थित यातायात व्यवस्था कार्यालयमा मोटरसाइकलको ब्लुबुक नवीकरण गर्न गएकी एक महिलामाथि एक दलालले कार्यालयको हाताभित्रै आक्रमण गरेका छन्।

# नेपाल

# निर्वाचनपछि सरकार गठन हुन दुई महिना लाग्ने

**नेपाल समाचारपत्र**
काठमाडौं

नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७४ निर्वाचन परिचालन समितिका संयोजक बालकृष्ण खाँणले प्रथम चरणअन्तर्गत आउँदो १० गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको नेपाली कांग्रेस तयारी अवस्थामा रहेको बताउनुभएको छ।

कांग्रेस नेता खाँणले दुवै चरणको निर्वाचन सम्पन्न भएपछि पनि मतगणना र समानुपातिकका प्रतिनिधि चयनमा लाग्ने समयका कारण नयाँ सरकार बन्न २ महिना लाग्ने बताउनुभएको छ। 'दुवै चरणको निर्वाचनपछि पहिले प्रत्यक्षतर्फको मतगणना हुनेछ, त्यसपछि समानुपातिकको गणना हुनेछ', उहाँले भन्नुभयो- 'प्रतिनिधिसभा र राष्ट्रियसभासहितको संघीय संसद्मा महिलाको प्रतिनिधित्व ३३ प्रतिशत राखिएकाले सो अनुपात मिलाउन निर्वाचन आयोग र राजनीतिक दलहरूलाई लामो समय लाग्ने देखिन्छ।' निर्वाचन सकिएको झण्डै २ महिनापछि मात्र नयाँ सरकार बन्न सक्छ। त्यस बेलासम्म यही सरकार रहने उहाँको भनाइ थियो।

पार्टीभित्र र अन्य स्वतन्त्र निकायको सूचनाका आधारमा अहिलेसम्म नेपाली कांग्रेसको बहुमत आउने अवस्था रहेको भन्दै उहाँले निर्वाचनपछि नेपाली कांग्रेसको नेतृत्वमा लोकतान्त्रिक गठबन्धनका सहयोगी दलहरूको सरकार बन्ने दाबी गर्नुभएको छ।

आइतबार पार्टी केन्द्रीय कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा नेता खाँणले नेपाली कांग्रेसले पहिलो चरणको निर्वाचन हुने ३२ जिल्लाका प्रतिनिधिसभाका ३७ र प्रदेशसभाका ७४ निर्वाचन क्षेत्रहरू नेपाली कांग्रेसका उम्मेदवारहरूको प्रचारप्रसार उत्कर्षमा रहेको पनि बताउनुभएको थियो। यी जिल्लाहरूमा पार्टीले मतदान केन्द्रमा खटिने प्रतिनिधिहरूको चयन र प्रशिक्षण, मतदाता प्रशिक्षण पनि गरेको उहँको भनाइ थियो।

पत्रकार सम्मेलनमा उहाँले केही दिनयता शृंखलाबद्धरूपमा नेपाली कांग्रेसका शीर्ष तहका र अन्य दलका पनि नेताहरूलाई लक्षित गरी भएका आक्रमणको निन्दा गर्दै भयरहित वातावरण सिर्जना गर्न सरकारसँग आग्रह गर्नुभएको छ। निर्वाचनलाई स्वच्छ र निष्पक्ष बनाउन निर्वाचनमा खटिएका कर्मचारीको पनि महत्त्वपूर्ण भूमिका हुने उल्लेख गर्दै निर्वाचनमा खटिने सुरक्षाकर्मीसहित राष्ट्रसेवक कर्मचारीको सुरक्षाको समुचित प्रबन्ध गर्न पनि उहाँले सरकारसँग आग्रह गर्नुभएको थियो।

यस्तो आक्रमणमा माओवादीले चलाएको द्वन्द्वकालका लडाकू, शिविरमा रहेका तथा प्रशिक्षित भएका तर अयोग्य भनेर बाहिरिएका लडाकूहरूको उपयोग भएको पाइएको कांग्रेस नेता खाँणको भनाइ थियो। आफूलाई कम्युनिस्ट भन्ने समूहका नामबाट यी आक्रमणको जिम्मा लिइएकाले कतै नेपाली कांग्रेस र लोकतन्त्रिक गठबन्धनप्रति आस्थावान मतदातालाई तर्साउन कथित वाम गठबन्धनकै सहमतिमा त यस्ता आक्रमण भएको हैन भन्ने आशंका पनि उब्जएको उहाँले बताउनुभएको छ।

## भारतद्वारा दु:ख व्यक्त

काठमाडौं, (नेस)

छिमेकी मुलुक भारतले नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' का छोरा साकार दाहाल 'प्रकाश' को निधनप्रति गहिरो दु:ख व्यक्त गरेको छ।

भारतीय विदेशमन्त्री सुषमा स्वराजले आइतबार अपराहन सामाजिक सञ्जाल ट्वीटरमार्फत प्रचण्डका छोराको निधनको खबरले स्तब्ध भएको बताउनुभएको छ। उहाँले ट्वीटमा उल्लेख गर्नुभएको छ- 'हामी नेपालका पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' का छोरा प्रकाश दाहालको आकस्मिक निधनको खबर सुन्दा निकै दु:खी भएका छौं। शोकाकुल परिवारप्रति हामी हार्दिक समवेदना प्रकट गर्न चाहन्छौं।'

यसअघि आइतबार दिउँसो नेपालका लागि भारतीय राजदूत मञ्जिमसिंह पुरी माओवादी हेडक्वाटर कोटेश्वर पुगेर प्रकाशको शवमा श्रदाञ्जली व्यक्त गर्नुभएको थियो।

## फोटो प्रदर्शनी शुरू



काठमाडौं, (नेस)

अन्तर्राष्ट्रियस्तरको फोटो प्रदर्शनी थापागाउँको लेखन कुञ्जमा शुरू भएको छ। गुम्बा ग्लान्स नामक फोटो प्रदर्शनीमा नेपाली फोटोग्राफर सुरञ्जन कोइरालाले खिचेका पाँच दर्जन फोटो राखिएका छन् भने फोटोलाई म्यानेज गर्ने काम इजरायली नागरिक सोहाम सेफिले गरेका हुन्।

कार्यक्रमको उद्घाटन गर्दै नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको कुलपति रागिनी उपाध्यायले नेपालमा यसखाले फोटो प्रदर्शनी आयोजना गरेर आयोजक घोस्ट राइटिङ नेपाले असाध्यै राम्रो शुरुआत गरेको बताइन्। 'लेखन क्षेत्रमा लागेको संस्थाले आर्ट, फोटोलाई स्थान दिएर आयोजना गर्नु सुन्दर कुरा हो' -उनले भनिन्।

गुम्बाका बच्चाको फोटो राखिएको त्यो प्रदर्शनीबाट उठेको रकम गुम्बाका बच्चालाई प्रदान गरिने फोटोग्राफर सुरञ्जन कोइरालाले बताए। 'मानवीय कार्यका लागि फोटो पनि एक कारक बन्न सक्छ, यही प्रयास हामीले यहाँ गरेका हौं' -उनले भने।

इजरायली नागरिक सोहामले इजरायली नागरिकले पनि गुम्बाको फोटोमा बहुत रुचि देखाएकाले इजरायलमा पनि छिट्टै यो प्रोग्राम गरिने र लगत्तै फ्रान्समा पनि त्यस्तै कार्यक्रम राखिने बताए। उनले भने- 'संसारभरका सहयोगी हातबाट आफूले भूकम्पमा परेका यी बालबालिकाका लागि फोटोमार्फत मानवीय सहयोग गर्न पाउँदा म निकै खुसी छु।' कार्यक्रमको सञ्चालन घोस्ट राइटिङ नेपालका विनोद कुलुङले गरेका थिए। कार्यक्रममा घोस्ट राइटिङ नेपालका अध्यक्ष कमल ढकाल, वरिष्ठ पत्रकार टंक पन्तलगायतले बोलेका थिए।

## दुई मिनेट

### सुनसहित नगद लुटपाट

काठमाडौं, (नेस)

धरान उप-महानगरपालिका-१९ सगरमाथा चोक बस्ने बालमनी राईको घरबाट आइतबार सुनको गरगहना साढे ११ तोला र नगद ५० हजार रुपियाँ लुटपाट भएको छ। नम्बर नखुलेको पल्सर मोटरसाइकलमा आएका ३ जनाले तपाईंको छोराको साथी हौं तपाईंहरूको घरमा बन्दुक छ भनी बालमनी राईको श्रीमती उज्जन माया राईलाई दराज खोल्न लगाई दराजभित्र रहेका गहनासहित नगद लुटी कोठामा उनलाई थुनेर फरार भएका थिए। फरार लुटेराको खोजतलास गर्नुका साथै प्रहरीले यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

### विभिन्न धनमाल चोरी

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-७ धुम्बाराही पञ्चकुमारीमार्गस्थित भवनाथ गौतमको घरमा डेरा गरी बस्ने काभ्रे पाँचखाल-३ घर भएका रामप्रसाद हुमागाईंको कोठाबाट आइतबार नगद ६० हजार, सुन र चाँदीका विभिन्न गरगहनासमेत गरी करिब १ लाख २९ हजार रुपियाँ बराबरको धनमाल चोरी भएको छ।

त्यसै गरी काठमाडौं, कीर्तिपुर नगरपालिका-४ सल्यानथानस्थित शोभा गोतामेको टिनको टहरा भएको घरबाट आइतबार चाँदी ४ तोला, सुनको मंगलसुत्र १ तोला र सुनको झुम्का १ तोला गरी करिब १ लाख १५ हजार रुपियाँ बराबरको धनमाल चोरी भएको छ। फरार चोरको खोजी गर्नुका साथै यस सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### पत्रकार रिहाइको माग

काठमाडौं, (नेस)

पछिल्ला केही दिनयता प्रहरीले पत्रकार महासंघका सदस्यहरूलाई गिरफ्तार गरेको घटनाप्रति नेपाल पत्रकार महासंघले आपत्ति जनाएको छ। प्रहरीले जलजला मासिकका सम्पादक खेम थपलिया, निहिगु ज्वज्वलोप्पा मासिकका प्रधानसम्पादक जितेन्द्र महर्जनलाई काठमाडौंबाट, जायश्वर आचार्य र प्यूठान मिसन मासिकका कार्यकारी सम्पादक पदमप्रसाद पोखेलेलाई प्यूठानबाट र जनप्रभात साप्ताहिकका प्रधानसम्पादक कालिबहादुर महतारालाई कालिकोटबाट पक्राउ गरिएको छ।

पक्राउ परेकामध्ये केहीलाई पत्रकारिताकै सिलसिलामा र केहीलाई निजी कामको सिलसिलामा रहेका बेला पक्राउ गरी हिरासतमा राखिएको छ। महासंघले गिरफ्तारीमा परेका सबै पत्रकारको रिहाइको माग गरेको छ।

## सिनेमा कर्नर










## विशेष अदालतमा मुद्दा दायर

**नेपाल समाचारपत्र**
काठमाडौं

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले वैदेशिक रोजगार विभागमा कार्यरत कम्प्युटर अपरेटर भाग्यनारायण झाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ।

१० लाख रुपियाँ घूस काण्डमा वैदेशिक रोजगार विभागका महानिर्देशकसहित तीन कर्मचारी पक्राउ परेको एक साता नबित्दै विभागकै कर्मचारीविरुद्ध अदालतमा मुद्दा दायर भएको हो।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विभागको तहाचलस्थित श्रम कार्यालयमा कार्यरत कम्प्युटर अपरेटर भाग्यनारायण झाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको बताइएको छ।

झाले वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिने सेवाग्राहीसँग विभिन्न बहानामा बिचौलिया खडा गरेर घूस लिएको भेटिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता जीवराज कोइरालाले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

उहाँले भन्नुभयो- 'हामीले विशेष सूचनाका आधारमा झाविरुद्ध मुद्दा दायर गरेका हौं। अब अनुसन्धान प्रक्रिया शुरू हुन्छ।' झाले श्रम स्वीकृति लिने सेवाग्राहीसँग विभिन्न व्यक्तिमार्फत २८ हजार ५ सय घूस लिएको अख्तियारले दाबी गरेको छ। अख्तियारले पछिल्लो समयमा कर्मचारीमाथि विशेष निगरानी बढाएको छ।

केही दिनअघि वैदेशिक रोजगार विभागका महानिर्देशक विश्वराज पाण्डेलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले १० लाख घूससहित पक्राउ गरेको थियो।

पाण्डेलाई चाबहिलस्थित अम्बे अपार्टमेन्टबाट घूस लिँदै गर्दा अख्तियारले रंगेहात पक्राउ गरेको जनाइएको छ। अख्तियारले पक्राउ गरेका विभागका शाखा अधिकृत कृतिबल्लभ पौडेल र नायब सुब्बा खड्ग केसीको बयानका आधारमा पाण्डेलाई पक्राउ गरिएको थियो।

**पदमार्ग निर्माणका लागि बोलपत्र आह्वान**

यस कार्यालय अन्तर्गत मकालु वरुण राष्ट्रिय निकुञ्जको मकालु गाउँपालिका स्थित बरुणखोला-फेमाताङ्ग-याङ्ले-शिवधारा पदमार्ग निर्माण गर्न लागत रु. २२,०६,८५६।७३ (बाइस लाख छ हजार आठ सय छपन्न पैसा त्रिहत्तर मात्र, भ्याट र कन्टिन्जेन्सी बाहेक) मा निर्माण गर्नु पर्ने भएकोले इच्छुक निर्माण व्यवसायीहरुलाई यो ३० दिने सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र बोलपत्र फाराम खरिद गरि ३१ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराउन सकिनेछ। यस विषयको विस्तृत सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ। अन्य जानकारीका लागि यस कार्यालयमा (०२९-५६०१३६) मा सम्पर्क राख्न जानकारी गराईन्छ।

**मकालु वरुण राष्ट्रिय निकुञ्ज कार्यालय**
संखुवासभा

**अग्नि यातयात प्रा. लि.**

दिवा सेवा काठमाडौं बिहान ८ बजे पोखरा ८ बजे रात्री
सेवा काठमाडौंबाट काँकड्भिट्टा र धरान
फोन. नं. ०१४२८५६३३
मो. नं. ९८४१५७९६९७ (शम्भु)

**माउन्ट मकालु यातायात सेवा**

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## कार्यालय प्रमुखकै अगाडि महिलामाथि हातपात

**नेपाल समाचारपत्र**
काठमाडौं

बलम्बुस्थित यातायात व्यवस्था कार्यालयमा मोटरसाइकलको ब्लुबुक नवीकरण गर्न गएकी एक महिलामाथि एक दलालले कार्यालयको हाताभित्रै आक्रमण गरेका छन्।

बैंकमा पैसा बुझाएर नवीकरणका लागि लाइनमा बसेकी शारदा पाण्डेलाई घच्याउँदै ब्लुबुक नवीकरण गराइदिने ठेक्का लिएर पैसा असुल्ने गरेका दलाल अगाडि बढ्न लागेपछि पाण्डेले त्यसको विरोध गर्नासाथ दलालले आक्रमण गरेको थियो।

कार्यालय हाताभित्रै ती महिलामाथि दलालले आक्रमण गर्दासमेत कार्यालयका कर्मचारीहरूले बेवास्ता गरेका कारण अक्रमणकारी भाग्न सफल भएको थियो। कार्यालयकै मिलोमतोमा दलालहरू सक्रिय भएको कारण पनि लाइनमा बसेकी ती महिलालाई लात्तीले हानेर लडाउँदा पनि कार्यालयका कर्मचारीले देखेर पनि नदेखेझैं गरेको सेवाग्राहीको आरोप छ।

हिमाल इन्सुरेन्सको ठेकदारी गर्ने अनिश राई नामको दलालले अक्रमण गरेपछि शारदासहितका अन्य महिलाले कार्यालयका प्रमुख गणेश अर्याललाई भेटी सीसी क्यामराको के मतलब भयो भनेर गुनासो गर्दा उनले कारबाही गर्ने वचनबद्धता व्यक्त गरेको बताइएको छ। कार्यालयकै मिलोमतोमा दलालीहरू इन्स्युरेन्स एवं नवीकरण छिटोभन्दा छिटो गरिदिने भन्दै सेवा लिन जानेहरूलाई मूलढोकादेखि नै पछि लाग्ने गर्छन्। दलालको आक्रमणबाट घाइते शारदालाई त्रिपुरेश्वर ब्लुक्रसमा उपचारका लागि लगिएको थियो।

शारदासहितका महिलाले कार्यालयका कर्मचारीले सजिलो गरी काम नगरिदिने तर, दलालीमार्फत चाँडो गरिदिने गरेका कारण पनि दलालीहरूको मनोबल बढ्ने गरेको भन्दै महिलाको समूहले कार्यालय प्रमुखसमक्ष गुनासो गर्दा कार्यालय प्रमुख अर्याल र अर्का अधिकारी अनिल खनाल नाजवाफ भएका थिए।

**Government of Nepal (GoN)**
**Ministry of Urban Development**
**Department of Urban Development and Building Construction**
**Division Office Parsa**

**Amendment in IFB**

Date of publication: 20th November 2017 (4 Mansir, 2074)

This is to notify to all concerned bidders who choose to bid in following bids, the last date of bid purchasing has been extended upto office hour of 13th December 2017 and bid submission and opening date will be 14th December 2017 at the same time as given in IFB notice.

| Sn | Contract ID Number |
|---|---|
| 1 | DUDBC/Parsa/NCB-11, Maulapur Rautahat |
| 2 | DUDBC/Parsa/NCB-12, Maulapur Rautahat |
| 3 | DUDBC/Parsa/NCB-13, Maulapur, Rautahat |
| 4 | DUDBC/Parsa/NCB-14, Maulapur, Rautahat |
| 5 | DUDBC/Parsa/NCB-15, Katahariya, Rautahat |
| 6 | DUDBC/Parsa/NCB-16, Gujaramai, Rautahat |
| 7 | DUDBC/Parsa/NCB-17, Devahi- Gonahi, Rautahat |

Division Chief

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : रोग बल्झिने सम्भावना, थालेको काम अधुरो, व्यर्थमा खर्च।
**वृष** : जीवनसाथीसँगको सम्बन्ध प्रगाढ हुँदा लाभ, समस्या समाधान।
**मिथुन** : धन प्राप्ति, प्रतिस्पर्धीहरूमाथि विजय, पढाइमा सफलता।
**कर्कट** : कार्य सफल, लगानीको प्रतिफल प्राप्ति, इष्टमित्रबाट सहयोग।
**सिंह** : अपच, झाडापखालाको सम्भावना, दिनचर्या अस्तव्यस्त, तनाव।
**कन्या** : आर्थिक लाभ, प्रतिष्ठा वृद्धि, सम्मानित हुने सम्भावना।
**तुला** : धन प्राप्ति, बौद्धिक क्षमता वृद्धि, सुख-सन्तोषको अनुभूति।
**वृश्चिक** : खाद्यान्न-मिष्ठान्न भोजन, उपहारादि वस्तु पाइने सम्भावना।
**धनु** : खर्च, चोटपटकको सम्भावना, काममा बाधा-व्यवधान।
**मकर** : कसैबाट केही पाइने सम्भावना, इष्टमित्रबाट सहयोग, सन्तोष।
**कुम्भ** : आनन्दको महसुस, गरेका कामबाट सन्तुष्टि एवं लाभ।
**मीन** : राज्यका तर्फबाट फाइदा, मान-प्रतिष्ठा वृद्धि, बोलीको कदर।

# नेपाल

{ गाउँमा मतदाता शिक्षाका लागि पुगेका स्वयंसेवकका साथमा रहेका नमुना मतपत्र, पर्चा, पम्लेटलगायतका सामग्री नियन्त्रणमा लिएर च्यातिदिएको मतदाता शिक्षा कार्यकर्ता राधिका शर्माले बताइन्।

## 'अब विद्यार्थीले त्रासमा पढ्नुपर्दैन'

### पाहार ट्रस्ट युकेको सहयोगमा धम्पुसमा विद्यालय भवन निर्माण

धन बस्नेत, पोखरा



भूकम्पले जीर्ण थियो भवन। वर्षामा टिनबाट कक्षाकोठामै पानी चुहिन्थ्यो। तर अब विद्यालय भवनको मुहार फेरिएको छ। विद्यार्थी भूकम्प प्रतिरोधात्मक भवनभित्र बसेर पढेका छन्। शिक्षकलाई पनि आकाश हेरेर पठनपाठन गराउनुपर्ने बाध्यता दीर्घरूपमा हटेको छ।

व्यक्तिविशेषले निर्माण गरेको भवन बनाउन विदेशी र स्थानीयबासिन्दाले सहयोग जुटाए। २०१६ सालमा स्थापित माछापुच्छ्रे गाउँपालिकास्थित धम्पुसमा रहेको उदय माविले नयाँ स्वरूप पाउन युकेको पाहार टस्टले दातृ निकायको भूमिका निर्वाह गर्‍यो। जुन भवनलाई शनिबार मात्रै ट्रस्ट युकेका अध्यक्ष जे हवाई ग्रेनीले विद्यालय व्यवस्थापन समितिलाई उद्घाटनसँगै हस्तान्तरण गर्‍यो।

ग्रेनीले विद्यालय भवन हस्तान्तरण गर्दै भने- 'बालबालिकाको गुणस्तरीय शिक्षा प्रदान गर्नेछ भन्ने मैले आशा गरेको छु।' पठनपाठनका लागि भौतिक पूर्वाधार पहिलो शर्त भएको भन्दै उनले भौतिक पूर्वाधारअनुसार नै अब शिक्षामा गुणस्तरीयता ल्याउनुपर्नेमा जोड दिए।

उदय गुरुङले स्थापना गरेको विद्यालयले उनकै छोरा कमल गुरुङको पहलमा नयाँ आकार पाएको थियो। युकेमा रहेका कमल गुरुङले पाहार ट्रस्ट नेपालका अध्यक्ष चन्द्रबहादुर गुरुङसँगको सम्पर्कमा दातृ सहयोग जुटेको थियो। पाहार ट्रस्ट युकेले धम्पुसको विद्यालय बनाउन ६४ लाख ३१ हजार ५५४ रुपियाँ सहयोग दियो। स्थानीय भक्तबहादुर गुरुङले पनि आफ्नो बाबुआमाको स्मृतिमा ८ लाख सहयोग गर्दै कक्षकोठामा नाम लेखाए। विद्यार्थीलाई अब जीर्ण भवनमा हृदयजस्तो त्रासमा पढ्नुपर्ने बाध्यता अब छैन।' प्र‌अ क्षेत्रीको भनाइ थियो। उनले थपे- 'भवनभित्र जिप्सन लगाइएको छ। गर्मीको तातो नहोस् र जाडोमा चिसो नहोस् भन्ने उद्देश्यले जिप्सन राखिएको हो।' पहिलो तलामा ढलान र दोस्रो तलामा भने ट्रस हालिएको छ। हस्तान्तरण समारोहमा विद्यालय निर्माणमा सहयोगी भूमिका निर्वाह गरेका एनआरएन युकेका पूर्वअध्यक्ष मुक्तेश्वर गुरुङ, मनकाजी गुरुङलगायतलाई सम्मानित गरिएको थियो।

हजार ११४ रुपियाँ आर्थिक सहयोग जुटाए। संकलित ८२ लाख ५८ हजार १३६ रुपियाँ सहयोगबाट उदय माविको १० कोठे भवन निर्माण गरिएको विद्यालयको प्रधानाध्यापक धनबहादुर क्षेत्रीले आय व्यय सार्वजनिक गर्दै सुनाए।

विद्यालयमा अहिले १५० विद्यार्थी अध्ययनरत छन्। एलकेजी, युकेजी हुँदै १० कक्षासम्म पठनपाठन हुँदै आएको छ। 'हाम्रो लक्ष्य अब १० जोड २ अध्ययन गराउने हो।' विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बलराम भण्डारीले भने- हिजो भौतिक पूर्वाधार थिएन। तर अब पूर्वाधारयुक्त भएका छौं। अब विस्तारै उच्च शिक्षाका कक्षा सञ्चालन गर्नेछौं।'

बसाइँसराइले विद्यार्थीको संख्या कम छ। यद्यपि विद्यालयले विद्यार्थीलाई बोर्डिङ स्कुल जानबाट रोक्नुपर्ने चुनौती भएकाले विद्यालयमै अंग्रेजी माध्यमबाट समेत पढाइ शुरू गरिएको अध्यक्ष भण्डारीको भनाइ छ। विद्यालयमा निजी र दरबन्दी गरी १७ शिक्षकशिक्षिकाले अध्यापन गराउँदै आएका छन्।

## विप्लवका चार कार्यकर्ता पक्राउ

गणेश घिमिरे, इलाम

निर्वाचन नजिकिँदै गर्दा उम्मेदवारमाथि लक्षित गर्दै देशभर भइरहेका बम विस्फोट, गोली प्रहारलगायतका घटना बढेपछि इलाममा सुरक्षा सतर्कता बढाइएको छ। यस्ता घटनामा निर्वाचनमा भाग नलिएको तथा स्थानीय तहको निर्वाचनबाटै विरोध जनाउँदै निर्वाचन भाँड्ने किसिमका गतिविधि गर्दै आएको विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का नेता कार्यकर्तामाथि प्रहरीले कडा निगरानी गर्दै आएको छ।

उनीहरूलाई प्रहरीले देशका विभिन्न ठाउँबाट पक्राउ गरिरहेको छ। यसै क्रममा जिल्ला प्रहरी कार्यालय इलामले पनि विप्लव नेतृत्वका ४ जना कार्यकर्तालाई इलाम नगरपालिका र देउमाई नगरपालिकाबाट पक्राउ गरेको छ। पक्राउ पर्नेमा एक महिला र एकजना वृद्धसमेत रहेका छन्। प्रहरी नायब निरीक्षक डिकराज प्रसाईंका अनुसार माइसेबुङ गाउँपालिका स्थायी ठेगाना भई हाल इलाम नगरपालिका-८ बस्ने ३२ वर्षीया वसुन्धरा कार्कीसहित इलामनगरपालिका वडा नम्बर ११ का २५ वर्षीय सञ्जिव फागो, वडा नम्बर १ का २८ वर्षीय विशाल राई र देउमाई नगरपालिका-८ का ६६ वर्षीय मोहन बराल पक्राउ परेका छन्। आसन्न प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचनलाई प्रभावित पार्ने गतिविधिमा संलग्न रहँदै आएको तथा निर्वाचनलाई बिथोल्ने गरी योजना बनाउन लागेको पाइएकाले उनीहरूलाई पक्राउ गरेको प्रहरीले जनाएको छ।

यसै क्रममा प्रहरीले विप्लवका कार्यकर्ता भन्दै नेपाली कांग्रेसका कार्यकर्तालाई पक्राउ गरेको कांग्रेसले आरोप लगाएको छ। प्रहरीले कांग्रेसकी सक्रिय कार्यकर्ता वसुन्धरा कार्कीलाई पक्राउ गरेको जनाएको छ। विगतमा अन्य पार्टीमा भए पनि २०७३ सालमा कांग्रेसको साधारण सदस्यता काटेको तथा स्थानीय तहको निर्वाचनमा पनि कांग्रेसको पक्षमा मत माग्दै हिँड्ने कांग्रेस कार्यकर्ता कार्कीलाई पक्रेर प्रहरीले इलामको निर्वाचन भाँड्न खोजेको आरोप पनि लगाएको छ। प्रहरीले भने पक्राउ परेका चारैजनाको निर्वाचन भाँड्ने किसिमको यथेष्ट प्रमाणहरूका आधारमा पक्राउ गरेको दाबी गरेको छ। पक्राउ परेकालाई निर्वाचनपछाडिमात्र रिहा गर्ने जनाएको छ। उनीहरूलाई अहिले सार्वजनिक अपराधअन्तर्गत मुद्दा दर्ता गरेर कार बाही प्रक्रिया अघि बढाइसकेको छ। जिल्लामा अर्कै पनि निर्वाचन भाँड्न सक्नेहरू भएकाले उनीहरूको पनि खोजी कार्य भइरहेको प्रहरीले बताएको छ।

सरकारले निर्वाचनविरुद्ध लाग्ने जो कोहीलाई पनि तत्काल पक्राउ गरेर कारबाही गर्न देशैभरका जिल्ला प्रहरी कार्यालयलाई निर्देशन दिएको छ। जसअनुरूप अहिले निर्वाचन भाँड्न सक्रिय रुपमा लागेको विप्लव नेतृत्वको नेकपाका नेता कार्यकर्तालाई प्रहरीले धमाधम पक्राउ गर्दै आएको छ। यसैअनुरुप इलाम प्रहरीले पनि सक्रियता बढाएको हो।

### विप्लवका ५ कार्यकर्ता पक्राउ

बैतडी, (नेस)

देशका विभिन्न ठाउँमा उम्मेद्वार माथि आक्रमण भईरहेका बेला बैतडीमा नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीका ५ जना नेता कार्यकर्तालाई प्रहरीले पक्राउ गरेको छ।

नेकपाका कार्यकर्ताहरूले चुनाव विरोधी गतिविधि गर्न सक्ने भन्दै उनीहरूलाई जिल्लाका विभिन्न स्थानबाट नियन्त्रणमा लिएको प्रमुख जिल्ला अधिकारी सिद्धराज जोशीले जानकारी दिनुभयो।

नेकपा कार्यकर्ताहरूलाई पाटन, पुर्चौडी र सित्तडबाट नियन्त्रणमा लिइएको हो। यस्तै निर्वाचनलाई मध्यनजर गरेर जिल्लाभरी सुरक्षा अवस्था कडा पारिएको प्रमुख जिल्ला अधिकारी जोशीले जानकारी दिनुभयो। चुनावका लागि जिल्लाभरी नेपाल प्रहरी, सशस्त्र प्रहरी,नेपाली सेना र म्यादी प्रहरी परिचालन गरिएको छ।

## दाहालको निधनले गम्भीर क्षति

हेटौंडा, (नेस)

नेकपा माओवादी केन्द्रका मकवानपुर अध्यक्ष प्रेमबहादुर पुलामीले माओवादी नेता तथा प्रचण्डपुत्र प्रकाश दाहालको निधनको खबरले माओवादी मकवानपुरलाई गम्भीर चोट पुगेको बताउनुभएको छ।

हृदयघातका कारण आइतबार बिहान निधन भएका दाहाललाई श्रद्धाञ्जली व्यक्त गर्दै पुलामीले शोकको घडीलाई शक्तिमा बदल्ने बताउनुभयो। उहाँले आइतबारका सबै चुनावी गतिविधि अनौपचारिक हुने बताउनुभयो। पुलामीले माओवादी आन्दोलनमा दाहालको ठूलो भूमिका र योगदान रहेको बताउँदै उनको निधनले गम्भीर क्षति पुगेको बताउनुभएको छ।

राष्ट्रिय प्रजातन्त्र पार्टी अध्यक्ष, उपप्रधानमन्त्री तथा ऊर्जामन्त्री कमल थापाले प्रचण्डपुत्र प्रकाश व्यक्तिगतरुपमा असल मान्छे रहेको बताउनुभएको छ। हृदयघातका कारण आइतबार बिहान असामयिक निधन भएका प्रकाशलाई ट्वीटरमार्फत् श्रद्धाञ्जली दिँदै थापाले उनको निधनको खबरले स्तब्ध भएको बताउनुभयो। उनका आफन्त तथा परिवारमा परेको असह्य पीडा सहन भगवानले शक्ति प्रदान गरुन् भन्ने कामना पनि थापाले गर्नुभएको छ।

प्रकाशले २०५४ सालदेखि पार्टीको सदस्यता लिएर काम गर्दै आएका थिए। उनी २०५७ सालदेखि प्रचण्डको सचिवालयमा काम गर्दै आएका थिए। चार वर्षअघि छोरी गंगालाई गुमाउनुभएका दाहालले छोरा प्रकाशलाई निर्वाचनको दौडादौडको बीचमा सदाका लागि गुमाउनुभएको छ।

आफ्नो राजनीतिक सहयोगी पनि रहेका छोरा प्रकाशले लामो समयदेखि पिताको राजनीति र विभिन्न गतिविधिमा साथ दिँदै आएका थिए। प्रचण्डकी जेठी पुत्रीको केही वर्षअघि क्यान्सरका कारण निधन भएको थियो। दुई पटक प्रधानमन्त्री हुनुभएका प्रचण्डलाई सन्तान गुमाउँदाको पीडा थपिएको छ।

## बिनाविभागीय मन्त्री बस्नेतलाई लक्षित गरी बम विस्फोट

सरिता चलाउने, सल्यान

सल्यानमा बिनाविभागीय मन्त्री टेकबहादुर बस्नेतलाई लक्षित गरी बम विस्फोट भएको छ। मन्त्री बस्नेत बास बसेको ठाउँमा अज्ञात समूहले बम विस्फोट गराएको हो। चुनावी अभियानका क्रममा सल्यान दार्मागाउँपालिका-३ फारुलाचौरमा रहनुभएका भएका मन्त्री बस्नेतलाई लक्षित गरी आज बिहान पौने ५ बजे उहाँ बसेको घरभन्दा २ सय मिटरनजिक रेडबुल बम विस्फोट भएको जिल्ला प्रहरी कार्यालय सल्यानले जनाएको छ।

बम विस्फोट भएको ठाउँमा रेडबुलको कभर, टुक्रा फेला परेको जिल्ला प्रहरी कार्यालय सल्यानका प्रहरी नायब उपरीक्षक भरत विकले बताउनुभयो। उहाँले भन्नुभयो- 'बम विस्फोट गराउने समूहको खोजी कार्य भइरहेको छ।

यसैबीच मन्त्री बस्नेतले शान्ति, समृद्धि विकासका लागि संविधान कार्यान्वयन भइरहेका बेला आतिएका शक्तिले गरेको भन्दै यस्ता कार्य गलत भएको बताउनुभएको छ। उहाँले जनताका अधिकारलाई रोक्ने र प्रतिगामी शक्तिलाई फाइदा पुग्ने यस्ता हर्कत रोक्न आग्रह गर्नुभयो।

यसैबीच चुनावी प्रचारप्रसारका क्रममा हिँडिरहेका बाम गठबन्धनका प्रतिनिधिसभा उम्मेदवारसमेत रहेका बस्नेतलाई लक्षित गरी बम विस्फोट गराइएकोमा नेकपाका जिल्ला इन्चार्ज डिल्लीराज शर्मा विश्वले जिम्मा लिएका छन्। उता प्रहरीले विस्फोटको खबर आफूलाई आएको तर मानवीय क्षति नभएको बताएको छ।

## निसीखोलामा मतदाता शिक्षा सामग्री लुटियो

सिर्जना पन्त, बागलुङ

बागलुङ जिल्लाको क्षेत्र नं २ अन्तर्गतको निसीखोला गाउँपालिकामा मतदाता शिक्षाका लागि पुगेका स्वयंसेवकको साथमा रहेका मतदाता शिक्षा सामग्री शनिबार केही व्यक्तिले नियन्त्रणमा लिएर नष्ट गरेका छन्।

गाउँमा मतदाता शिक्षाका लागि पुगेका स्वयंसेवकका साथमा रहेका नमुना मतपत्र, पर्चा, पम्प्लेटलगायतका सामग्री नियन्त्रणमा लिएर च्यातिदिएको मतदाता शिक्षा कार्यकर्ता राधिका शर्माले बताइन्। दुई जनाको समूहमा आएका अपरिचित व्यक्तिले निसीखोला-३ मा रहेको जंगल कटेर गाउँमा निस्कने लाग्दा कार्यकर्ताहरूको साथबाट मतदाता शिक्षा सामग्री लुटेको शर्माले बताइन्।

'हामी ४ जना थियौं २ जना अलि पछि थिए', शर्माले भनिन्- 'एक्कासि अगाडि आएर उहाँहरूले हामीलाई रोक्नुभो र झोलामा भएका सबै सामग्रीहरू नियन्त्रणमा लिनुभो।' नियन्त्रणमा लिएका सबै सामग्री तत्काल च्यातेर फालिदिएको शर्माले बताइन्। 'उहाँहरूसँग लाइटर रहेनछ जलाइदिने भन्दै हुनुहुन्थ्यो', शर्माले भनिन्- 'हाम्रा झोलाहरू भने सुरक्षित छन्, हामीलाई पनि केही गर्नु भएन।' मतदाता शिक्षाका लागि गाउँमा आउनेहरूलाई अवरोध गर्ने योजना बनाएर बसेको ती व्यक्तिले बताएको शर्माले बताइन्।

निसीखोला-३ को याङ्ग्याइनजिकै पुग्दा उनीहरूलाई बाटो छेकेर सबै सामग्री नियन्त्रणमा लिएका थिए। घटनाको विषयमा मतदाता शिक्षा कार्यकर्ताहरूले तत्कालै जिल्ला निर्वाचन कार्यालयमा जानकारी गराएको र घटनाको विषयमा थप अनुसन्धान भइरहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ। 'उहाँहरूले जानकारी गराएलगत्तै हामीले सुरक्षा निकायलाई खबर गरेका छौं', जिल्ला निर्वाचन अधिकारी विकाशचन्द्र शर्माले भने- 'घटनाको विषयमा सुरक्षा निकायले थप अनुसन्धान गरिरहेको छ।' घटनामा निसीखोलाकै लालबहादुर बुढा र सुन्दर बुढा संलग्न रहेको आशंका गरेको छ। उनीहरूको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रमुख प्रहरी उपरीक्षक चन्द्र कुबेर खापुङले बताए। उनीहरू निर्वाचनको विरोधमा रहेको विप्लव समूहका कार्यकर्ता भएको प्रहरीले आशंका गरेको छ।

## विद्यार्थीलाई लागूऔषध दुर्व्यसन न्यूनीकरणबारे सचेतना

लमजुङ, (नेस)

लमजुङमा विभिन्न विद्यालयका विद्यार्थीलाई लागूऔषध दुर्व्यसन न्यूनीकरणबारे सचेतना कार्यक्रम गरिएको छ। जिल्ला सदरमुकामस्थित बेसीशहर नगरपालिकाका विद्यालयहरूमा सो कार्यक्रम गरिएको हो।

लमजुङ कृषि क्याम्पसका विद्यार्थीहरूद्वारा गठित 'दिगो कृषिका लागि युवा (वाईएसए)' नामक संस्थाद्वारा उक्त कार्यक्रमको आयोजना गरिएको हो। बेसीशहर नगरपालिका क्षेत्रका १७ वटा विद्यालयमा साताव्यापी उक्त कार्यक्रम गरिएको आयोजकको भनाइ छ। बेसीशहर नगरपालिकाको आर्थिक सहयोगमा साताव्यापी रूपमा गरिएको कार्यक्रमको समापन सोही नगरपालिका-६, चण्डीस्थानस्थित गंगामिलन माविमा गरिएको थियो।

उक्त अवसरमा बेसीशहर नगरपालिकाका मेयर गुमानसिंह अर्यालले कृषि क्याम्पसका विद्यार्थीले सञ्चालन गरेका सचेतनामूलक कार्यक्रमले आफूलाई प्रभावित बनाएको बताउनुभयो। उहाँले यस्तो कार्यक्रम जिल्लाका सबै स्थानीय तहमा सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले पछिल्लो समय विद्यालय उमेर समूहका विद्यार्थी बढी मात्रामा लागूऔषधमा फस्ने गरेको पाइएको हुँदा उनीहरूलाई पूर्वसचेत गर्नु उपयुक्त रहेको बताउनुभयो। यस्ता कार्यक्रमले विद्यार्थीमा सकारात्मक सोचको विकास हुने हुँदा विशेष महत्त्व भएको उहाँले बताउनुभयो।

विद्यार्थीहरू लागूऔषध दुर्व्यसनमा फस्ने जोखिम बढेकाले विद्यालयमा विद्यार्थीलाई लागूऔषध दुर्व्यसनबाट बचनका लागि सो बारेमा सचेत रहन कार्यक्रमको विशेष भूमिका भएको आयोजक दिगो कृषिका लागि युवा नामक संस्थाका अध्यक्ष विष्णुप्रसाद जोशीले बताउनुभयो। उहाँका अनुसार विद्यार्थीहरूमा सकारात्मक सोचको विकास गर्नमा समुदायमा विद्यार्थीको महत्वपूर्ण भूमिका हुने भएकाले विभिन्न विद्यालयमा सचेतनामूलक कार्यक्रमको आयोजना गरिएको हो। नगरपालिका क्षेत्रभित्रका सामुदायिक र निजी विद्यालयसमेत गरी कुल १३ विद्यालयका कक्षा ८, ९, १० र ११ का विद्यार्थीलाई विद्यालयमै गएर प्रशिक्षण दिएको लागूऔषध दुर्व्यसन उन्मूलन कार्यक्रमका संयोजक दिपेश अधिकारीले बताउनुभयो। उहाँका अनुसार एउटा विद्यालयमा करिब १ सय विद्यार्थीका साथमा शिक्षकहरूले पनि कार्यक्रममा भाग लिएका थिए।

कार्यक्रमका सहभागीहरूलाई लागूऔषध प्रयोग गर्दा हुने बेफाइदा, त्यसको असर र यसबाट बच्ने उपायका बारेमा जानकारी गराइएको थियो। साथै संस्थाद्वारा विद्यार्थीले सचेतनामूलक डकुमेन्ट्रीसमेत प्रदर्शन गरिएको थियो।

## सुकुम्बासीको बिक्दैन लालपुर्जा

सलिम अन्सारी, प्युठान

जिल्लाको सरुमारानी गाउँपालिका-१ का इस्माइल मिया बैंकमा जमिन धितो राखेर केही व्यवसाय गर्ने मनसायमा छन्। व्यवसाय शुरूआतका लागि जमिन धितो राख्न केही बैंकमा समेत पुगे उनी। तर, कुनै पनि बैंकले धितो राखी ऋण दिन नमानेपछि सुविधाबाटै वञ्चित हुनु परेको उनले बताए।

'हामीसँग जमिनको लालपुर्जा छ, वार्षिक तिरो पनि तिर्दै आएका छौं, तर धितो मान्य हुँदैन', सुकुम्बासी अगुवा मियाले भने- 'हामीले व्यवसाय गर्न पनि ऋण पाउँदैनौं।' मियासँगै ४२ जना सुकुम्बासी घरपरिवारहरूको बसोबास छ यहाँ। तर, उनीहरू ऋण लिएरै व्यवसाय सञ्चालन गर्ने योजना भए पनि ऋण पाउन नसक्दा चिन्तित छन्। 'सरकारी, निजी बैंकदेखि स्थानीय सहकारीसम्ममा हाम्रो लालपुर्जा बिक्दैन', मियाले भने- 'व्यावसायिक क्रियाकलापमा लगानीका लागि अरु उपाय छैन।' अन्य नागरिकसरह कर तिर्दै आए पनि न्यूनतम ऋणसमेत पाउन नसकेको उनीहरूको गुनासो छ।

ठूला नदीदेखि ५ सय मिटरसम्मको जमिन धितो राख्न नसकिने व्यवस्थाका कारण ऋण दिन नसकिएको यहाँका बैंकले बताउँदै आएका छन्। तर, सुकुम्बासीहरूको अन्य स्थानमा जग्गा जमिन नहुँदा उनीहरू समस्यामा परेका हुन्। 'नीतिगत समस्याले गर्दा उहाँहरूलाई कर्जा प्रवाह गर्न मिल्दैन', नेपाल बैंक लिमिटेड प्युठानका प्रबन्धक नरेन्द्रकुमार मिश्रले भने- 'ठूला नदी पर्ने ठाउँमा ५ सय मिटरभन्दा भित्र ऋण दिन मिल्दैन।'

यस बस्तीमा पिछडा वर्गको बसोबास छ। बस्तीका अधिकांश युवा वैदेशिक रोजगार र ज्याला मजदुरी गरेर जीविकोपार्जन गर्दै आएका छन्। यस क्षेत्र दक्षिणी प्युठानको व्यापारिक केन्द्रको रुपमा विकास हुँदै गए पनि लगानी अभावमा आफूहरू व्यवसाय सञ्चालन गर्नबाट वञ्चित बनेको उनीहरूको गुनासो छ। व्यापारिक केन्द्र बढेसँगै स्थानीयरुपमै बैंकसमेत सञ्चालनमा आए तापनि त्यसबाट आफूहरू लाभान्वित हुन नसकेको मियाले बताए। 'घर आगनमै सहकारी संस्था र बैंकसमेत आएका छन् तर हामीलाई कुनै लाभ छैन' -उनले भने। बागेश्वरीमै रहेको सानाकिसान कृषि सहकारी संस्था लिमिटेडले पनि अहिलेसम्म उनीहरूलाई ऋण लगानी नगरेको उनीहरू बताउँछन्।

२०५२ सालमा घरबास नभएकाहरूलाई प्रतिव्यक्ति ५ रोपनी जग्गाका दरले जग्गा प्रदान गरिएको थियो। कुल ६१ कितामध्ये हाल ४२ जना मात्र स्थायी सुकुम्बासी यहाँ बसोबास अर्दै आएका छन्। बाँकी २७ जना आफ्ना नाममा पुर्जा बनाएर अन्यत्रै सरेको स्थानीय बताउँछन्। वडा कार्यालयबाट करिब ६ सय मिटर पूर्वतर्फ सुकुम्बासी बस्ती छ। ऐरावती जाने मोटरबाटोमा बस्ती रहेकाले पनि यहाँको जग्गाको मूल्यांकन राम्रो छ। बाटोले छोएको जग्गा प्रतिरोपनी २ लाख ५० हजारदेखि ३ लाख रुपियाँसम्म मूल्य पर्छ। भित्री जग्गा १ लाखदेखि डेढलाख रुपियाँसम्म प्रतिरोपनीमा कारोबार हुँदै आएका छन्।

## पार्किङस्थल खोजिँदै

कुमार श्रेष्ठ, बाँके

गाडीको चाप र जथाभावी रोकेर दुर्घटना बढाउने काम भएपछि सुर्खेतरोडमा पार्किङस्थलको खोजी भएको छ।

राँझाचोकदेखि गणेशमानचोकसम्मका क्षेत्रमा कहाँ-कहाँ पार्किङस्थल राख्ने भन्ने स्थलगत अध्ययन गरेर प्रतिवेदन बुझाउन समिति नै बनाइएको छ। नेपालगन्ज उपमहानगरपालिका, सडक, ट्राफिक, जिल्ला र संघीय प्रहरी एकाईका प्रतिनिधि सम्मिलित टोलीले आइतबारदेखि अनुगमन थालेको छ। राँझाचोकदेखि गणेशमानचोक र चारबाहिनीदेखि जिल्ला प्रशासन कार्यालय आसपाससम्ममा कहाँ-कहाँ पार्किङस्थल बनाउने भन्ने खोजी भएको हो।

नेपालगन्जको सुर्खेतरोड फोरलेन भए पनि गाडीको चाप र पछिल्लो वर्षदेखि अत्यधिक बढेको अटोरिक्साका कारण ट्राफिक अस्तव्यस्त रहेको छ। नगरमा चल्ने माइक्रोबस, साना गाडी र अटोरिक्साहरूले जथाभावी रोक्ने, ठूला गाडी र मोटरसाइकलको चापले गर्दा नगरको ट्राफिक व्यवस्था दयनीय हुँदै गएको छ। चौतर्फी गुनासो आएपछि नेपालगन्ज उपमहानगरपालिकाले प्रहरीसँग मिलेर पार्किङस्थलको खोजी थालेको हो। राँझाचोकदेखि गणेशमानचोकसम्म ३५ देखि ४० ठाउँमा पार्किङस्थल बनाउने तयारी भएको छ। जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख होमबहादुर थापाले राँझाचोकदेखि गणेशमानचोकसम्म ३५ देखि ४० ठाउँमा पार्किङस्थल बनाउने बताउनुभयो। 'पार्किङस्थल बनाएर अन्यत्र गाडी रोक्न दिइएन भने ट्राफिक अस्तव्यस्त हटाउन सकिन्छ', थापाले भन्नुभयो- 'हामी त्यसमा लागेका छौं। २/३ दिनमा प्रतिवेदन बुझाउँछौं।'

सबैभन्दा बढी चाप रहेको सुर्खेतरोडमा अहिले चोकचोकका सार्थ जथाभावी गाडी रोकेर यात्रु चढाउने र ओराल्ने गरिन्छ। साना ठूला नगर बसको तीव्र प्रतिस्पर्धाले गर्दा यात्रुहरू अझ बढी मारमा परेका छन्। अगाडि रहेको गाडी कहाँ रोक्छ र कतिबेला हिँड्छ भन्ने पत्तै हुँदैन। बजारमा आउने मानिसहरूले पनि जहाँपायो त्यही गाडी रोक्ने गर्दछन्। पार्किङस्थल व्यवस्थित हुन सकेमा अन्यत्र सवारी साधन रोक्ने काम रोकिन्छ।

सडकका डिभाइडरहरू कहाँ-कहाँ राख्ने र हटाउने भन्ने पनि समितिले अनुगमन गरेको छ। 'पार्किङस्थलको पहिचान र डिभाइडर उचित ठाउँमा रहे/नरहेको भन्नेबारेमा अनुगमन थालिएको छ, हामीले स्थलगत अध्ययन गरेर प्रतिवेदन बुझाउँछौं'-नेपालगन्ज उपमहानगरपालिकाका प्रशासकीय अधिकृत शरद पौडेलले भन्नुभयो।

बढी चाप हुने सुर्खेतरोड र अदालत, मालपोत, जिल्ला प्रशासन, भूमिसुधार कार्यालय आसपासमा पनि टोलीले पार्किङस्थलको सम्भाव्यता अध्ययन थालेको छ। नेपालकै पुरानो शहर भए पनि व्यवस्थित बसोबास नहुँदा नेपालगन्ज कुरुप बन्दै गएको छ। २० वर्षपछि स्थानीय निकायमा आएका जनप्रतिनिधिले शहरलाई व्यवस्थित गर्ने कोसिस गरेका छन्।

२० वर्षअघि नै नेपालगन्जको न्युरोडमा पार्किङको परिकल्पना गरिएको थियो। दिन प्रतिदिन मुख्य बजार क्षेत्र बन्दै गएको न्युरोडमा पनि पार्किङस्थलको अभाव रहेको छ। अहिलेसम्म मुख्य बजार मानिएको सदरलाइनमा पार्किङस्थलको उस्तै समस्या रहेको छ। व्यवस्थित ढल निकास नहुनु, फोहोरको व्यवस्थापन नहुनु, पार्किङस्थल नहुनुलगायत नेपालगन्जका नराम्रा पक्ष मानिन्छन्। यी कुरामा जनप्रतिनिधिले चासो दिन थालेका छन्। व्यवस्थित बसपार्क बनाउने काम शुरू भइसकेको छ। सदरलाइन विस्तारको काम अघि बढेको छ। ढल, नाली व्यवस्थित गर्नमा ध्यान दिन थालिएको छ। नगरको फोहोर फाल्ने ठाउँ बनाउन थालिए पनि त्यो कछुवाको गतिमा अघि बढ्नु फोहोर व्यवस्थापनका लागि चुनौती बनेको छ। नेपालगन्जमा छुट्टाछुट्टै सवारीसाधनका लागि छुट्टाछुट्टै पार्किङस्थल बनाउन आवश्यक छ।

२०७४, मंसिर
सोमबार
४

# नेपाल

तिमिल्सिनाले १ करोड रुपियाँभन्दा बढी मूल्य पर्ने जग्गा दान गरेका छन्। दृष्टिविहीन भई अपाङ्गता भएका तथा अनाथ दृष्टिविहीनहरूका लागि उनले जग्गा सहयोग गरेका हुन्।

## भीमसेनले गरे एक करोडको जग्गा दान




**नेपाल समाचारपत्र**

पोखरा

पोखरा-१४ चाउथे निवासी भीमसेन तिमिल्सिनाले १ करोड रुपियाँभन्दा बढी मूल्य पर्ने जग्गा दान गरेका छन्। दृष्टिविहीन भई अपाङ्गता भएका तथा अनाथ दृष्टिविहीनहरूका लागि उनले जग्गा सहयोग गरेका हुन्। उनले पोखरा विजयपुरमा रहेको ५ आना २ पैसा क्षेत्रफलको जग्गा शनिबार नेत्रहीन संघ कास्कीलाई हस्तान्तरण गरेका हुन्।

लायन्स क्लब इन्टरनेसनल डिस्ट्रिक्ट ३२५ बी १ नेपालको दोस्रो क्याबिनेट मिटिङका अवसरमा उनले दृष्टिविहीनको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले जग्गा सहयोग गरेका हुन्। तिमिल्सिनाले धर्मपत्नी बन्दना र छोरा विराटको साथमा जग्गा दान गरेका हुन्। असाहाय बालबालिकाको शिक्षादीक्षा तथा उनीहरूलाई आत्मनिर्भर बनाउन जग्गा दान गरेको तिमिल्सिनाले बताए।

'जग्गा दान गर्न पाउँदा निकै खुसी लागेको छ' -उनले भने। दृष्टिविहीन बालबालिका तालिम लिँदा तथा कुनै सीप सिक्दा भुइँमा बसेको देखेर आफूहरू प्रभावित भएर उक्त सहयोग गरेको उनले बताए। लायन्स क्लब अफ पोखरा चौतारीका सदस्यसमेत रहेका उनले लायन्सबाट सामाजिक काम गर्ने प्रेरणा मिलेको बताए।

कास्की नेत्रहीन संघका अध्यक्ष लक्ष्मण सुवेदीले प्राप्त जग्गा सहयोगलाई सदुपयोग गरी आश्रयस्थल बनाउने बताए।

लायन्स क्लब इन्टरनेसनल डिस्ट्रिक्ट ३२५ बी १ नेपालको समन्वयमा जग्गा हस्तान्तरण गरिएको हो। डिस्ट्रिक्ट गभर्नर धनराज आचार्यले संघलाई जग्गाको लालपुर्जा हस्तान्तरण गरेका छन्। 'भीमसेन जस्ता सहयोगी मनहरूले समाजमा सकारात्मक परिवर्तन ल्याउन योगदान पुर्‍याएका छन्' -आचार्यले भने।

## मतपत्र पुग्यो

इलाम, (नेस)

दोस्रो चरणमा आगामी मंसिर २१ मा हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि इलाममा आवश्यक मतपत्र जिल्ला आइपुगेको छ। निर्वाचनका लागि आवश्यक पर्ने ६५ प्रकारका सामग्रीमध्ये जिल्लामा खरिद गर्नुपर्नेबाहेक आयोगबाट पठाउनेमध्ये मुख्य मानिएको मतपत्र इलाम जिल्लामा आइपुगेको हो।

जिल्लामा कायम रहेका मतदाता संख्याभन्दा केही बढी मतपत्र जिल्लामा आएको मुख्य निर्वाचन अधिकृत कृष्णप्रसाद सुवेदीले बताए। उनका अनुसार क्षेत्र नम्बर २ मा प्रत्यक्ष र समानुपातिक गरी जम्मा ३ लाख ५१ हजार मतपत्र आएको छ। सो क्षेत्रमा १ लाख २ हजार मतदाता रहेका छन्। यस्तै जिल्लाको क्षेत्र नम्बर १ मा पनि प्रत्यक्ष र समानुपातिकसहित जम्मा ३ लाख ५० हजारको हाराहारीमा मतपत्र आएको छ। सो क्षेत्रमा १ लाख १ हजार जति मतदाता रहेका छन्।

## सवारी दुर्घटनामा दुईको मृत्यु

**सञ्जय कार्की, रौतहट**

रौतहटको गरुडा नगरपालिकाका यात्रुवाहक बससँग मोटरसाइकल ठोक्किदा दुई जनाको मृत्यु भएको छ। चन्द्रनिगाहपुर गौर सडक खण्डको गरुडा नगरपालिका-४ स्थित राजमार्गमा गौर जाँदै गरेको ग१ख ६६२४ नम्बरको यात्रुवाहक बस र विपरीत दिशाबाट आउँदै गरेको बीआर३० एन ५१९५ नम्बरको मोटरसाइकल एक-आपसमा ठोक्किँदा मोटरसाइकलमा सवार दुवै जनाको मृत्यु भएको छ।

आफ्नै दिशाबाट गन्तव्यतर्फ जाँदै गरेको बसमा इलाका प्रहरी कार्यालय गरुडाभन्दा १ सय ५० मिटर उत्तर राजमार्गमा लेन नाघेर आएको मोटरसाइकल ठोक्किन पुगेको प्रहरीले जनाएको छ।

मृत्यु हुनेमा मोटरसाइकल चालक देबाही गोनाही नगरपालिका-९ धरहरि निवासी ४० वर्षीय मुन्निलाल मिश्र र माधव नारायण नगरपालिक-३ निवासी ३५ वर्षीय रामप्रकाश यादवको मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटले जनाएको छ। ठक्करपछि घाइते भएका दुवैलाई उपचारका लागि चन्द्रनिगाहपुर अस्पताल लै जाने क्रममा बाटोमा मृत्यु भएको हो। बस र बसका चालक चन्द्रपुर नगरपालिका-१ निवासी राकेशप्रताप साहलाई इलाका प्रहरी कार्यालय गरुडाले नियन्त्रणमा लिएको छ।

नेपाल सरकार
उधोग मन्त्रालय
उधोग विभाग
त्रिपुरेश्वर, काठमाडौं

**प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना**

यस विभागको लागि आवश्यक मोटरसाइकल र स्कुटर Catalogue Shopping विधिबाट खरिद कार्यको लागि प्रकाशितसूचना अनुसार प्राप्त हुन आएको प्रस्तावहरु मध्ये तल उल्लेखित आधिकारिक विक्रेताको प्राविधिक तथा आर्थिक प्रस्ताव न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ तथा सोही ऐनको दफा ४७ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | प्रस्ताव पेश गर्ने अधिकृत विक्रेताको नाम र ठेगाना | कामको विवरण | कबोल गरेको रकम (मू.अ. कर सहित) |
|---|---|---|---|
| १ | MAW Enterprises Pvt. Ltd., Tripureshwor, Kathmandu | Motorcycle खरिद कार्य | प्रति थान रु.२,१४,९००।- |
| २ | MAW Enterprises Pvt. Ltd., Tripureshwor, Kathmandu | Scooter खरिद कार्य | प्रति थान रु.१,७४,९००।- |

## विप्लवका एक कार्यकर्ता समातिए

नुवाकोट, (नेस)

जिल्ला प्रहरी कार्यालय नुवाकोटले आज नेपाल कम्युनिस्ट पार्टी विप्लव समूहका नुवाकोट जिल्ला सदस्य पक्राउ गरेको छ। पक्राउ गरिएका युवक दप्चेश्वर गाउँपालिका-६ का अनन्त धिताल रहेका छन्।

निर्वाचनविरोधी गतिविधि गरिरहेको विप्लव नेतृत्वको पार्टीका नेता तथा कार्यकर्तालाई सरकारले समाउन आग्रह गरेको हुनाले पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय नुवाकोटले जनाएको छ।

**सूचना ! सूचना !! सूचना !!!**

**सूचना प्रकाशित मिति:- २०७४/०८/०४**

काठमाडौं उपत्यका विकास प्राधिकरणको च.नं. २४१/५/१६ गतेको सडक विस्तार कार्यक्रम सम्बन्धमा कीर्तिपुर नगरपालिका वडा नं. १,२ का का.म.पा. १४ र चन्द्रागिरी नगरपालिकासँग जोडिएको बल्खु खोला करिडोर खोल्ने ०७४/०७५ को कार्यक्रमअनुसार पहिलो चरणमा का.म.पा. १४ चक्रपथदेखि की.न.पा. वडा नं. १ र २ बाट चन्द्रागिरी न.पा. को सिमानासम्म कोरिडोर बाटो विस्तार गर्ने सिलसिलामा नाप-नक्सा तथा सिमाना कायम गर्न रातो चिन्ह लागाइसकेको हुँदा उक्त वाटो यथाशीघ्र खोलिने सम्बन्धित सरोकारवाला तथा सर्वसाधारणलाई जानकारी गराइन्छ । उक्त क्षेत्रमा कसैको घर, टहरा, आवादी, बाली केही रहेको छ भने सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हटाइदिन हुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

**कीर्तिपुर नगरपालिका**

**हार्दिक श्रद्धाञ्जली**



स्व. शारदादेवी प्रधान

**जन्म:**
बछलाथ्व द्धितीया ने.सं. १०५२
बैशाख-४, बि.सं. १९८२
अप्रिल १८, सन्. १९३२

**स्वर्गारोहण**
कौलागा द्वितीया .ने. सं.११३७
आश्विन २१, बि.सं. २०७४
अक्टूबर-७ सन् २०१७

हाम्र आदरणीय दिदी एंव रेयूकाई ११ औ शाखाका शिबुचो समाजसेवी श्रीमती शारदादेवी प्रधान आध्यात्मिक संसारमा फर्किनुभएको आज ४५ औं दिनको पुण्यतिथिमा हार्दिक श्रद्वा–सुमनकासाथ श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवार प्रति धैर्य धारणा गर्ने प्रेरणा मिलोस् भनी प्रर्थना गर्दछौं ।

दिपक मानन्धर कालिमाटी
निरु मानन्धर , कालिमाटी
टंक भट्टाई बागडोल
दीपक खड्का , ललितपुर
चन्द्कला खड्का ललितपुर
कृष्ण गिरी , दहचोक
सकुन्तला गिरी, दहचोक
पूर्ण राजथला , लुमू
अमिर शाक्य
रविन्द्र अमात्य
माधवकुमार श्रेष्ठ, बालाजु
रश्मि शाक्य, ललितपुर

नातिकाजी महर्जन, किलागल
विष्णुदेवी महर्जन किलागल
विष्णु श्रेष्ठ , सोहखुटटे्
केशवराज श्रेष्ठ , बालाजु
अम्बिका श्रेष्ठ, बालाजु
प्रवीणकुमार महर्जन , किलागल
दीना शाक्य (महर्जन) लगन
रामकृष्ण महर्जन कमलाध्यी
दोखानारायण महर्जन नयाँबजार
झलमल श्रेष्ठ ,कलंकी
मोहनदेवी श्रेष्ठ, कलंकी
राज्यलक्ष्मी श्रेष्ठ , नरदेवी
विजय श्रेष्ठ , नरदेवी
सुभद्रा श्रेष्ठ

किशोर प्रधान, कुलेश्वर
ईन्दिरा प्रधान, कुलेश्वर
निमीता शाक्य (प्रधान) , ललितपुर
रविन्द्र शाक्य , ललितपुर
प्रतिमाश्रेष्ठ(प्रधान), ललितपुर
राजेन्द्र श्रेष्ठ , ललितपुर
श्रीनिता श्रेष्ठ(प्रधान), ललितपुर
राद्येशाम श्रेष्ठ, ललितपुर
सिद्धिरत्न शाक्य , हलचोक
देवरत्न बुद्धावार्य , त्यौडा
धनमाया महर्जन , ईन्द्रचोक
अमिरबाबा नापित कपुरधारा

एवं यूरेशिया रेयूकाई ११ औ शाखा परिवार, सानेपा

**हार्दिक श्रद्धाञ्जलि**



**जन्म:**
वि.सं. २०१७ कातिक २७

**स्वर्गारोहण:**
वि.सं. २०७४ कात्तिक २२

**स्व. रवीन्द्रमान श्रेष्ठ (राजु)**

हाम्रा स्नेही ज्वाइँ **रवीन्द्रमान श्रेष्ठ (राजु)** को असामयिक निधनले यतिखेर हामीलाई स्तब्ध बनाएको छ । बुटवल निवासी हाम्री कान्छी सुपुत्री मन्दिरा श्रेष्ठका श्रीमान् राजुको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा उहाँको आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं । साथै छोरी मन्दिराका शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**दीदी/भिनाजु**
श्रीमती पुष्पा लम्साल/श्री केशव लम्साल
श्रीमती मैया मानन्धर श्रेष्ठ/श्री विजय कुमार श्रेष्ठ

**छोरी/ज्वाईं**
श्रीमती रोजी मानन्धर थापा/श्री ईराज थापा
श्रीमती अपर्णा लम्साल नकर्मी/श्री रविन नकर्मी
श्रीमती अनुजा के.सी./श्री प्रविन के.सी.
श्रीमती बिनी श्रेष्ठ/श्री दिरेकलाल श्रेष्ठ
श्रीमती विभा श्रेष्ठ कर्माचार्य/श्री हितेश कर्माचार्य
श्रीमती रोशी मानन्धर शाक्य/श्री राजेश शाक्य

**सासू आमा**
श्रीमती नजरमाया मानन्धर
तथा
**सम्पूर्ण मानन्धर (परिवार)**
**नक्साल, काठमाडौं**

# विश्व

**आत्मसमर्पण**
बंगलादेशको र्‍यापिड एक्सन बटालियनसमक्ष आत्मसमर्पण गरेका एउटा समुद्री लुटेरा समूह।



**दंगा**
श्रीलंकामा बौद्ध र मुस्लिम समुदायबीच शुरू भएको दंगापछिको एक दृश्य।





विश्व २ मिनेट

## बेलायत

### संगीत प्रकाशकको खुलासा

लन्डन, (एजेन्सी)

बेलायती संगीत प्रकाशकले आफू कान्डहरू लगातार ल्याइरहने र आफू अरूबाट 'प्रयोग हुने मुर्ख' भएको बताए। उनले हिलारी क्लिन्टनको सूचनाहरूलाई क्षति पुर्‍याएको दाबी गर्ने एकजना रुसी वकिलसँग डानोल्ड ट्रम्पका इतर पक्षसँग भेटघाटको व्यवस्था मिलाएका थिए। रब गोल्डस्टनले अमेरिकी स्पेसल काउन्सेल रोबर्ट म्युलरबाट उक्त बैठकका विषयमा सोधपुछका लागि गरिएको आग्रहलाई स्वीकार गरेको छ। उक्त घटनालाई ट्रम्पको राष्टपतीय अभियान र क्रेमलिनबीचको कथित सम्बन्धमा भइरहेको छानबिनको केन्द्रविन्दुका रूपमा हेरिएको छ। उनले अमेरिकी नेताका छोरा डोनाल्ड ट्रम्पलाई ती वकिलको दस्तावेज दिने प्रस्ताव गरेको थियो।

## क्याम्बोडिया

### हुनसेनको चुनौती

नोम पेन्ह, (एजेन्सी)

क्याम्बोडियाका प्रधानमन्त्री हुन सेनले अमेरिकालाई उसले दिइआएका सबै सहायता रद्द गर्न चुनौती दिएका छन्। प्रमुख प्रतिपक्ष दलसँगको सबै प्रकारको सम्बन्ध तोडेपछि अमेरिकाले अर्को वर्ष हुने भनिएको आमचुनावका लागि कोष उपलब्ध नगर्ने घोषण गरेपछि प्रधानमन्त्री हुनसेनको उक्त प्रतिक्रिया आएको सन्चार माध्यमले जनाएको छ। विगत ३ दशकदेखि क्याम्बोडियामा शासन गर्दै आइरहेका हुनसेनले सन् २०१८ को चुनाव नजिकिँदै गइरहेको बेला अमेरिका विरोधी धारमा उभेका छन्। हुनसेनमाथि देशमा आफ्ना आलोचक, अधिकारवादी समूह र स्वतन्त्र सञ्चारमाध्यममाथि दमन गरिरहेको आरोप लागेको छ।

## स्पेन

### महान्यायाधिवक्ताको निधन

म्याड्रिड, (एजेन्सी)

स्पेनका महान्यायाधिवक्ता जनरल जोस म्यानुयल माजाको अचानक अर्जेन्टिनामा निधन भएको छ। ६६ वर्षीय उनी त्यहाँ एउटा सम्मेलनमा भाग लिँदै थिए। किडनीमा संक्रमण भएपछि शनिबार बिहान उनलाई अस्पतालको सघन कक्षमा भर्ना गरिएको थियो। गत महिना प्रतिबन्धित स्वतन्त्रताको जनमतसंग्रहपछि माजाले क्याटालान नेताहरूलाई अभियोग लगाइनुपर्ने आवाज उठाएका थिए। स्पेनका राजनीतिक नेताहरूले उनीप्रति श्रद्धाञ्जली व्यक्त गरेका छन्। स्पेनका प्रधानमन्त्री मारियानो राजोयले माजाका परिवार र मित्रहरूप्रति गहिरो समवेदना व्यक्त गरेका छन्।

## चिली

### राष्ट्रपतिय चुनाव

सान्टियागो, (एजेन्सी)

राष्ट्रपति मिचेले ब्याचेलेटका उत्तराधिकारी छान्नका लागि चिलियनहरूले राष्ट्रपतिय चुनावमा मतदान गरिरहेका छन्। यस चुनावका लागि ८ जनाले उम्मेदवारी दिएका छन्। सन् २०१० देखि २०१४ सम्म राष्ट्रपति रहेका अर्बपति कन्जरभेटिभ सेवासियन पिनेरा पुन सत्तामा फर्कने अनुमान गरिएको छ। पूर्वपत्रकार तथा समाजवादी उम्मेदवार अलेजान्द्रो गिल्लियरले पिनेरालाई ठूलो चुनौती दिनसक्ने बताइएको छ। साथै हिजै मतदाताहरूले संसदको तल्लो सभा र सिनेटको आधा सदस्य अर्थात कूल १ सय ५५ सदस्यको पनि छनोट गरिरहेका छन्।

# हाउजिङ ब्लकमा आगलागी

बेइजिङ, (एजेन्सी)




चीनको राजधानी बेइजिङ स्थित दक्षिणी जिल्लामा रहेको एउटा हाउजिङ ब्लकमा आगलागी हुँदा १९ व्यक्तिको ज्यान जानुका साथै अन्य ८ जना घाइते भएको सरकारी सञ्चार माध्यम सिन्हवाले आइतबार जनाएको छ।

शनिबार राति लागेको सो आगो निभाउन अग्नि नियन्त्रकहरूलाई घन्टौं लागेको थियो। सो आगलागीको कारण थाहा हुन सकेको छैन। तर बेइजिङ प्रहरीले यस सम्बन्धमा थुप्रै आशंकित व्यक्तिलाई पक्राउ गरेको जनाएको छ।

विशेष गरी भित्री प्रान्तहरूबाट आएका आप्रवासीहरू बसोबास गर्ने क्षेत्र दाक्सिंग जिल्लामा आगलागी भएको हो। आगलागी भएको क्षेत्रमा थुप्रै साना कपडा उत्पादन कारखाना पनि रहेका छन्। सो आगो निभाउन ३० वटाभन्दा बढी बारुणयन्त्र र १४ वटा अग्निनियन्त्रण टोलीले ३ घन्टाभन्दा लामो समयसम्म संघर्ष गरेका थिए।

अग्नि विभागले आगलागीका बेला भवनभित्र थुनिएका केही व्यक्तिको अहिले अस्पतालमा उपचार भइरहेको जनाएको छ। सुरक्षा प्रणालीको लापरबाहीका कारण चीनमा पटक-पटक आगलागीका घटना दोहोरिने गरेका छन्।

**Invitation for Bids**
**Government of Nepal (GoN)**
**Champadevi Rural Municipality**
**Invitation for Bids for the Construction of Office and Staff Quarter**
**Contract Identification No: CHA/Okhaldhunga/01-074/075**
**Date of Publication: 2074/08/04**

1. The government of Nepal [GoN] has allocated funds or received a loan/credit/grant from [GoN or development Partner] towards the cost of construction of Office and Staff Quarter and intends to apply part of the funds to cover eligible payments under the Contract for CHA/okhaldhunga/01-074/75. Bidding is open to all eligible Nepalese.
2. Champadevi Rural Municipality invited sealed bids or electronic bids from eligible Nepalese Contractors/Bidders for the construction works as mentioned below under National Competitive Bidding procedures.

| Contract ID No. | Name of contract, work description & work site | Estimated Amount NRs | Bid Security Amount In NRs | Priced of Bid Documents In NRs |
|---|---|---|---|---|
| CHA/Okhaldhunga/ 01-074/75 | Construction of Office and staff Quarter, Chmapadevi Rural Municipality, Okhaldhunga | 16,415,962.42 | 455,000.00 | 3000.00 |

Only eligible bidders with the following key eligibility criteria should participate in this bidding :-
1. Firm/Company Registration certificate,
2. Business Registration Certificate
3. VAT and PAN Registration Certificate
4. 73/74 Tax Payment certificate
5. Not having been declared ineligible based on country law,
6. No Conflict of Interest,

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Champadevi Rural Municipality Ward No. 03, Kalika, Okhaldhunga. Contact No. 9851018645/9851182128 or may visit PPMO website **www.bolpatra.gov.np.**
4. A complete set of Bidding Documents may be purchased from the office Champadevi Rural Municipality Ward No. 03, Kalika, Okhaldhunga by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRS.3000.00 till 30th day 2074/08/04. If so requested, the Bidding Documents can also be sent by post/courier services upon payment of additional cost of NRS.2000.00. However, the Employer will not be responsible for delay or non-delivery of the documents so sent.

Or

Bidder who choose to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may down load the bidding documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np**. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidders at the time of electronic submission of the bids.
Information to deposit the cost of bidding document in Bank :
Name of the Bank: Rastriya Banijya Bank
Name of Office : Kolenika, Okhaldhunga
Office Code no.;' 14-365-13
Office Account no.: Ka1-1-001
Rajaswa (revenue) Shirshak no.: 14227

5. Sealed or electronic bid must be submitted to the office Champadevi Rural Municipality Ward No. 03, Kalika, Okhaldhunga by hand/courier or through PPMO website **www.bolpatra.gov.np**. On or before 12:00 pm on 31st day from the date of notice published 2074/09/05. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of bidder's representative who choose to attend at 2:00 pm on 31st day from the date of notice published 2074/09/05 at the office of Champadevi Rural Municipality Ward No. 03, Kalika, Okhaldhunga. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid 120 days after bid opening.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The bidders must submit all the requirements as indicated in bidding documents,.
9. The bid should be unconditional, any alteration, modification, addition or correction whatsoever in the bidding documents is not acceptable. In case of correction in rates, it should be signed by initials, incomplete an contrasting to the notice will not be entertained. All the rate and amount must be quoted in figures and words. In case the rates quoted in figure and word differ, then the word shall govern.
10. In case of any error or discrepancy in the Notice, Bidding documents, Specification, Bill of Quantities or any other contract documents, office and correct those at any time. Such correction will be notified.
11. Matters not covered by this notice shall be in accordance with bidding documents, Public procurement act and regulation and other prevailing Regulations.

**For more information please contact on 9851018645/9851182128**

जिम्बावे राजनीतिक संकट

# मुगावे सत्तारुढ दलको नेताबाट बर्खास्त

## पार्टीको नेतृत्वमा मांगागवा

हरारे, (एजेन्सी)




जिम्बावेको सत्तारुढ दलले राष्ट्रपति रोबर्ट मुगाबेलाई उसको नेताबाट बर्खास्त गरेको अधिकारीहरूले बताएका छन्। जानु पीएप पार्टीको बैठकले पूर्वउपराष्ट्रपति इमर्सन मांगागवालाई पार्टी नेतामा चयन गरेको छ। उनलाई मुगाबेले दुई हप्ता अगाडि मात्रै पदबाट बर्खास्त गरेका थिए।

जिम्बावेको सत्तारुढ दल जानु पिफ पार्टीले राष्ट्रपति रोबर्ट मुगाबेलाई पदबाट हटाउन बोलाइएको बैठकमा कयौं महत्त्वपूर्ण राजनीतिक फैसला लिएको समाचार पत्र हेराल्ड टाइम्सले जनाएको छ। आफ्नी पत्नीलाई स्थापित गर्न गरिएको मांगागवाको बर्खास्तले ९३ वर्षीय मुगावेको खेमा विरुद्ध सैन्य हस्तक्षेपलगायत कयौं अप्रत्यासित घटनाक्रमलाई जन्म दिएको छ। समाचार पत्रका अनुसार १० राज्यमा रहेका शाखा रहेको पार्टीले सेनाले सत्ता हातमा लिएपछि पहिलो पटक बैठक बोलाइएको हो।



आइतबार मुगाबेसँग सैनिक नेताहरूले पनि भेटेको र उनको निजी आवासमा सैन्य गाडीको लस्कर देखिएको जनाइएको छ। शनिबार मुगाबे विरुद्धको प्रदर्शनमा दशौं हजार जिम्बावेली सडकमा ओर्लेका थिए।

बैठकले मुगाबेलाई पदबाट हटाउने निर्णयसँगै उनकी पत्नी ग्रेसलाई पनि पार्टीबाट राजीनामा दिन भनेको छ। पार्टीका एक वरिष्ठ नेताले पार्टीले सर्वसम्मतबाट मुगाबेलाई पदबाट हटाउने निर्णय गरेको जानकारी दिए। यदि उनले स्वेच्छाले राजीनामा नदिए उनलाई पार्टीबाट बर्खास्त गर्न सक्छ। त्योबाहेक अन्तिम कदमस्वरूप उनी विरुद्ध महाअभियोगको प्रस्ताव ल्याउन सक्ने पार्टीले विकल्प खुला गरेको उनले जानकारी दिए।

आइतबार पार्टीको विशेष शत्र बोलाइएको र त्यसमा पार्टीको संरचनामा परिवर्तन गरिने तथा विद्यमान राजनीतिक घटना क्रममा पनि विचार विमर्श भएको बताइएको छ।

बुधबार सत्ता आफ्नो हातमा लिएपछि सेनाले राष्ट्रपतिमाथि विशेष निगरानी राखेको र उनका बारेमा चँडै कुनै निर्णय लिन सक्ने बताइएको छ। यसअघि पार्टीले उपराष्ट्रपति पदबाट हटाइएका एमरसन मांगागवालाई उनको पदमा बहाल गर्ने विचार गरिरहेको जनाइएको छ। उनलाई पार्टीको केन्द्रीय समितिको सहमतिबिना नै हटाइएको थियो। राजनीतिक विश्लेषकहरूले पनि सेनाले उनलाई उक्त पदमा पुनरबहाली गर्न सक्ने अनुमान गरेका छन्।

**एन.बी. इन्सुरेन्स कम्पनी लिमिटेडको नाम परिवर्तनको सूचना**

एन.बी.इन्सुरेन्स कम्पनी लि.को नाम परिवर्तन सम्बन्धमा बीमा समितिको मिति २०७४/०५/१४ को नाम परिवर्तन गर्न प्रदान गरेको सैद्धान्तिक सहमति तथा एन.बी. इन्सुरेन्स कम्पनी लिमिटेडको मिति २०७४/०६/१० मा सम्पन्न २० औं वार्षिक साधारणसभाको निर्णय एवं कम्पनी रजिष्ट्रारको मिति २०७४/०७/०८ को स्विकृती बमोजिम कम्पनीको नाम आइएमई जनरल इन्स्योरेन्स लिमिटेड कायम भएबाट साविकको एन.बी. इन्सुरेन्स कम्पनी लिमिटेडको नाममा कायम रहेको सम्पूर्ण सम्पत्ति तथा दायित्व आइएमई जनरल इन्स्योरेन्स लिमिटेडको नाममा स्वतः सरी जाने ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**शहरी विकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण विभाग**
**डिभिजन कार्यालय, डोटी**
**राजपुर दिपायल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०७४/०८/०४**

यस डिभिजन कार्यालयबाट मिति २०७४/०२/३१ गते अन्नपूर्ण पोष्ट दैनिकमा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रहरु स्वीकृतीका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं | ठेक्का नम्बर | कामको विवरण | स्वीकृतिका लागि छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक Provisional Sum सहित (मू.अ.क. बाहेक) रु. |
|---|---|---|---|---|
| १ | DUDBC/ DOTI/NCB/ WORKS/ 28-073/74 | Construction of Baijanath Health Post Building, Achham | टि.डि.आर./अञ्जु जे.भी धनगढी | १,५०,४२,८७९।५० |
| २ | DUDBC/ DOTI/NCB/ WORKS/ 29-073/74 | Construction of Dhakari Health Post Building, Achham | धुलिखेल निर्माण सेवा काठमाडौं | १,४७,३६,६५५।२६ |
| ३ | DUDBC/ DOTI/NCB/ WORKS/ 30-073/74 | Construction of Gudukhati Health Post Building, Bajura | देव सिंह निर्माण सेवा प्रा.लि. कैलाली | २,१३,३८,४४७।३९ |

**डिभिजन प्रमुख**

> आयोगले राजनीतिक दलबाट पेश भएका बन्दसूचीमा संलग्न उम्मेदवार उपर उजुरी दिनका लागि गत कात्तिक १८ देखि २४ गतेसम्म समय तोकिएको थियो। सो मितिभित्र पर्न आएका उजुरलाई छानबिन आयोगले सो संख्यामा उम्मेदवार कायम गरिएको हो।

## समाचार संक्षेप

### साहित्यकार श्रेष्ठको निधन

काठमाडौं, (नेस)

साहित्यकार डा. कविताराम श्रेष्ठको बेलायतमा निधन भएको छ।

लामो समयदेखि बेलायतमा क्यासर रोगको उपचार गराउँदै आउनुभएका श्रेष्ठको निधन भएको उहाँको पारिवारिक स्रोत जानकारी दिएको छ।

### 'सल्यानको विकासका लागि योगदान गर्छु'

सल्यान, (नेस)

नेकपा एमाले पोलिटब्युरो सदस्य एवं सल्यान क्षेत्र नम्बर २ प्रदेशसभातर्फका वाम उम्मेदवार प्रकाश ज्वालाले सल्यानको विकासका लागि योगदान गर्ने बताउनुभयो। कालिमाटी गाउँपालिका १ लक्ष्मीपुरको चुनावी भेलालाई आइतबार सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभयो।

उहाँले भन्नुभयो- 'संविधान लेखेर जनताका माग पूरा गरेको र अब जिम्मेवारी दिएमा ५ वर्ष सल्यानको विकासका लागि लागिपर्ने बताउनुभयो।

ज्वालाले सल्यान प्राकृतिक स्रोत साधनको धनी जिल्ला भएको र यसलाई सही तरिकाले उपयोग गर्न पनि वामगठबन्धनलाई जिताउन मतदातालाई आग्रह गर्नुभयो। कार्यक्रममा कालिमाटी गाउँपालिकाका अध्यक्ष दानबहादुर केसी, क्षेत्र नम्बर २ का वाम गठबन्धनका निर्वाचन परिचालन संयोजक भद्रसिंह बुढा, सह-संयोजक चित्तबहादुर केसी, एमाले सल्यानका नेता रामसिंह खड्गीलगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो।

# २ हजार २ सय ७३ उम्मेदवार

सुनील महर्जन, काठमाडौं

प्रतिनिधिसभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचनतर्फ २ हजार २ सय ७३ उम्मेदवार कायम रहेका छन्।

निर्वाचन आयोगले आइतबार सार्वजनिक गरेको उम्मेदवारको बन्दसूची अन्तिम रूपअनुसार सो संख्या कायम गरिएको समानुपातिक निर्वाचन प्रणालीतर्फका निर्वाचन अधिकृत एवं निर्वाचन आयोगका सचिव बेगेन्द्रराज शर्मा पौड्यालले बताउनुभयो।

त्यस्तै सातवटै प्रदेशका समानुपातिक निर्वाचन प्रणालीतर्फका प्रदेशसभा सदस्यका लागि ३ हजार ५ सय ६५ उम्मेदवार कायम रहेका छन्। प्रतिनिधिसभा र प्रदेशसभाको समानुपातिकतर्फको कूल उम्मेदवार ५ हजार ८ सय ३८ रहेका छन्।

राजनीतिक दलले गत असोज २९ गते पेश गरेका उम्मेदवारको बन्दसूचीको प्रारम्भिक विवरण आयोगले गत कात्तिक १७ गते सार्वजनिक गरेको थियो। आयोगले उम्मेदवारको छानबिन गरी २ सय ५६ जना उम्मेदवार अयोग्य ठहरिएको प्रवक्ता नवराज ढकालले जानकारी दिनुभयो। त्यसमध्ये ३ जना उम्मेदवारले आफै आफ्नो उम्मेदवारी फिर्ता लिएको र दावी विरोध तथा कानुनबमोजिम योग्यता नपुगेका उम्मेदवार २ सय ५३ को उम्मेदवारी रद्द गरिएको आयोगले जनाएको छ।

आयोगले राजनीतिक दलबाट पेश भएका बन्दसूचीमा संलग्न उम्मेदवार उपर उजुरी दिनका लागि गत कात्तिक १८ देखि २४ गतेसम्म समय तोकिएको थियो। सो मितिभित्र पर्न आएका उजुरलाई छानबिन आयोगले सो संख्यामा उम्मेदवार कायम गरिएको हो।

आयोगका अनुसार प्रदेश नम्बर १ मा ५ सय ७७, प्रदेश नम्बर २ मा ८ सय ४, प्रदेश नम्बर ३ मा ७ सय ७४, प्रदेश नम्बर ४ मा ३ सय १९, प्रदेश नम्बर ५ मा ६ सय ४, प्रदेश नम्बर ६ मा २ सय ६ र प्रदेश नम्बर ७ मा २ सय ८१ उम्मेदवार कायम रहेका छन्। आयोगले सार्वजनिक गरेको समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूचीमा रहेका उम्मेदवार प्रतिनिधिसभा र प्रदेशसभाको कार्यकालभरि मान्य हुनेछ।

समानुपातिक निर्वाचन प्रणालीतर्फ प्रतिनिधिसभा सदस्यका लागि ४९ राजनीतिक दलका र प्रदेशसभा सदस्यका लागि ५३ राजनीतिक दलका गरी जम्मा ६ हजार १४ उम्मेदवार बन्दसूचीमा समावेश भएको प्रारम्भिक विवरण रहेको थियो।

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य सामानुपातिक निर्वाचन प्रणालीतर्फ ५ हजार ८ सय ३८ जना उम्मेदवारमध्ये समावेशी समूहअनुसार आदिवासी जनजाति समूहमा ७ सय ६७ जना पुरुष, ८ सय ८१ जना महिला र १ जना अन्य गरी जम्मा १ हजार ६ हजार ४९ (२८.२५५) जना रहेका छन्। त्यस्तै खसआर्य समूहमा ८ सय ४५ जना पुरुष र ९ सय ४७ जना महिला गरी जम्मा १ हजार ७ सय ९२ (३०.७०५) जना रहेका छन्।

थारु समूहमा १ सय ५५ जना पुरुष र २ सय ४९ जना महिला गरी जम्मा ४ सय चार (६.९२५) जना रहेका छन्। दलित समूहमा ३ सय ३६ जना पुरुष र ४ सय ५९ जना महिला गरी जम्मा ७ सय ९५ (१३.६२५) जना रहेका छन्। मधेसी समूहमा ४ सय ३७ जना पुरुष र ५ सय ३५ जना महिला गरी जम्मा ९ सय ७२ (१६.६५५) जना रहेका छन्। मुस्लिम समूहमा ८० जना पुरुष र १ सय ४६ जना महिला गरी जम्मा २ सय २६ (३.८७५) जनाको उम्मेदवारी कायम भएको छ।

त्यस्तै गरी प्रतिनिधिसभाको समानुपातिकतर्फको उम्मेदवारमा १ हजार ४८ जना पुरुष उम्मेदवार, १ हजार २ सय २४ जना महिला उम्मेदवार र १ जना अन्य लिङको उम्मेदवारी कायम भएको छ।

त्यसअनुसार पुरुष ४६.११ प्रतिशत, महिला ५३.८८ प्रतिशत र अन्य ०.०४ प्रतिशत कायम हुन आउँछ। २ हजार २ सय ७३ जना उम्मेदवारमध्ये समावेशी समूहको आदिवासी जनजाति जम्मा ६ सय ५५ (२८.८२५), खसआर्य समूहमा जम्मा ७ सय ३ (३०.९३५), थारु समूहमा जम्मा १ सय ५१ (६.६४५), दलित समूहमा जम्मा ३ सय १५ (१३.८६५), मधेसी समूहमा जम्मा ३ सय ५५ (१५.६२५) र मुस्लिम समूहमा जम्मा ९४ (४.१४५) जनाको उम्मेदवारी कायम भएको छ।

प्रदेशसभा सदस्य सामानुपातिक निर्वाचन प्रणालीतर्फ प्रदेश नम्बर १ देखि ७ सम्ममा १ हजार ५ सय ७२ जना पुरुष र १ हजार ९ सय ९३ जना महिला गरी ३ हजार ५ सय ६५ जनाको उम्मेदवारी कायम भएको आयोगले जनाएको छ।

त्यसक्रममा ४४.१० प्रतिशत पुरुष र ५५.९० प्रतिशत महिलाको उम्मेदवारी रहेको छ। प्रदेशसभा सदस्य समानुपातिक निर्वाचन प्रणालीतर्फ समावेशी समूहअनुसार प्रदेशसभातर्फ आदिवासी जनजाति समूहमा ४ सय ४९ जना पुरुष र ५ सय ४५ जना महिला गरी जम्मा ९ सय ९४ (२७.८८५) जना, खसआर्य समूहमा ५ सय २ जना पुरुष र ५ सय ८७ जना महिलासहित जम्मा १ हजार ८९ (३०.५५५) जना, थारु समूहमा १ सय ३ जना पुरुष र १ सय ५० जना महिला गरी जम्मा २ सय ५३ (७.१०५) जना, दलित समूहमा १ सय ९३ जना पुरुष र २ सय ८७ जना महिला गरी जम्मा ४सय ८० (१३.४६५) जना, मधेसी समूहमा २ सय ७७ जना पुरुष र ३ सय ४० जना महिला गरी जम्मा ६ सय ७ (१७.३१५) जना, मुस्लिम समूहमा ४८ जना पुरुष र ८४ जना महिला गरी जम्मा १ सय ३२ (३.७०५) जनाको उम्मेदवारी कायम भएको छ।

# ३ जिल्लाको सीमा ३ दिन बन्द गरिने

यमलाल भुसाल, बुटवल

यही मंसिर २१ गते हुने दोस्रो चरणको प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनमा भारतसँग जोडिएका रूपन्देही, नवलपरासी र कपिलवस्तु जिल्लाको सीमा नाका ३ दिन बन्द गरिने भएको छ। ३ जिल्लाका सीमा नाका यही मंसिर १९, २० र २१ गतेसम्म बन्द हुने भएको छ।

त्यस्तै भारतको उत्तर प्रदेशमा पनि यही मंसिर १३ गते हुने स्थानीय तह निर्वाचनअघि पनि तीनै जिल्लाका सीमा नाका मंसिर १२ र १३ गतेका लागि बन्द गर्ने सहमति भएको रूपन्देहीका साहयक प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीले बताउनुभयो। उहाँले नेपाल भारतको सुरक्षा समितिको नियमित बैठकमा दुवै देशका अधिकारीहरूबीच सीमा नाका बन्द गर्नेलगायत विभिन्न निर्णयहरू भएको बताउनुभयो।

उहाँका अनुसार नेपाल भारतको दुवै देशका नागरिकता लिएका व्यक्तिहरू उपर निगरानी गरी प्रमाणसहित आवश्यक कानुनी कारबाही गर्ने, खुला सीमाका कारण निर्वाचनको समयमा हातहतियारको ओसारपसार हुन सक्ने सम्भावना रहेका कारण नाकामा कडाइका साथ चेकजाँज गर्ने, नाकाबाट हुने लागूपदार्थको ओसारपसारलाई नियन्त्रण गर्ने निर्णय भएको छ।

त्यस्तै निर्वाचनलाई लक्षित गरी सीमाबाट हुने अपराध नियन्त्रणका लागि सीमामा दुवै देशको सुरक्षाहरूकर्मीको ज्वाइन्ट पेट्रोलिङ, सूचना आदानप्रदान गर्ने लगायतको निर्णयसमेत भएको सहायक प्रजिअ रेग्मीले बताउनुभयो।

सीमा बन्द भएको अवस्थामा घटना हेरेर आपतकालीन अवस्थामा रहेका व्यक्ति, विरामी, विदेशी पर्यटकहरूलाई आवातजावतमा रोक नलगाइने उहाँले बताउनुभयो।

'सीमा बन्द रहेको अवस्थामा यदि बिरामी, नाकामा अलपत्र परेका विदेशी पर्यटकजस्ता कोही आपत्कालीन अवस्थामा रहेको जानकारी प्राप्त भएमा घटना हेरेर त्यसका लागि आवातजावतमा रोक नलगाइने व्यवस्था मिलाएका छौं' -उहाँले भन्नुभयो आपत्कालीन अवस्थामा सीमाबाट आवाजावत गर्नुपरेमा सम्बन्धित जिल्लाको प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

बैठकमा रूपन्देहीका प्रमुख जिल्ला अधिकारी हरिप्रसाद मैनाली, साहयक प्रजिअ शम्भुप्रसाद रेग्मी, नवलपरासीका प्रजिअ उदयबहादुर राना मगर, कपिलवस्तुका सहायक प्रजिअ रामेश्वर अर्याल, इकाइ प्रहरी कार्यालय भैरहवाका प्रमुख एसएसपी दीपक थापा, भारतको महाराजगन्ज, सिद्धार्थनगर, बलरामपुर जिल्लाका डीए, एसडीमको उपस्थिति रहेको थियो।

# प्रदेशसभा सदस्यका उम्मेदवारको मृत्यु

बर्दिया, (नेस)

आसन्न मंसिर २१ गते हुने प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको निर्वाचनमा राष्ट्रिय प्रजातन्त्र पार्टीका तर्फबाट बर्दिया क्षेत्र नम्बर २ (२) का प्रदेश सभाका प्रत्यक्ष उम्मेदवार ६३ वर्षीय मनिराम विष्टको उपचारको क्रममा शनिबार निधन भएको छ।

गत कात्तिक २७ गते गुलरियामा राप्रपाको निर्वाचन परिचालनसम्बन्धी प्रशिक्षण कार्यक्रममा मन्तव्य दिएपछि अचानक ढलेका विष्टलाई तत्काल जिल्ला अस्पताल, बर्दियामा लगिएको थियो। जिल्ला अस्पतालमा उपचार गर्न सम्भव नभएको भनी नेपालगन्ज रिफर गरिएको र नेपालगन्जबाट गंगालाल हृदयरोग केन्द्र, काठमान्डौंमा उपचार भइरहेको थियो।

उहाँको मृत्यु भएपछि बर्दिया निर्वाचन क्षेत्र २ (२) का सम्बन्धमा प्रश्न गर्दा जिल्ला निर्वाचन कार्यालयका अधिकृत पवनकुमार शाहीले आजको आयोगमा जानकारी पठाएको र अयोगले भोलिसम्म निर्णय गरेर जानकारी पठाउने कुरा गर्नुभयो।

# सुरक्षित पोखरा अभियान

नेपाल समाचारपत्र

पोखरा

'सुरक्षित पोखरा'का लागि शहरका मुख्य केन्द्रहरूमा सिसी क्यामेरा जडान गर्ने अभियानलाई पोखराका यातायात व्यवसायीहरूले सघाउने भएका छन्।

अभियानलाई गति दिनका लागि पोखरा उद्योग वाणिज्य संघले आइतबार आयोजना गरेको छलफल कार्यक्रममा उपस्थित यातायात व्यवसायसँग सम्बन्धित संघ/संस्थाका प्रतिनिधीहरूले सिसी क्यामेरा जडान अभियान पोखराको पूर्वाधार र सुरक्षासँग जोडिएकोले आफूहरूले सघाउने प्रतिवद्धता व्यक्त गरेका हुन्।

कार्यक्रममा बोल्दै गण्डकी धौलागिरी सार्वजनिक यातायात व्यवसाय समन्वय समितिका संस्थापक अध्यक्ष हरिप्रसाद खनालले सुरक्षा यातायात व्यवसायीहरूको पहिलो चासो भएकाले यो अभियानलाई सघाउने प्रतिवद्धता व्यक्त गरे। लेखनाथ उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष तथा यातायात व्यवसायी बाबुराम गिरिले पोखरा भित्रने नाकाहरूको सुरक्षामा विशेष व्यवस्था हुनुपर्नेमा जोड दिए। जडानसँगै यसको दीगो सञ्चालनको बारे निश्चित योजना हुनुपर्नेमा उनको जोड थियो। गण्डकी धौलागिरी यातायातका पूर्वअध्यक्ष बसन्त प्रधानले पोखराको पूर्वाधार निर्माणमा यातायात व्यवसायीहरूले सक्दो योगदान गरेको उल्लेख गर्दै यो अभियान अपवाद नहुने बताए।

उनले सबै सरोकारवालाहरूको यो अभियानमा साथ र सहभागितामा जोड समेत दिए। यसैगरी समितिका वर्तमान अध्यक्ष पदमबहादुर केसीले असल कामको लागि आफूहरू सदैव तयार रहेको बताए।

### मतदमाता...

'यसपटकको निर्वाचनमा मतपत्र कति वटा हुन्छ ? प्रदेश भनेको खास के कुरो हो। एउटै पार्टीका ३ जना उम्मेदवारहरू भोट माग्न आएका छन्' -गोदावरी नगरपालिका बडिखेलमा सविना नगरकोटीले सुनाउनुभयो। यी काठमाडौं उपत्यका शहरी भाग र काँठ क्षेत्रका मतदाताको प्रतिनिधिमूलक भनाइ हुन्।

स्थानीय तह पहिलो, दोस्रो र तेस्रो निर्वाचन र अहिलेको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनलाई समेत एक ठाउँमा राखेर हेर्दा मतदाता शिक्षा झन्झन् प्रभावहीन हुँदै गएको पनि नियोगका महासचिव खरेलको भनाइ छ। 'आयोगले मतदाता शिक्षाका लागि सामाजिक अभियन्ता, संघसंस्थालाई परिचालन गर्न सक्नुपर्थ्यो, तर यसो गरिएन। आयोगले मतदाता शिक्षा दिन केन्द्रीकृत संयन्त्र बनाएको छ' -महासचिव खरेलले भन्नुभयो।

नमुना मतपत्र, मतदान गर्ने तरिका, चारपटक स्वस्तिक छाप लगाउनुपर्ने जस्ता शिक्षा सामग्री छाप्न र जनशक्ति परिचालनमा करोडौं खर्च गरेर पनि मतदाता शिक्षा प्रभावकारी हुन नसकेको पनि खरेलले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको प्रत्यक्षतर्फका लागि अलगअलग मतपत्र अलगअलग हुनेछ। त्यस्तै प्रतिनिधिसभा र प्रदेशसभाको समानुपातिकतर्फ एउटै मतपत्रमामाथिको खण्ड प्रतिनिधिसभा र तलको खण्डमा प्रदेशसभाका लागि राखिएको छ। अबको निर्वाचनमा प्रत्येक मतदाताले ३ वटा मतपत्रमा ४ वटा स्वस्तिक छाप लगाउनुपर्नेहुन्छ।

मतदाता शिक्षा बढीभन्दा बढी मतदातासम्म पुग्न नसकेकाले एउटा मतपत्र मात्र छाप राखेर, वा माथिको खण्डमा मात्र छाप लगाएर मतदाताहरू फर्किने अवस्था हुन सक्ने आम निर्वाचन पर्यवेक्षक समितिका महासचिव कृष्णमान प्रधानले बताउनुभयो।

'यसले गर्दा मतदाता शिक्षालाई प्रभावकारी बनाउनुपर्दछ' -उहाँले भन्नुभयो। मतदाता शिक्षा प्रभावकारी नभएकाले स्थानीय तहको निर्वाचनमा झैं बदर मतको संख्या बढ्न सक्ने पनि निर्वाचन पर्यवेक्षककहरू बताउँछन्। स्थानीय तहको पहिलो चरणको निर्वाचनमा झन्डै ११ प्रतिशत मत बदर भएको थियो।

पहिलो चरणको निर्वाचन हुनु १५ दिन अगावैदेखि मतदाता शिक्षाका लागि २० हजार स्वयम्सेवकहरू पठाएको बताउँदै आयोगका सहसचिव एवं प्रवक्ता नवराज ढकालले शिक्षा दिने कार्यक्रम अघि बढिरहेको जानकारी दिनुभयो।

### सेना...

उहाँले कसले किन बम आक्रमण गर्‍यो भन्ने विषयमा गृह मन्त्रालयले अध्ययन गर्दै होला, आफू १ जना रक्षामन्त्रीको हैंसियतले यसै भन्न नमिल्ने जिकिर गर्नुभयो।

'सबै सुरक्षा निकाय गम्भीर रूपमा लागेका छन् यस्ता घटना फेरि दोहोरिन नदिन सरकार संवेदनशील रूपमा अघि बढिरहेको छ', उहाँले भन्नुभयो- 'अहिले प्रधानमन्त्री पनि जिल्ला भ्रमणमा जानुभएको छ, उहाँ आएपछि सरकारले गम्भीर रूपमा निर्णय गर्नेछ।' राजनीतिक असन्तोषका कारण विभिन्न शक्तिले देशका विभिन्न स्थानमा वा आक्रमण गरेको हुन सक्ने धारणा राख्दै उहाँले यस्ता शक्तिलाई निस्तेज पार्नुपर्ने बताउनुभयो।

उम्मेदवार लक्षित बम आक्रमण गर्ने शक्तिले पछिल्लो एक साता झन्डै दर्जनभन्दा बढी स्थानमा बम आक्रमण जारी राखेका छन्। सो समूहले गोरखामा नारायणकाजी श्रेष्ठ, रोल्पामा पूर्वसभामुख ओनसरी घर्ती, वर्षमान पुन र कृष्णबहादुर महरा, दाङमै महरा, नुवाकोटमा रामशरण महत, तनहुँमा रामचन्द्र पौडेल, भोजपुरमा शेरधन राई, राजेन्द्र राई, रौतहतमा सर्वसाधारण लक्षित, ओखलढुंगामा वाम गठबन्धन लक्षित बम आक्रमण भएका छन्। विभिन्न स्थानमा भएको आक्रमणमा परी करिब दुई दर्जन कार्यकर्ता र सर्वसाधारण घाइते भएका छन्।

### १३ हजार...

'हामीले अहिले गइरहेको संख्यामा दोब्बर मात्रै भनेको छैन करिब ९ हजार थप सेना पठाउन सकिने भनेका छौं', रक्षामन्त्री प्रधानले भन्नुभयो- सन् २०१७ /२०१८का लागि नेपाली सेनाको थप पदिक गण, एक इन्जिनियर गुल्म, एक सैनिक प्रहरी गुल्म तथा प्रहरीबाट थप अधिकृत पठाउने बताएका छौं।

हाल शान्ति मिसनमा ४ हजार ६ सय ६५ नेपाली सेना कार्यरत छन भने सशस्त्र तथा नेपाल प्रहरीसमेत गरी करिब ५ हजार जना कार्यरत रहेका छन्। राष्ट्रसंघले नेपालको सो प्रस्तावलाई स्वीकार गरेमा १३ हजार फौज शान्ति मिसनका लागि तैनाथ हुनेछन्। हाल द्वन्द्वग्रस्त १३ देशमा नेपाली सेना तथा प्रहरी शान्ति मिसनका लागि खटिएका छन्।

### अकल्पनीय...

मुटु त्यस्तो महत्त्वपूर्ण अंग हो जुन मानिसको शरीरमा रगतको मात्रा मिलाएर प्रवाह गर्ने विद्युतीय साधन जस्तै हो।

'यो नचल्नेबित्तिकै तत्काल केही मिनेटमै उपचार गर्न सके मात्र मानिसलाई बचाउन सकिन्छ नत्र मानिसको मृत्यु हुन्छ। मानिसमा यो समस्याको संकेतका रूपमा मुटुको चाल छिटोछिटो हुने या ढिलो हुने अथवा अनियमित हुने गर्दछ। यसका साथै मुटुको देब्रे भागमा सहनै नसक्ने खालको पीडा हुने, पछाडिको ढाड दुख्ने, दुवै हात चलाउनै नहुने गरी दुख्नेजस्ता संकेत देखा परेमा तत्काल चिकित्सकको सल्लाहअनुसार उपचार अपनाएको खण्डमा उपचार गर्न सकिन्छ' -डा. जैसवालले बताउनुभयो। उहाँले भन्नुभयो- 'जाडोको समयमा हृदयाघात हुने बिरामीको संख्या अझै बढ्ने गर्दछ।'

शनिबार राति ८ बजेको समयमा आमा सीता दाहालले जाउलो बनाएर प्रकाशलाई खान दिनुभएको थियो। शुक्रबार बेलुकादेखि नै आफूलाई चुनावको थकानले हो वा ज्वरो आएर हो ज्यान गलेको महशुस भएको बताएका र शनिबार पनि असहजता व्यक्त गरेकै कारण जाउलो बनाएर आमाले खान दिएको पारिवारिक स्रोतले जनाएको छ।

कार्डियोलोजिस्ट डा. जैसवालका अनुसार स्वर्गीय दाहाल अस्पताल पुग्दा हातगोडा पूरै चिसो भइसकेको पल्स, ब्लडप्रेसर, तापक्रम, स्वासप्रस्वास, आँखा पूर्णरूपमा बन्द भई शून्य अवस्थामा रहेको थियो। दाहालको अवस्था हेर्दा अस्पताल पुऱ्याउनु ३/४ घण्टाअघि नै मृत्यु भइसकेको अनुमान गर्न सकिन्थ्यो। अस्पताल ल्याउने समिर श्रेष्ठसहित २ जना सुरक्षाकर्मी अन्य २ जना सहयोगी र १ जना महिला रहेका थिए। डा. जैसवाल प्रचण्ड परिवारको पारिवारिक चिकित्सकसमेत भएको र प्रकाशको एक वर्षअघि स्वास्थ्य परीक्षण गर्दा कुनै खालको समस्या नदेखिएको र प्रचण्ड र सीतामा भने मधुमेहको समस्या रहेको जैसवालले नेपाल समाचारपत्रसँगको कुराकानीमा बताउनुभयो।

प्रकाशको मृत्युको खबर भाइरलझैं फैलिएलगत्तै नर्भिक अस्पताल बिहानैदेखि नेता, कार्यकर्ता, शुभचिन्तक, सञ्चारकर्मीले खचाखच भरिएको थियो। बिहानैदेखि अस्पतालको सुरक्षा व्यवस्था अत्यन्तै कडा बनाइएको थियो। चुनावी प्रचारका क्रममा झापा पुग्नुभएका प्रचण्ड सेनाको हेलिकोप्टरबाट काठमाडौं फर्किई सिधै श्रीमती सीता दाहाल मूर्च्छा भएको खबरले लाजिम्पाट पुगी सीतालाई सम्हाली उपचारको व्यवस्था मिलाएर मात्र अस्पताल पुग्नुभएको थियो।

सीताको लाजिम्पाटस्थित घरमै नर्भिक अस्पतालका चिकित्सक टोलीको सहयोगमा उपचार भइरहेको छ। उहाँ कहिले मूर्च्छा हुने र कहिले होसमा आउने भइरहेकाले स्लाइन दिएर घरमै उपचार गरिरहेको डा. जैसवालले बताउनुभयो।

उहाँको जेठी छोरीको पनि केही वर्षअघि क्यान्सरका कारण मृत्यु भइसकेको छ। नेता प्रचण्ड र सीताको तीन छोरी र एक छोरा थिए। अस्पतालमा केही समय अन्त्येष्टिका लागि चितवन लाने या पशुपति भन्ने विषयमा नेताका बीच गोप्य छलफलपछि पशुपतिमै गर्ने तय भएको थियो।

### पेरिसडाँडा...

प्रकाशलाई श्रद्धाञ्जली दिन गोरखाको चुनावी अभियान छोडेर पेरिसडाँडा आइपुगेका नयाँ शक्तिका संयोजक डा. बाबुराम भट्टराई र प्रचण्डले अँगालो हालेर रुनुभएको थियो। श्रद्धाञ्जली दिन पेरिसडाँडामा पुग्नुभएका भट्टराई शोकाकूल अवस्थामा देखिनुहुन्थ्यो।

अन्तिम श्रद्धाञ्जलीका लागि पेरिसडाँडामा उपराष्ट्रपति नन्दकिशोर पुन, नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपाल, उपाध्यक्ष वामदेव गौतम, उपप्रधान एवं शिक्षामन्त्री गोपालमान श्रेष्ठ, नयाँ शक्ति नेपालका संयोजक डा. बाबुराम भट्टराई, नेकपा क्रान्तिकारीका अध्यक्ष मोहन वैद्य, माओवादी केन्द्रका नेताहरू रामबहादुर थापा, कृष्णबहादुर महरा, वर्षमान पुनलगायतको सहभागिता रहेको थियो। पेरिसडाँडामा उपस्थित सबैको आँखा रसाएका थिए।

**प्रकाशलाई प्रचण्डले दिए दागबत्ती**

आफ्नै निवास लाजिम्पाटमा अर्धचेत अवस्था फेला परेका प्रकाश दाहाललाई आइतबार बिहान नर्भिक अस्पताल पुऱ्याएलगत्तै अस्पतालले मृत घोषणा गरेको थियो। २०३६ सालमा जन्मिएका प्रकाश २०५७ सालबाट पार्टीको पूर्णकालीन सदस्य हुँदै हाल पार्टीको पोलिटब्युरो सदस्य रहनुभएको थियो।

प्रकाश दाहाल प्रचण्ड र सीता दाहालका एक मात्र छोरा हुनुहुन्थ्यो। जनयुद्धका क्रममा पूर्णकालीन हुँदै राजनीतिमा सक्रिय हुनुभएको थियो। उहाँको खास नाम साकार दाहाल भए पनि उहाँ प्रकाश दाहालकै नामबाट परिचित हुनुहुन्थ्यो। २०५७ सालदेखि पूर्णकालीन हुँदै केन्द्रीय कार्यालयमा पार्टी अध्यक्ष प्रचण्डको सचिवालयमा रहेर काम गर्नुभएको प्रकाशले प्रचण्ड दुईपटक प्रधानमन्त्री हुँदा दुवै कार्यकालमा सचिवालयमा रहेर काम गर्नुभएको थियो।

पार्टीका प्रवक्ता पम्फा भुसालले जनयुद्धको कठिन र संघर्षका दिनहरूमा पनि कहिल्यै विचलित नभई पार्टीको जिम्मेवारीमा रहेर सक्रिय रहँदै आउनुभएका प्रकाशको अल्पायुमा नै भएको निधनले पार्टी र सिंगो आन्दोनललाई ठूलो क्षति पुगेको बताउनुभयो।

भुसालले भन्नुभयो- 'पार्टीले एउटा जुझारु उदीयमान नेता र व्यवस्थापक गुमाएको छ।' प्रकाशको दुई जना श्रीमती सृजना त्रिपाठी, विना मगर र दुई छोरा हुनुहुन्छ। माओवादी केन्द्रले पार्टी अध्यक्ष प्रचण्ड र पार्टीका सल्लाहकार सीता दाहालप्रति समवेदना व्यक्त गर्दै शोकमा सिंगो पार्टी अध्यक्षसँगै पूरै पार्टी पंक्ति शोकाकुल रहेको भन्दै गहिरो समवेदना व्यक्त गरेको छ।

जनयुद्धको समयदेखि नै पार्टीको राजनीतिमा निरन्तर रूपमा क्रियाशील रहँदै आउनुभएका प्रकाशको निधनले प्रचण्डलाई निकै ठूलो क्षति पुगेको छ। प्रचण्डको सचिवालयमा रहेर लामो समय काम गर्दै आउनुभएका प्रकाशले व्यक्तिगत रूपमा केही कमजोरीका बाबजुद पनि प्रचण्ड दुईपटकको प्रधानमन्त्री कार्यकाल सफल बनाउन स्वकीय सचिवको भूमिकामा रहेर प्रभावकारी भूमिका खेल्नुभएको थियो।

प्रकाश दाहाल प्रचण्डको सुरक्षा अंगका रूपमा लामो समय काम गर्नुभएको थियो। पछिल्लो चरणमा प्रकाशले व्यक्तिगत कमीकमजोरीलाई सच्याउँदै प्रचण्डलाई महत्त्वपूर्ण सहयोगीका रूपमा भूमिका निर्वाह गर्दै आउनुभएको थियो। छोरा मात्र नभई महत्त्वपूर्ण सहयोगीको निधनले प्रचण्डलाई अपूरणीय क्षति पुगेको छ। ३ वर्षअघि प्रचण्डले छोरीलाई गुमाउनुभएको थियो। पढ्ने लेख्ने उमेरमा नै प्रकाशले बन्दुक बोकेर बुबालाई साथ दिँदै जनयुद्धमा होमिनुभएको थियो। शान्ति प्रक्रियामा आएपछि निरन्तर कहिले प्रचण्डको ड्राइभर त कहिले स्वकीय सचिवको भूमिकामा क्रियाशील भएर प्रचण्डको कार्यकाल सफल बनाउन भूमिका निर्वाह गर्दै आउनुभएको थियो।

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ब्रिक्स तथा बिमस्टेक शिखर बैठकमा सहभागी हुन २०७३ असोज अन्तिम साता भारतको गोवा जानुभएको थियो। सोही क्रममा सम्मेलनस्थलबाट होटेलतर्फ फर्किन कारगेटको समय पर्खिंदै गर्दा चिनियाँ राष्ट्रपति सी जिनपिङ र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी प्रचण्ड बसेको स्थानमा आइपुगेर भएको ३ नेताको वार्ताको तस्वीर प्रचण्डले सामाजिक सञ्जालमा राख्नुभएको थियो। जुन तस्वीरले निकै चर्चा पाएको थियो। प्रकाशले प्रचण्डले सम्बोधन गर्ने अधिकांश कार्यक्रमको फेसबुक लाइभ गर्नेदेखि सञ्चारमाध्यममा पठाउने गर्दै आउनुभएको थियो। जुन तस्वीर प्रकासले आफ्नो क्यामरामा कैद गर्नुभएको थियो।

प्रकाशले सर्वोच्च शिखर सगरमाथाको आरोहणसमेत गर्नुभएको थियो। हरेकजसो कार्यक्रममा भिड छिचोल्दै प्रकाश नै दायाँबायाँ हुँदै प्रचण्डलाई स्टेजमा पुऱ्याउने काममा भूमिका निर्वाह गर्नुहुन्थ्यो। तर आइतबार प्रचण्ड छोराको पार्थिव शरीर हेर्नका लागि सुरक्षाकर्मीको सहारा लिएर नर्भिक अस्पतालमा पुग्नुभएको थियो।

प्रकाशको पार्थिव शरीरमा बुबा प्रचण्डले हिन्दू परम्पराअनुसार कोट तथा जुत्ता खोलेर पार्थिव शरीरलाई तीनपटक घुमेपछि मात्रै दागबत्ती दिनुभएको थियो। दागबत्ती दिँदै गर्दा प्रचण्डले आफूलाई सम्हाल्न धेरै कोसिस गरे पनि सम्हालिन नसकेर भक्कानिएर रुनुभएको थियो।

**प्रधानमन्त्री देउवा र ओलीद्वारा समवेदना व्यक्त**

नेपाली कांग्रेसका सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवाले नेकपा माओवादी केन्द्रका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' का पुत्र प्रकाश दाहालको निधनप्रति दुःख व्यक्त गर्नुभएको छ। उहाँले एक समवेदना सन्देश दिँदै प्रकाश दाहालको असामयिक निधनप्रति दुःख व्यक्त गर्नुभएको हो। विज्ञप्तिमा भनिएको छ- 'प्रकाश दाहालको दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलगायत सबै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछु।'

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पनि प्रकाश दाहालको निधनप्रति गहिरो दुःख व्यक्त गर्नुभएको छ। उहाँले प्रचण्डका सुपुत्र, नेकपा माओवादी केन्द्रका पोलिटब्युरो सदस्य प्रकाश दाहालको आकस्मिक तथा असामयिक निधनबाट आफ्नो पार्टी स्तब्ध भएको बताउनुभएको छ।



# अर्थ

मुलुकको पछिल्लो आर्थिक अवस्थाप्रति दलहरूलाई सचेत गराउने, जनतासँग विकासका मुद्दामा दलहरूले गरेका प्रतिबद्धताहरू पूरा गराउन ध्यानाकर्षण गराउने र आर्थिक मुद्दालाई प्राथमिकतामा राख्न दबाब दिन उद्देश्य महासंघको छ।

2017, OCT
Monday
20


ज्योति **हिमाल स्टील आजको भाउ**

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| वीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला। तौलमा हुक र चुरा समावेश छ।

RHINO Fe 500D GUARANTEED DUCTILITY

**बिक्री मूल्य रू. प्रति किलोग्राम**

| स्थानहरू | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ७८ | ७५ | ७८ | ७८ |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ७६/४० | ७३/४० | ७६/४० | ७६/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७७ | ७४ | ७७ | ७७ |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ७७ | ७४ | ७७ | ७७ |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगडी | ७८ | ७५ | ७८ | ७८ |
| पोखरा, स्याङजा | ७८ | ७५ | ७८ | ७८ |

नोट: उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ ।

नेपालमा पहिलो पटक, नेपालकै लागि

NS:191 IS:1786

Available at Samakhushi (01-4384786), Swayambhu (9841356008), Satungal (9841687562), Dhumbarai (01-446169) Sanepa ( 01-5525049 / 01-5555259), Bhaktapur (01-6616205), Banepa (9851054994), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467)

नेपालकै एक मात्र
यूरोपियन भि आर एम मेसिनबाट उत्पादित
सर्वोत्तम सिमेन्ट
सर्वोत्तम भविष्य
OPC PSC


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ मंसिर ४ नोभेम्बर २० २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०३।७२ | १०४।३२ |
| युरो १ का रु. | १२२।३४ | १२३।०५ |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३७।०६ | १३७।८५ |
| स्विस फ्रन्क १ का रु. | १०४।९२ | १०५।५३ |
| अस्ट्रलियन डलर १ का रु. | ७८।४८ | ७८।९३ |
| क्यानाडियन डलर १ का रु. | ८१।२८ | ८१।७५ |
| सिङ्गापुर डलर १ का रु. | ७६।५३ | ७६।९७ |
| जापानी यन १० का रु. | ९।२५ | ९।३१ |
| चिनियाँ युआन १ का रु. | १५।६५ | १५।७४ |
| साउदी अरब रियाल १ का रु. | २७।६६ | २७।८२ |
| कतारी रियाल १ का रु. | २८।४८ | २८।६५ |
| थाई भाट १ का रु. | ३।१६ | ३।१८ |
| सं. अरब इमिरट दिराम १ का रु. | २८।२४ | २८।४० |
| मलसियन रिङ्गिट १ का रु. | २४।९२ | २५।०७ |
| दक्षिण कारियन वन १०० का रु. | ९।४८ | ९।५३ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रु. | १२।३१ |
| डनिस क्रानर १ का रु. | १६।४४ |
| हङकङ डलर १ का रु. | १३।२८ |

**नोट**: वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# मूल्यवृद्धि हिमालमा बढी

काठमाडौं, (नेस)

चालू आर्थिक वर्षको तेस्रो महिनामा क्षेत्रगत आधारमा उपभोक्ता मुद्रास्फीति हिमालमा ५ दशमलव १ प्रतिशत, तराईमा ३ दशमलव ६ प्रतिशत, पहाडमा ३ प्रतिशत र काठमाडौं उपत्यकामा २ दशमलव ३ प्रतिशत रहेको नेपाल राष्ट्र बैंकले जनाएको छ।

राष्ट्र बैंकका अनुसार अघिल्लो वर्षको सोही अवधिमा मूल्य वृद्धिदर हिमालमा ६ दशमलव ३ प्रतिशत, तराईमा ६ दशमलव २ प्रतिशत, पहाडमा ८ दशमलव ९ प्रतिशत र काठमाडौं उपत्यकामा ५ दशमलव ७ प्रतिशत रहेको थियो।

समीक्षा अवधिमा गैरखाद्य मुद्रास्फीति ५ दशमलव २ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा गैरखाद्य मुद्रास्फीति ७ दशमलव ६ प्रतिशत रहेको थियो। यस समूहअन्तर्गतको लत्ताकपडा तथा जुत्ता, फर्निसिङ तथा घरायसी उपकरण, हाउजिङ तथा युटिलिटीलगायतका वस्तुको मूल्य वृद्धिदर गत वर्षको तुलनामा कम रहेकोले गैरखाद्य मुद्रास्फीति कम रहन गएको हो।

त्यस्तै गैरखाद्य मुद्रास्फीति ५ दशमलव २ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा गैरखाद्य मुद्रास्फीति ७ दशमलव ६ प्रतिशत रहेको थियो। यस समूहअन्तर्गतको लत्ताकपडा तथा जुत्ता, फर्निसिङ तथा घरायसी उपकरण, हाउजिङ तथा युटिलिटीलगायतका वस्तुको मूल्य वृद्धिदर गत वर्षको तुलनामा कम रहेकोले गैरखाद्य मुद्रास्फीति कम रहन गएको हो।

गत वर्षको असोजमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ६ दशमलव ७ प्रतिशत रहेकोमा यस वर्षको असोजमा ३ दशमलव १ प्रतिशत कायम भएको छ। त्यस्तै गत वर्षको आधारमूल्य उच्च रहेको कारण समग्र उपभोक्ता मुद्रास्फीतिमा कमी आएको हो। खाद्य मुद्रास्फीति समीक्षा अवधिमा खाद्य मुद्रास्फीति शून्य दशमलव ५ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा खाद्य मुद्रास्फीति ५ दशमलव ७ प्रतिशत रहेको थियो।

गत वर्षको तुलनामा यस समूहअन्तर्गतको दलहन तथा गेडागुडीको मूल्यमा २२ दशमलव ९ प्रतिशत, मसलाको मूल्यमा ५ दशमलव ७ प्रतिशत, तरकारीको मूल्यमा ५ दशमलव १ प्रतिशत र फलफूलको मूल्यमा ३ दशमलव ७ प्रतिशतले कमी आएकाले समग्र खाद्य मुद्रास्फीति न्यून रहन गएको हो।

# प्रमुख दललाई आर्थिक बहसमा सहभागी गराइने

काठमाडौं, (नेस)

नेपाल उद्योग वाणिज्य महासंघद्वारा राजनीतिक दलका शीर्षस्थ नेताहरूको सहभागितामा सोमबार 'राष्ट्रिय आर्थिक बहस' कार्यक्रमको आयोजना गर्दै छ। नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल कम्युनिष्ट पार्टी माओवादी (केन्द्र), राष्ट्रिय प्रजातन्त्र पार्टी र संघीय समाजवादी फोरम, नेपालले बहस कार्यक्रममा भाग लिनेछन्।

'राष्ट्रिय आर्थिक बहस' कार्यक्रमको मुख्य थिम 'अबको संकल्प: आर्थिक समृद्धि' रहेको छ। राजनीतिक दलहरूले चुनावी घोषणापत्रमा उल्लेख गरेका आर्थिक एजेन्डालाई निर्वाचनपश्चात् कार्यान्वयनमा लैजान दलबाट प्रतिबद्धता लिने उद्देश्यले आयोजना गरिएको कार्यक्रममा राजनीतिक दलका नेता, सरकारका पदाधिकारी, अर्थविद्, कुटनीतिक नियोगका पदाधिकारी, विकास साझेदारहरू, उद्यमी व्यवसायी र सञ्चारकर्मीको प्रत्यक्ष सहभागिता रहने छ। कार्यक्रमको विभिन्न टेलिभिजनबाट प्रत्यक्ष प्रसारण हुनेछ। राजनीतिक स्थिरता, नीतिगत स्थिरता, आर्थिक अधिकारको सुनिश्चितता, आर्थिक विकासमा साझा प्रतिबद्धता निजी क्षेत्रले दलबाट खोजेको छ।

# सिद्धार्थ शम्शेर चौथौपटक सम्मानित



काठमाडौं, (नेस)

सिप्रदी ग्रुप अफ कम्पनीजका अध्यक्ष सिद्धार्थ शम्शेर जबरा व्यक्तिगत आयकरमध्ये सबैभन्दा बढी कर तिर्ने करदाताको रुपमा लगातार चौंथौपटक सम्मानित हुनुभएको छ। आन्तरिक राजस्व विभागले छैठौं राष्ट्रिय कर दिवसको अवसरमा उहाँलाई यो सम्मान गरेको हो।

उहाँ संलग्न रहेको सिप्रदी ट्रेडिङ प्रालिले पनि व्यापार व्यवसायतर्फ सबैभन्दा बढी कर तिर्ने कम्पनीको रुपमा सम्मानित भएको छ। सिप्रदी ट्रेडिङ प्रालि अटोमोटिभ र अलाइड व्यवसायमा नेपालको ठूलो ब्राण्ड हो। सन् १९८२ देखि टाटा मोटर्सको नेपालमा एक मात्र आधिकारिक बिक्रेता रहेको छ।

# माथिल्लो तामाकोसीको 'ब्रेक थ्रु'

चिरञ्जीवी मास्के, दोलखा

माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको मुख्य सुरुङको आइतबार 'ब्रेक थ्रु' भएको छ। यससँगै सबैभन्दा लामो समय लाग्ने एक्टिभिटीको रुपमा रहेको ८ दशमलव ५ किलोमिटर लामो मुख्य सुरुङको सम्पूर्ण खन्ने कार्य सकिएको आयोजना प्रमुख विज्ञान श्रेष्ठले बताउनुभयो।

मुख्य सुरुङको ब्रेक थ्रुसँगै आयोजनाको काम ९२ प्रतिशत सकिएको आयोजना प्रमुख श्रेष्ठको भनाइ छ। भूकम्पका कारण मुख्य सुरुङ खन्ने कार्य डेढ वर्ष ढिला भएको आयोजनाले जनाएको छ। यसअघि २०७० साउन ३० गते मुख्य सुरुङको बाँधदेखि भैंसे अडिटसम्म ३ किलोमिटर सुरुङ खण्ड खन्ने कार्य सकिएको थियो भने आयोजनाको अत्यन्त कठिन मानिएको दुई वटा ठाडो पेनस्टकको यसअघि नै ब्रेक थ्रु भइसेकेको छ।

आयोजना प्रमुख विज्ञान श्रेष्ठका अनुसार आयोजनाको हेडवर्कसको काम ९० प्रतिशत, भूमिगत विद्युत गृहको सिभिल निर्माण कार्य ९९ प्रतिशत सम्पन्न भएको छ। आयोजनाबाट उत्पादित विद्युत् लैजान २२० केभी प्रसारणलाइनमा निर्माण गरिने १२७ वटा टावरमध्ये ९७ वटा टावरको जडान कार्य सकिएको र करिब ७ दशमलव ५ किलोमिटर तार तान्ने कार्यसमेत सकिएको आयोजनाले जनाएको छ।

४५६ मेगावाट क्षमता रहेको आयोजनाले सुख्खा मौसममा पनि दैनिक ४ घण्टा पूर्ण क्षमतामा विद्युत् उत्पादन गर्ने आयोजनाका प्रवक्ता डा. गणेश न्यौपानेले बताउनुभयो। अबको ९ महिनाभित्र विद्युत् उत्पादन गर्ने लक्ष्य रहेको आयोजनाको दोस्रो चरणमा ६ दशमलव ८ किमी सुरुङ निर्माण गरी रोलवालिङ खोलाको पानीलाई आयोजनाको जलाशयमा पुऱ्याई सुख्खा मौसमको ८ महिना थप करिब १७ करोड युनिट ऊर्जा उत्पादन गर्ने लक्ष्यसमेत लिइएको आयोजना प्रमुख श्रेष्ठले जानकारी दिनुभयो।

मुख्य सुरुङको ब्रेक थ्रुको अवसरमा आइतवार ऊर्जासचिव अनुपकुमार उपाध्याय, विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, आयोजनाका पूर्वप्रमुख मृगेन्द्रबहादुर श्रेष्ठलगायतले आयोजनाको निरीक्षण गरेका थिए।

# लुभुमा औद्योगिकग्राम स्थापना गर्न माग

नेपाल समाचारपत्र

ललितपुर

८० वर्षदेखि सञ्चालित लुभुको कपडा बुन्ने उद्योगलाई व्यवस्थित गर्न औद्यिगिकग्राम स्थापना गर्नुपर्ने माग अघि सारेका छन्।

उद्यमी व्यवसायीले जिल्लाकै पहिलो औद्योगिक गाउँको पहिचान बनाएको लुभुमा उद्योग र त्यसको पूर्वाधार बनाउन सो माग अघि सारेका हुन्। ललितपुर उद्योग वाणिज्य संघ क्षेत्र नं २ नम्बर शाखाको चौथो वार्षिक साधारणसभामा उनीहरूले सो माग अघि सारेका हुन्।

सो अवसरमा शाखाका अध्यक्ष केशव श्रेष्ठले सयौं वर्षदेखि आत्मनिर्भर क्षेत्रको रुपमा पहिचान बोकेको लुभुमा औद्योगिकग्राम घोषणा गर्नसके यहाँका उद्योग प्रवर्द्धन हुने विश्वास व्यक्त गर्नुभयो। अध्यक्ष श्रेष्ठका अनुसार अहिले लुभुबाट सुती कपडा, पश्मिना सल, बुटे सल सक्कली ढाका, उनी सल, मफलर, हाकुपतासी उत्पादन गर्दै आएको छ।

अध्यक्ष श्रेष्ठका अनुसार हाल एक सयका हाराहारीमा कपडा बुन्ने उद्योगअन्तर्गत १५ सयभन्दा बढी कपडा बुन्ने तान सञ्चालनमा रहेका छन्। त्यहाँबाट उत्पादित कपडा अमेरिका, फ्रान्समा समेत निर्यात हुँदै आएको छ।




'हाल रहेका अधिकांश उद्योग आफ्नो घरसँगैका टहरामा बनाइएका छन्। त्यस्ता उद्योग अव्यवस्थित र छरिएका छन्। उद्योगबाट ध्वनी प्रदुषण हुने भएकाले छरछिमेकी असन्तुष्टि व्यक्त गर्छन्।' अध्यक्ष श्रेष्ठले भन्नुभयो-'ती उद्योगलाई स्थानान्तर गरी एकीकृत गर्न, आधुनिक प्रविधिको प्रयोगलाई जोड दिन, वैकल्पिक ऊर्जाको सहज व्यवस्था, उचित पूर्वाधार बनाउन औद्योगिक ग्राम बनाउनु टड्कारो भइसकेको छ।'

सो अवसरमा महालक्ष्मी नगरपालिकाका प्रमुख रामेश्वर श्रेष्ठले संविधानले स्वायत र अधिकार सम्पन्न स्थानीय तह भने पनि व्यवहारमा अत्यन्त केन्द्रिकृत, ऐन कानुन बाँझिएकाले नगरपालिकाले जनताको अपेक्षाअनुसार काम गर्न नसकेको बताउनुभयो। ललितपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णलाल महर्जनले औद्योगिकग्राम बनाउन संघले पनि विशेष पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

### अध्यक्षमा फेरि श्रेष्ठ

सोही सभाले केशव श्रेष्ठलाई पुन: अध्यक्षमा चयन गरेको छ। समितिको निर्वतमान अध्यक्ष बालकृष्ण श्रेष्ठ, उपाध्यक्षमा जुजुकाजी महर्जन, सचिवमा राजेन्द्र श्रेष्ठ, कोषाध्यक्षमा नवीनदेव महर्जन रहनुभएको छ। त्यसैगरी कार्यसमिति सदस्यमा सन्तराम महर्जन, हरिकुमार श्रेष्ठ, अञ्जुनाथ श्रेष्ठ, आशामान महर्जन, श्याम मोहन श्रेष्ठ, रवि श्रेष्ठ, रामशरण सुवाल र रक्षेश्वर श्रेष्ठ हुनुहुन्छ।


**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) बमोजिमको विवरण देहाय बमोजिम रहेको छ।**
**विवरण सर्वजनिक गरेको अवधि २०७४।०४।०१ देखि २०७४।०६।३१ सम्म**

१. *निकायको स्वरुप र प्रकृति :* सिन्धु विकास बैंक लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०६३ बमोजिम संचालित ३ जिल्ला कार्य क्षेत्र भएको "ख" वर्गको विकास बैंक हो।
२. *निकायको काम, कर्तव्य र अधिकार :* यस विकास बैंकको काम, कर्तव्य र अधिकार, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ ले तोके बमोजिमका रहेका छन्।
३. *निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण:* यस विकास बैंकमा हाल कार्यरत कर्मचारी संख्या ९७ रहेको छ र निज कर्मचारीहरुको विवरण समय समयमा बैंकले तोके बमोजिम हुनेछ।
४. *निकायबाट प्रदान गरिने सेवा :* यस विकास बैंकले प्रदान गर्ने सेवाहरुमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम "ख" वर्गको विकास बैंकले प्रदान गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरु रहेका छन्।
५. *सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी :* यस विकास बैंकका शाखा कार्यालयहरु र सो शाखा कार्यालयका जिम्मेवार अधिकारीहरुको विवरण बैंकको आधिकारीक वेबसाईट www.sindhubank.com.np मा उपलब्ध छ।
६. *सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधी :* यस विकास बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस बैंकले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ र सोको जानकारी बैंकको आधिकारीक वेबसाईटमा उपलब्ध छ।
७. *निर्णय गर्ने प्रकृया र अधिकारी :* यस विकास बैंकको बैंकिङ्ग कारोबारका सम्बन्धमा विभिन्न तहका अधिकारीहरुले विभिन्न प्रकारका निर्णय गर्न सक्ने विकेन्द्रिकृत अख्तियारीको व्यवस्था मिलाइएको छ। दैनिक कार्य संचालनका लागि प्रमुख कार्यकारी अधिकृत तथा नीतिगत निर्णयहरुका लागि बैंकको संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेका छन्।
८. *निर्णय उपर उजुरी सुन्ने अधिकारी :* यस विकास बैंकमा प्राप्त गुनासा, उजुरी तथा सुझावहरु उपर गम्भीरता पूर्वक मनन् गरी उक्त उजुरी एंव सुझावहरु समाधान तथा कार्यान्वयन गर्ने गरीएको छ। केन्द्रिकृत रुपमा प्रमुख कार्यकारी अधिकृत उजुरी सुन्ने अधिकारीको रुपमा रहनु हुने छ।
९. *सम्पादन गरेको कामको विवरण:* यस विकास बैंकले, बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३ बमोजिम ख वर्ग अन्तर्गतका विकास बैंकले सम्पादन गर्न सक्ने र गरेको सम्पूर्ण बैंकिङ्ग कार्य सँग सम्बन्धी विवरणहरु त्रैमासिक रुपमा राष्ट्रिय स्तरको पत्रिकामा नियमित रुपमा प्रकाशित गर्ने गरिएको छ। साथै बैंकको वेवसाईटमा पनि सूचनाहरु राखिएको छ।
१०. *सूचना अधिकारी र प्रमुखको नाम र पद:*
सूचना अधिकारीको नाम : श्री रबिन कुँवर क्षेत्री - सहायक प्रबन्धक
प्रमुखको नाम : श्री प्रमोद न्यौपाने , निमित्त प्रमुख कार्यकारी अधिकृत ।
११. *ऐन, नियम, विनियम वा निर्देशिकाको सूची:* नेपाल राष्ट्र बैंकले निर्दिष्ट गरेका विनियमहरु तयार गरी राखिएको छ।
१२. *आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धि अघावधिक विवरण :* यस विकास बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धि अघावधिक विवरणको वेवसाईटको Financial Report खण्डमा उपलब्ध छ।
१३. *तोकिएको बमोजिको अन्य विवरण :*
१४. *अघिल्लो आ.ब.मा निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण :* बार्षिक साधारण सभा, कर्मचारीहरुको तालिम, सेमिनार तथा गोष्ठी आदी।
१५. *निकायको वेवसाईट भए सो को विवरण :* www.sindhubank.com.np
१६. *निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धि विवरण :* नभएको
१७. *निकायले संतालन गरेको कार्यक्रम र सो को प्रगती विवरण :* वार्षिक प्रतिवेदन, प्रकाशन गरिएका त्रैमासिक आर्थिक विवरणहरु बैंकको वेवसाईटमा समेत रादिएको छ।
१८. *निकायमा परेको सूचना माग सम्बन्धि निवेदन र सो उपर सूचना दिएको विवरण :* नभएको।
१९. *निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भए सो को विवरण :* प्रत्येक ३ महिनाका प्रकाशित हुने त्रैमासिक आर्थिक विवरणहरु, धितोपत्र दर्ता तथा निष्काशन नियमाबली, २०६५ बमोजिमका विवरणहरु।

Sindhu Bikash Bank Ltd.
सिन्धु विकास बैंक लि.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त संस्था)
प्रधान कार्यालय: बाह्रबिसे-८, सिन्धुपाल्चोक
कर्पोरेट कार्यालय: बनेपा, काभ्रे, फोन: ०११-६६२३४०/४१
E-mail: info@sindhubank.com.np, Website: http://www.sindhubank.com.np


## SHARE MARKET

**19 NOVEMBER SUNDAY, 2017**

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 13373.00 | 422.00 | 412.00 | 420.00 | 0.00 |
| 2 | Api Power Company Ltd. | 403.00 | 491.00 | 482.00 | 487.00 | -12.00 |
| 3 | Arun Finance Limited | 500.00 | 151.00 | 147.00 | 151.00 | 1.00 |
| 4 | Arun Kabeli Power Ltd. | 45210.00 | 340.00 | 326.00 | 335.00 | 3.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 4581.00 | 207.00 | 203.00 | 204.00 | -3.00 |
| 6 | Asian Life Insurance Co. Limited | 3164.00 | 1420.00 | 1380.00 | 1393.00 | -27.00 |
| 7 | Bank of Kathmandu Ltd. | 17641.00 | 407.00 | 401.00 | 402.00 | -2.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 1567.00 | 202.00 | 196.00 | 201.00 | 1.00 |
| 9 | Best Finance Company Ltd. | 700.00 | 136.00 | 135.00 | 135.00 | -1.00 |
| 10 | Bhargav Bikash Bank Ltd. | 2452.00 | 180.00 | 175.00 | 175.00 | -2.00 |
| 11 | Butwal Power Company Limited | 2809.00 | 631.00 | 609.00 | 615.00 | -4.00 |
| 12 | Central Finance Co. Ltd. | 6191.00 | 190.00 | 186.00 | 189.00 | -3.00 |
| 13 | Century Commercial Bank Ltd. | 27172.00 | 218.00 | 214.00 | 216.00 | 0.00 |
| 14 | Chhimek Laghubitta Bikas Bank Limited | 1670.00 | 1110.00 | 1066.00 | 1110.00 | -2.00 |
| 15 | Chhyangdi Hydropower Ltd. | 1655.00 | 175.00 | 172.00 | 175.00 | -3.00 |
| 16 | Chilime Hydropower Company Limited | 9786.00 | 889.00 | 833.00 | 835.00 | -4.00 |
| 17 | Citizen Bank International Limited | 9326.00 | 293.00 | 290.00 | 291.00 | -2.00 |
| 18 | Citizen Investment Trust | 290.00 | 3537.00 | 3535.00 | 3535.00 | -17.00 |
| 19 | Civil Bank Ltd | 65984.00 | 235.00 | 226.00 | 227.00 | -7.00 |
| 20 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 20.00 | 1045.00 | 1045.00 | 1045.00 | 20.00 |
| 21 | Deprosc Development Bank Limited | 1220.00 | 1130.00 | 1115.00 | 1122.00 | -22.00 |
